ठूला टिमविरुद्ध फेरिने नेपालको आशा । ८



ब्राजिलको शतप्रतिशत जित । ८



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित
वर्ष २९ अंक १०८ | २३ जेठ २०७८ आइतबार ज्येष्ठ कृष्णपक्ष एकादशी | नेपाल संवत् ११४१ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, June 6, 2021 | पृष्ठ ८ | १० रुपैयाँ

# ढुंगागिट्टी मासिँदै, पानी भासिँदै

- प्राकृतिक स्रोतमाथि दोहन बढ्दा ट्युबवेल र इनार सुके
- भूमिगत स्रोत नभेटिएपछि खानेपानीकै अभाव
- बोरिङबाट समेत पानी नआएपछि सिँचाइ ठप्प

**अजित तिवारी, श्यामसुन्दर शशि** (जनकपुर), **भरत जर्घामगर** (सिरहा), **ओमप्रकाश ठाकुर** (सर्लाही), **सन्जु पौडेल** (रूपन्देही), **मनोज पौडेल** (कपिलवस्तु), **नवीन पौडेल** (परासी) र **कमल पन्थी** (बर्दिया)

खानेपानीका लागि तराईमा सजिलो साधन हो चापाकल (ट्युबवेल)। ठाउँ छनोट गर्‍यो, मिस्त्री बोलायो। पाइप ल्याएपछि जडानको काम झन्झटिलो छैन। त्यसैले तराईका जिल्लामा धाराको साटो ट्युबवेल देखिन्छ। दशक पनि भएको छैन, जनकपुरमा ७५-८० फिटमै पाइप गाड्दा ट्युबवेलमा पर्याप्त पानी आउँथ्यो। पोखरी नै पोखरीको यो सहरमा खानेपानीको चरम अभाव होला भन्ने कसैले सोचेका पनि थिएनन्। यहाँको संस्कार नै छ, पाहुना आए चापाकलबाट खिचेर एक लोटा चिसो पानी खुवाउने।

खानेपानीको मामिलामा अब भने जनकपुर 'कन्जुस' हुन थालेको छ। घरघरमा खानेपानीको धारा राख्न थालिएका छन्, जारको पानी प्रयोग बढेको छ। धारामा पानी नआएका दिन र जारवालाले पानी नपुर्‍याए जनकपुरवासी हैरान हुन्छन्। यो सहर चुरे क्षेत्रभन्दा करिब ३० किलोमिटर दक्षिणमा छ। चुरे दोहन जतिजति बढ्यो, जनकपुरमा खानेपानीको जमिनमुनिको सतह अझ तल गयो। 'हिजोआज ठाउँ हेरेर चार सय फिट मुनिसम्म पाइप गाड्दा पनि चापाकलमा पानी आउँछ भन्ने ग्यारेन्टी रहेन,' जनकपुर-९ का विमलेश सिंहले भने, 'पाइप गाडेर मात्र हुन्न, मोटर लगाएर नतानेसम्म चापाकल पेलेर पानी आउँदैन।' चार सय फिटभन्दा गहिरो पाइप गाडेर चापाकल जडान गर्न डेढदेखि दुई लाख रुपैयाँ खर्च पर्छ। पानीको मुहान मुनिमुनि झर्दै गएपछि जनकपुरधाम उपमहानगरपालिकाले गत वर्षदेखि सार्वजनिक स्थलमा चापाकल गाड्ने अभियान नै थालेको छ। यस क्रममा जनकपुर-१० मा गत वर्ष मात्रै ११ सार्वजनिक स्थानमा चापाकल गाडिएको वडाध्यक्ष मिथिलेश कर्णले बताए।

भूमिगत स्रोतबाट खानेपानीको समस्या बढेपछि नेपाल खानेपानी संस्थानले दुई वटा ओभरहेड ट्यांकीमार्फत दिनको



**धनुषाको ढल्केबरनजिक बटेश्वर-४ मा बस्तीबीच सुकेको इनार। चुरे क्षेत्रबाट ५ किमि दूरीको यो बस्तीमा चार वर्षयता सबैजसो इनारका पानीको सतह निकै घटेको छ। स्थानीयका अनुसार चुरेमा जथाभावी रूख कटान र ढुंगागिट्टी, बालुवा झिक्ने क्रम बढेसँगै गाउँनजिकका औरही र बिगही खोला सुकेका छन्। सँगै बस्तीका इनारमा पानीको सतह पनि घटेको हो।** *तस्बिर : श्यामसुन्दर शशि/कान्तिपुर*

तीन पटक जनकपुरमा पानी आपूर्ति गरिरहेको छ। संस्थानका जनकपुर प्रमुख श्रीश राजभण्डारीका अनुसार खानेपानीको माग जनकपुरमा उच्च छ। जानकी चोक र रामानन्द चोकमा संस्थानको नौ लाख लिटर क्षमताको दुई वटा ओभरहेड ट्यांकी छन्। 'हाम्रो सर्भिस एरिया थोरै भए पनि खानेपानीको माग उच्च छ,' उनले भने, 'बिहान, दिउँसो र साँझ गरी तीन टाइम पानी सप्लाई गरिरहेका छौं।'

चुरेमा दोहन र माथिल्लो क्षेत्रमा बस्ती विस्तार भएसँगै जनकपुरमा भूमिगत पानीको सतह मुनिमुनि गएको प्राविधिकहरू बताउँछन्। एक दशकयता धनुषामा सतहमुनिको सञ्चित जलभण्डार १० देखि ५० मिटर तल झरेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय जनकपुरको तथ्यांकले देखाउँछ। उत्तरी धनुषाको जमुनीवासमा सात वर्षभित्र पानीको सतह ५० मिटर तल झरेको छ। 'सतहमुनिको जलभण्डार उकास्न चुरे संरक्षणलाई नै प्राथमिकता दिनुपर्छ, यसको विकल्प छैन,' सिँचाइविज्ञ इन्जिनियर रत्नेश्वरलाल कर्ण भन्छन्। चुरेको वन क्षेत्र कटान रोक्नुपर्ने, वृक्षरोपण गर्नुपर्ने, नदीमा बाँध बाँधेर पानी संरक्षणका काम गर्नुका साथै जथाभावी ढुंगागिट्टी र बालुवा झिक्ने काम बन्द गरिनुपर्ने उनको सुझाव छ।

प्रदेश २ का आठवटै जिल्ला चुरेको तल्लो भेगमा पर्छ। चुरेमा भइरहेको अतिक्रमणको मूल्य तराईका बासिन्दाले चुकाउनु परिरहेको छ। आँगनमा पाइप गाड्दा सजिलै पानी पाइने गाउँहरूमा परम्परागत इनार त सुकेकै छन्, चापाकलमा पनि पानी सजिलै आउन छाडेको छ। खानेपानीको समस्या चुरेको फेदकै बस्ती र टाढाको भित्री मधेसमा पनि बढ्दो छ। स्यालो ट्युबवेल र इनारबाट मनग्यै पानी आउने धनुषाको उत्तरपूर्वी बस्ती रातमाटे, तिनतले, वीरेन्द्रबजारलगायत चुरे किनारको बस्तीमा पनि ३ देखि ४ सय फिट गहिरो बोरिङ खन्दा बल्ल पानी आउँछ। चुरे पर्वत शृंखलाको फेदमा पूर्व-पश्चिम राजमार्गभन्दा उत्तरको बस्ती बटेश्वर, ढल्केबर, जमुनीवास, वेंगाडावर, तुलसी, लालगढ, भरतपुरलगायतमा खानेपानीको अभाव चुलिएको छ। १ सय ५० देखि २ सय फिटमा अटोमेटिक बोरिङ (पानी आफैं निस्कने) हुने तथा ५० देखि ६० फिटमुनिबाट सजिलै पानी निस्किने धनुषाको ललिया, हंसपुर, बघचौडा, निकाल, कुम्हराटोललगायत गाउँमा पनि गर्मीको मौसममा चापाकलबाट पानी झर्दैन। त्यहाँ पनि चापाकलको पानीका लागि २ सय ५० देखि ४ सय फिट गहिराइमा पाइप जडान नगरी नहुने भइसकेको छ। 'पहिले ५० हात (करिब ७५-८० फिट) गहिरो इनार खनेपछि मनग्यै पानी आउँथ्यो। अहिले ३ देखि ४ सय फिट तलबाट मात्र पानी आउँछ,' धनुषा गणेशमान-चारनाथ नगरपालिकाका सूर्यकुमार यादवले भने। **बाँकी पृष्ठ २**

## भित्र

मन्त्री भएलगत्तै महतोले किन उठाए 'बहुल राष्ट्र राज्य' को माग ?



जतातत्तै सुरुङमार्गको अध्ययन, आउँदो वर्ष मात्र ३ वटाको निर्माण थालिने



बन्द व्यापारका जानकारलाई परराष्ट्र मन्त्रालयको जिम्मेवारी

डीडीसीमा लापरबाही, सरोकारवाला नै लुकाउँछन् कर्मचारीको कमजोरी

कोरोनाले ६८ को मृत्यु, थपिए ५०४२ संक्रमित

राफसाप कोष सञ्चालनमा ल्याउन निर्देशन

उपप्रधान एवं अर्थमन्त्री पौडेल भन्छन्-



'के चिढ्याउने बजेट ल्याउनुपर्थ्यो ?'

अन्तर्वार्ता । पृष्ठ ५

# महामारीमा ठगीधन्दा

अक्सिमिटर, रेम्डेसिभिरजस्ता सामग्रीको माग अत्यधिक भएको मौका पारेर कतिपयले नक्कली सामान उपभोक्तालाई महँगोमा बेचिरहेका छन् भने कोहीले सेनिटाइजरमा मानव स्वास्थ्यलाई हानि गर्ने रसायन मिसाएको पाइएको छ

**मकर श्रेष्ठ** (काठमाडौं)

ललितपुरको इमाडोल शीतलहाइटमा बस्ने आशिष प्याकुरेलले औषधि व्यवस्था विभागको अनुमतिबिना '७५ प्रतिशत' नामक ह्यान्ड सेनिटाइजर उत्पादन गरिरहेका थिए। उनको उद्योगमा न अल्कोहल नाप्ने प्रयोगशाला थियो न कुनै प्राविधिक। प्रहरीले जेठ ९ गते छापा मारेर ७५ प्रतिशत सेनिटाइजरको नमुना परीक्षण गराउँदा मानव स्वास्थ्यलाई असर गर्ने मिथानोल २४ प्रतिशत पाइयो। प्रहरीले प्याकुरेलविरुद्ध अहिले कालोबजारी तथा केही अन्य सामाजिक अपराध ऐनअन्तर्गत अनुसन्धान गरिरहेको छ।

●●●

अक्सिमिटरसम्बन्धी एउटा भिडियो सामाजिक सञ्जालमा भाइरल छ। जुन भिडियोमा रहेको अक्सिमिटरमा बिस्कुट राख्दा पनि अक्सिजन लेबल देखिन्छ। आपूर्तिकर्ताबाट तीन सय ८० रुपैयाँमा त्यस्ता गुणस्तरहीन अक्सिमिटर किनेर बजारमा २ हजार ५ सय रुपैयाँसम्ममा बिक्री गरेको प्रहरीले पत्ता लगायो। यस्ता अक्सिमिटर चीनबाट लुकाइछिपाइ भित्र्याउने गरेको खुलेको छ। यसमा संलग्नलाई प्रहरीले कारबाही अघि बढाएको छ।

●●●

कोरोना महामारीको मौका पारेर रोकथाम र उपचारका सामानमा उपभोक्तालाई ठगी र कालोबजारी गरिएका केही उदाहरण मात्र हुन् यी। प्रहरीको महानगरीय अपराध महाशाखा र औषधि अनुसन्धान विभागका अनुसार बजारमा अधिक माग भएका सेनिटाइजर, अक्सिमिटर, रेम्डेसिभिर जस्ता सामग्रीमा ठगीधन्दा देखिएको छ। कतिपयले नक्कली सामान उपभोक्तालाई महँगो मूल्यमा बेचिरहेका छन् भने कोहीले मानव स्वास्थ्यलाई हानि हुने गरी मिसावट गरेर सामान उत्पादन गरिरहेका छन्। कोरोना संक्रमितको उपचारमा प्रयोग हुने रेम्डेसिभिरको अभाव भएका बेला एक भाइल ३० हजार रुपैयाँसम्ममा बिक्री गरेको पाइएको थियो। जबकि त्यसको मूल्य बढीमा ५ हजार रुपैयाँसम्म पर्थ्यो। यस्तै, काठमाडौं सिनामंगलको सुरिया हेल्थले नौ हजार रुपैयाँसम्म लिएर पीसीआरको नेगेटिभ रिपोर्ट दिने गरेको पाइएको थियो।

प्रहरीको महानगरीय अपराध महाशाखाका प्रहरी वरिष्ठ उपरीक्षक चन्द्रकुवेर खापुङका अनुसार सुनसरी रामधुनी नगरपालिका-१ स्थायी घर भएका प्याकुरेलले धाराबाट आउने पानीमा रसायन मिसाएर '७५ प्रतिशत' ह्यान्ड सेनिटाइजर बजार पठाउने गरेका थिए। पाल्पाको





मन्त्री फेरिएको फेरियै, बुझाउँदैमा स्वास्थ्यका पदाधिकारीलाई हैरानी

पृष्ठ २

तानसेन नगरपालिका-१ घर भएका दुर्गा भट्टराईले पनि 'विक लो वे विन्स' ह्यान्ड सेनिटाइजर ७० प्रतिशत लेखिएको चिनियाँ ब्रान्डको लोगो प्रयोग गरी बेच्ने गरेका थिए। प्रहरीले उनको गोदामबाट ३ हजार लिटर सेनिटाइजरसमेत बरामद गरेको छ। उनको उद्योग पनि औषधि व्यवस्था विभागमा दर्ता छैन। यस्तै नवामी ब्रान्डको नक्कली सेनिटाइजर पनि बजारमा पाइएको छ।

सेनिटाइजरमा प्रयोग गरिएको मिथानोल फर्निचरमा लगाइने रङ घोल्न, नङ सफा गर्न, ल्याबमा मानिसको शरीरबाट रगत निकालेपछि सेतो रक्त कोषिकालाई रंग्याउने रङ घोल्न प्रयोग गरिने राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका सूचना अधिकारी राजेशकुमार गुप्ताले बताए। 'शरीरभित्र पर्‍यो भने त यसले विषाक्त पदार्थ उत्पादन गर्छ। त्यसैले यसलाई शरीरमा प्रयोग गर्न मिल्दैन,' उनले भने। विश्व स्वास्थ्य संगठनले गुणस्तरीय सेनिटाइजरमा अल्कोहल, हाइड्रोजन र ग्लिसेरोलको मात्रा कति हुने भनेर निर्धारण गरेको छ।

धुलिखेल अस्पतालका छाला रोग विशेषज्ञ डा. धर्मेन्द्र कर्णले सेनिटाइजरमा प्रयोग गरिएको मिथानोलले शरीरभित्र प्रवेश गरेपछि 'सिस्टम' नै काम नलाग्ने बनाएर मानिसको ज्यानसमेत जान सक्ने बताए। 'सेनिटाइजरमा प्रयोग हुने इथानोल, आइसोप्रोपाइल लगायतका अल्कोहलले असर गर्दैनन् तर मिथानोलले मान्छेको ज्यानै लिन सक्छ,' उनले भने, 'आँखा, मुख र छालाबाट भित्र गयो भने यसले केन्द्रीय स्नायु प्रणाली बन्द गर्न खोज्छ। आँखा सधैंका लागि बन्द गर्न सक्छ। कलेजोलाई पनि असर गर्छ।' कमसल सामानलाई असल भनी झुक्याई बेचेको र औषधिमा मिसावट गरी बिक्री वितरण गरेको कसुरमा कालोबजारी ऐनअन्तर्गत बढीमा ५ वर्षसम्म कैद हुन सक्छ।

घरमै आइसोलेसनमा बसेका संक्रमितलाई चिकित्सकले बारम्बार अक्सिजन लेभल नाप्न सल्लाह दिने गरेका छन्। मानिसको रगतमा अक्सिजनको मात्रा पत्ता लगाउने अक्सिमिटरको माग महामारीका बेला ह्वात्तै बढ्यो। त्यही मौकामा अक्सिमिटरको कालोबजारी भएको पत्ता लागेको छ। प्रहरी वरिष्ठ उपरीक्षक खापुङका अनुसार यस्ता अक्सिमिटर महाराजगन्जस्थित आहा मास्कमा काम गर्ने विशाल आचार्यले डी एन्ड डी इन्टरप्राइजेज न्युरोडमार्फत चीनबाट मास्कको तुना ल्याउँदा त्यसकै बाकसभित्र लुकाएर ल्याउने गरेको पाइएको छ। **बाँकी पृष्ठ २**



# ढुंगागिट्टी मासिँदै...

'केही वर्षअघिसम्म चुरे फेदका बस्ती तीनतले र रातमाटेबाट निस्किने चारनाथ नदीमा पानी पर्याप्त हुन्थ्यो । अचेल पानीको बहाव नै छैन,' उनले भने ।

धनुषाकै बटेश्वर गाउँपालिका-४ मा जडान गरिएका झन्डै २ सय चापाकल र इनारमध्ये अधिकांशबाट पानी आउँदैन । स्थानीयका अनुसार गाउँनजिकबाट बग्ने औरही र बिगही खोला सुक्खा भएपछि गाउँका चापाकल र इनार सुकेको हो । बटेश्वरको शान्तिपुरका ६२ वर्षीय बेचन कापरले भने, 'अचेल न खोलामा पानी छ न चापाकलमा आउँछ ।'

चुरे दोहनको प्रभाव सिरहाका अधिकांश गाउँमा पनि उस्तै छ । खानेपानी सहज छैन । चुरे वन क्षेत्रभित्रैका मूल र खोलाहरू सुकेका छन् । सिरहाको उत्तरवर्ती लहान-१६ आरिदमार, बरदमार क्षेत्रमा अहिले पानीको हाहाकार छ । 'खोल्सीमा कुवा खनेर त्यसको पानी खानुपरेको छ,' आरिदमारका गोपाल थापामगरले भने । चुरे फेदीको बडहरामालदेखि सप्तरीको फत्तेपुरसम्मको सयौं इनार र टचुबवेल सुकेका छन् भने राजमार्ग दक्षिणका गाउँहरूमा पनि पानी सहजै पाइँदैन ।

चुरे र समथर भूभागमा पानीको पुनर्भरण नहुँदा तराईमा मुहान सुक्दै गएको प्राविधिभन्दा बढी किसानले नै प्रस्ट भन्न सक्छन् । 'चुरेमा जतिजति अतिक्रमण बढ्यो, तल्लो क्षेत्रमा बिस्तारै पानीको समस्या भएको हो,' गोलबजार-१० चन्द्रोदयपुरका शुक्रबहादुर मगर भन्छन्, 'वर्षामा खोला बौलाउँछन्, सुक्खायाममा चापाकलमा पानी आउँदैन ।' घुर्मी खोला बस्तीतर्फ हान्निदा चन्द्रोदयपुर टोलका ७० घरधुरी जोखिममा रहेको उनले बताए । यो खोलामा हिउँदमा पानी हुँदैन, वर्षामा खेतबारी कटान गर्छ ।

स्थानीय पदमबहादुर सुनुवारले भने, 'स्थानीय सरकार आएपछि हाम्रो पीडामा मलम लगाइदिन्छ भनेको त उल्टो पो भयो ।' स्थानीय सरकार आएपछि प्राकृतिक स्रोतको दोहन झन् बढ्नुको असर नजानिँदो पाराले बढेको उनको भनाइ छ । 'डेढ/दुई सय फिट पाइप गाड्दा आउने खानेपानी लिन अब चार सय फिट पाइप गाड्नुपर्छ,' उनले भने । खानेपानी संकटको यस्तै अवस्था धनगढीमाई-८ महुलिया बस्तीमा पनि छ ।

'गाउँको इनारमा पानी नै सुक्यो, छिमेकी कसहाबाट मोटर जोडेर पानी ल्याएका छौं,' महुलियाका अवधेशकुमार यादवले भने ।

बरदमार, गोविन्दपुरलगायत उत्तरवर्ती क्षेत्रका तीन दर्जन गाउँ खानेपानीका लागि संकटग्रस्त क्षेत्र हुन् । 'पिउने पानी नै नभएपछि कसरी बाँच्नु ?' महुलियाकी शर्मिला यादवले भनिन्, 'पानीको साह्रै दुःख भोग्नुपरेको छ ।' पानीको संकट टार्न धनगढीमाई नगरपालिकाको १३ नम्बर वडा कार्यालयले बस्तीका ठाउँठाउँमा बोरिङ गरेर व्यवस्थापन सुरु गरेको छ । अधिकांश स्थानीय तहले खानेपानी संकट रहेको क्षेत्रमा बोरिङ गरेर भूमिगत पानी वितरण सहज बनाउने योजनामा काम गर्न थाले पनि भूमिगत सतह तलतल सर्दै गएपछि थोरै बजेटले काम हुने अवस्था छैन ।

लहानस्थित जिल्ला भू-संरक्षण कार्यालयका अनुसार चुरे दोहनले १० वर्षयता सिरहाका खोलानालाहरूमा प्रतिवर्ष १५ सेन्टिमिटरका दरले सतह वृद्धि भइरहेको छ । यसले गर्दा वर्षायाममा जिल्लाका दक्षिणी गाउँहरू बाढी र वर्षाका कारण जमिन कटान र डुबानको चपेटा पर्छन्, हिउँदमा खानेपानीको हाहाकार हुन्छ ।

सर्लाहीमा राजमार्ग उत्तर चुरे क्षेत्रमा देखिएको संकट दक्षिणतर्फ सर्न थालेको छ । दक्षिणी क्षेत्रका बासिन्दाले खानेपानीको संकट व्यहोर्न थालेका छन् । माओवादीको सशस्त्र द्वन्द्व र २०६२/६३ को राजनीतिक परिवर्तनका क्रममा सर्लाहीको चुरेमा रहेको वन विनाशको क्रम बढ्यो । त्यसपछि राजनीतिक अस्थिरताका कारण चुरेमा उत्खननले तीव्रता पायो । सरकारले यस पटक बजेटबाट नै ढुंगागिट्टीको निकासी खुला गरेर चुरे दोहनलाई वैधानिकताको बाटो खोलिदिए पनि उत्खनन रोकिएकै थिएन ।

स्थानीय तह गठनपछि यस क्षेत्रको पालिकाहरूको ध्यान नागरिकलाई पानी पुऱ्याउनु नै रह्यो । अधिकांश स्थानमा पालिकाले डिप बोरिङसहितको खानेपानी ट्यांकी स्थापना गरेको छ । यसले केही हदसम्म पानीको संकट कम भएको छ तर घट्दै गएको भूमिगत स्रोतले कहिलेसम्म धान्छ भन्नेमा प्राविधिक शंका गर्छन् ।

'चापाकल गाड्दा मैले ३० फिटको पाइप राखेको थिएँ । केही दिनअघि त्यो कल सुक्यो,' लघुवाका उमेश साहले भने, 'मिस्त्रीले सतह तल गएर पानी नआएको भन्यो । पछि मैले दुई सय फिटको पाइप गाड्न लगाएँ, त्यसमा पनि दिनमा दुई/चार पटक पानी सुक्छ ।'

राजनीतिक अस्थिरतामा मौलाएको चुरे दोहन अहिले पनि नरोकिएको नागरिक अगुवा रजनीकान्त झाले बताए । 'जमिनमा पानीको पुनर्भरणको वैज्ञानिक कुरा सर्वसाधारणलाई थाहा हुँदैन । सरकारले यसको व्यवस्थापन गर्नुको साटो ढुंगागिट्टी बालुवाको निकासी खोलिदिँदा संकट झन् चुलिने चिन्ता बढेको छ,' उनले भने, 'पहिले जिविसले ढुंगागिट्टी, बालुवा ठेक्का लगाउँथ्यो । अहिले स्थानीय तहले यसलाई राजस्वको प्रमुख स्रोत मानेको छ । यसबाट बढ्ने संकटका विषयमा बुझ्नेकाहरू नै चुप लाग्दा संकट अझ बढ्ने देखियो ।'

•••

लुम्बिनी प्रदेशका तराईका जिल्लाहरूको स्थिति पनि उस्तै छ । बाली लगाउने बेला कुलो सफा गर्न गाउँबस्ती जुटेर खोला र मूलको पानी ल्याउने चलन परम्परादेखिकै हो । रूपन्देहीको तिलोत्तमा-२ का ६८ वर्षीय रेश्मीराज पाण्डे २०२६ सालदेखि सिँचाइका लागि कुलोमा निर्भर छन् । २०२३ सालदेखि यी कुलाई मुखिया अहिले चिन्तित छन् । कुलोमा पानी बग्न छाडेपछि सुक्खाले सताउन थालेको छ । कुलोमा पानी बग्न वर्षा लाग्नुपर्ने उनले बताए ।

'मूल सुके, अब त आकाशे पानीको मात्रै भर छ,' उनले भने । नजिकै चुरे क्षेत्रमा रूखबिरुवा मासिँदै जाँदा पानीका मूल सुक्दै गएका हुन् । 'चुरे भत्काएर सडक बनाउन थालेपछि भएका मूल पुरिएर सुके,' उनले भने, 'छहरा, खोला सुकेर विनाश हुन थाल्यो ।' धेरै वर्ष आफ्नो परिवारले कुवाको पानी खाएर गुजारेको उनले सुनाए । अहिले डेढ सय फुट पाइप धसाउँदासमेत जमिनमुनिबाट पानी नआउने उनले बताए । बुटवल-भैरहवा खण्डको योगीकुटीदेखि मंगलापुरसम्म सडक किनारमा रहेका झन्डै २ सय वरपीपलका रूख काटिएपछि सुक्खा झन् बढेको उनले बताए । 'उद्योगबाट निस्किएको फोहर नहरमा मिसाइन्छ,' उनले भने, 'पुराना मूल सुके । अलि अलि बगेको पानी उद्योगको फोहोरले दूषित भएको छ ।'

चुरेमा हरियाली घटेसँगै पानीका मूल सुक्नुका साथै तराईमा जमिनमुनिबाट पानी आउन छाडेको तिलोत्तमा-६ का अर्जुन उपाध्यायले बताए । 'चुरेमा कटान र ढलानले स्रोत सुकेपछि पानी रिचार्ज हुन पाएन,' उनले भने, 'तराई मरुभूमितर्फ धकेलिएको छ ।' पहिले ३० फुट पाइप गाडेपछि आउने पानीका लागि हिजोआज कम्तीमा ७० फुटसम्म गाड्नु परिरहेको उनले बताए । शुद्धोधन गाउँपालिका-२ का उमाकान्त चापागाईं प्राकृतिक स्रोतमाथिको दोहनले पानीको भूमिगत स्रोत तलतल सरेको बताउँछन् । 'पहिले तिनाउको पानी आउँथ्यो, अहिले टचुबवेलबाट सिँचाइ गर्ने गरेका छौं,' उनले भने, 'चुरेको जंगललाई जोगाउन नसके भित्री तराई-मधेस मरुभूमिमा परिणत हुन्छ । हामीले गाईभैंसी पाल्न छोडेर ऊँट पाल्नुपर्ने हुन्छ ।'

कपिलवस्तु नगरपालिका-६, बर्मेलीटोलका श्याम विहारी सरकारको ढुंगा, गिट्टी र बालुवा निकासी गर्ने नीति सुनेर चिन्तित छन् । 'अब खेतपाती गर्न सकिँदैन,' उनले भने, 'खोलाको दोहन अत्यधिक भयो । गर्मीका बेला ह्यान्डपम्प सुकेर पानी पिउन पाइँदैन । मोटर, पम्पसेट चल्दैनन् । सिँचाइ नहुँदा तरकारी र अन्नबाली कसरी फस्टाउँछ ?' कपिलवस्तु-६ स्थित बर्मेलीटोल, खुकुन्डी, सगरहवा र शिपुरा गाउँका बासिन्दालाई पिउने पानीकै अभाव छ । वाणगंगा नदीबाट पाँच सय मिटरको दूरीमा गाउँ छ । नदीको तट भए पनि चापाकलबाट पानी आउँदैन । अहिले पनि नदीका सगरहवा, बर्मेली, रुधौला र तिलौरीबाट गिट्टी, बालुवा उत्खनन भइरहेको छ । बुद्धभूमि-१० का देवपुरा, लौहरौला, झलवा र सकुम्बासी बस्तीका ह्यान्ड पम्पमा पानी आउँदैन । वाणगंगाको रामघाटबाट जथाभावी नदीजन्य पदार्थ उत्खनन हुँदा त्यहाँ पनि बर्सेनि समस्या हुँदै आएको छ ।

चुरेमा दोहन बढ्दा पानीका मूल सुकेपछि कपिलवस्तुका बासिन्दा जमिनमुनिको पानीमा निर्भर छन् । सुक्खा बढ्दा भूमिगत स्रोतको पनि सतह घटेको छ । 'तरकारीलाई बढी पानी चाहिन्छ,' स्थानीय बहरैची केवटले भने, 'अब कसरी संकट टार्ने भनेर सबै कृषक टाउको समातेर बसेका छन् ।'

चुरेको जलाधार कपिलवस्तुका लागि पानीको मुख्य स्रोत हो । पानी सतह घट्दै गई सिमसार, मूल र धारा सुक्न थालेका छन् । 'चुरेको पानी सोस्ने शक्ति घट्दै गयो,' कपिलवस्तुस्थित डिभिजन कृषि इन्जिनियर रामकृष्ण घोरासैनीले भने, 'इकोसिस्टम खलबलिँदा जनजीविकामा गाह्रो परिरहेको हो । चुरे, भावर क्षेत्र मधेसका लागि पानी जम्मा गर्ने प्राकृतिक भाँडो हो । सघन वृक्षरोपण, चुरे संरक्षण, वर्षायामको पानी सञ्चितीकरण गर्न ताल, पोखरी निर्माण गर्नुपर्छ ।' पानीको उचित सदुपयोग र चुरे संरक्षण गरे मात्र भूमिगत जलस्रोत जोगिने उनले बताए ।

बढ्दो बस्ती र पक्की सडकले पानीको सतह पहिलेभन्दा डेढ मिटर तल झरेको रूपन्देहीको शंकरनगर खानेपानी उपभोक्ता संस्थाका इन्जिनियर दीपक पाण्डेले बताए । 'पानीको लेभल घट्दै गयो । थप पाइप प्रयोग गरी पानी तान्दैछौं,' उनले भने, 'हरेक वर्षजस्तो पाइप अझ तलसम्म गाडेर पानी संकलन भइरहेको छ ।'

पश्चिम नवलपरासीको तुरिया, धनेवा र झरही खोलामा पानीको बहाव बर्सेनि घट्दो छ । केही वर्षअगाडिसम्म सुक्खायाममा पनि प्रशस्त पानी हुने यस खोलामा अहिले सामान्य कुलोमा बग्नेभन्दा पनि कम बहाव छ । तर, वर्षामा भने पहिरो र कटानसहितको बाढीको सामना गर्नु परिरहेको छ । यी खोलाबाट सिँचाइ सुविधासमेत थियो । तर, अहिले यी खोलामा पानी खोज्न वर्षा पर्खनुपर्ने अवस्था छ ।

वर्षामा बाढी आउने र सुक्खायाममा पानीको सतह सुक्ने समस्याले तटीय क्षेत्रका किसानलाई समस्या परेको छ । यी खोलाको उपल्लो तटीय क्षेत्र र तल्लो तटीय क्षेत्रमा बर्सेनि खस्ने पहिरो, नदीजन्य पदार्थको उत्खनन, जंगल फँडानी, अव्यवस्थित सडक निर्माणले समस्या ल्याएको हो ।

एक दशकअघिसम्म पश्चिम नवलपरासीको रामग्राम, सरावल, पाल्हीनन्दन, प्रतापपुर, सुस्ता क्षेत्रमा १० मिटर गहिराइमा नै टचुबवेल र बोरिङमा प्रशस्त पानी आउँथ्यो । अहिले ५० देखि २ सय मिटर तलसम्म बोरिङ गर्दा पनि पानीको स्रोत भेट्न हम्मे पर्छ । यसले भूमिगत सिँचाइमार्फत तराईका फाँटमा पानी पुऱ्याउन योजनाहरू लागत नपुगेर अधुरो हुन थालेका छन् । 'पाँच वर्षअगाडिसम्म धारामा सजिलै पानी आउँथ्यो, बोरिङको आवश्यकता थिएन । किसानले कुलो र मूलको पानीले नै सिँचाइ गर्थे,' प्रतापपुर गाउँपालिका-२ का मोतीसरा चौधरीले भनिन्, 'अहिले खेतवरपरका मूल पनि सुके । बोरिङमा पनि पानी सजिलै आउँदैन । अब कसरी खेतीकिसानी गर्नु ? टचुबवेलमा पनि पहिले जस्तो पानी आउन छाड्यो ।'

भूमिगत जल संरक्षणका लागि माथिल्लो क्षेत्रको वन तथा पानीको स्रोत जोगाउन अत्यन्त आवश्यक रहेको भूगर्भशास्त्रका अध्ययनकर्ता नेत्रनारायण भण्डारीले बताए । 'प्राकृतिक स्रोत र साधनको वैज्ञानिक प्रयोगमा हामीले ध्यान दिन सकेमात्र भूमिगत जलस्रोतको संरक्षण गर्न सकिन्छ,' उनले भने । पश्चिम नवलपरासीमा १९ हजार ४ सय हेक्टर क्षेत्रफल चुरेअन्तर्गत छ ।

बर्दियामा पनि जमिनमुनिको पानीका स्रोत सुकेपछि समस्या भएको छ । ३० वर्षअघि ठाकुरबाबा नगरपालिका हुँदै बग्ने ओराही खोलामा बाह्रै महिना पानी बग्ने गर्थ्यो । सिँचाइका लागि पर्याप्त पानी बग्दा किसान खुसी थिए । चुरे क्षेत्रको दानव ताल र खैरभट्टीमा पहिरो गएपछि ओराही खोलामा पानीको स्रोत सुक्दै गएको वातावरणविद् रमेशकुमार थापाले बताए । 'ओराही सुक्दै गएपछि सयौं बिघा क्षेत्रफलका खेतमा सिँचाइ सुविधाबाट किसान वञ्चित भएका छन्,' बर्दिया राष्ट्रिय निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत थापाले भने, 'ठूलो वर्षा हुँदा चुरेको लेदोसहित बाढीले उर्वर भूमि बगाउँदै लगेको छ ।' चुरेमा दोहन नरोके पर्यावरणीय चक्र नै खलबलिएर मरुभूमीकरण बढ्ने उनले बताए ।

## विपक्षी गठबन्धन भन्छ-

# 'कसैलाई रिझाउन निकासी खुला'

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सरकारले बजेट अध्यादेशमार्फत कसैलाई रिझाउन ढुंगा, बालुवा र गिट्टीको निकासी खुलाएको टिप्पणी विपक्षी गठबन्धनले गरेको छ । गठबन्धनले राष्ट्रिय स्रोतलाई निहित स्वार्थका लागि दुरुपयोग गर्ने राष्ट्रहितविरोधी निर्णय भएको भन्दै तत्काल फिर्ता लिन चेतावनीसमेत दिएको छ ।

यसअघि छुट्टाछुट्टै रूपमा बजेट अध्यादेशको विरोध गर्दै आएका पाँच दल आबद्ध गठबन्धनले शनिबार संयुक्त वक्तव्य जारी गर्दै सरकारको निर्णयप्रति विरोध जनाएको हो । 'नेपालको तराई क्षेत्रलाई मरुभूमीकरण गर्ने र त्यहाँका बासिन्दालाई बाढी, डुबान र पानीको स्रोत सुक्ने समस्यामा पार्दै जनजीवनलाई नै जोखिमयुक्त बनाउने राष्ट्रघाती र जनघाती घोषणा हो । बजेट घाटा पूर्ति गर्ने भ्रम छर्दै सरकारले घरमा आगो लगाएर खरानी बेच्ने कुकर्म गरिरहेको छ,' गठबन्धनको विज्ञप्तिमा भनिएको छ ।

कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, जसपा अध्यक्ष उपेन्द्र यादव, एमाले नेता माधवकुमार नेपाल र जनमोर्चा नेत्री दुर्गा पौडेलले जारी गरेको विज्ञप्तिमा सरकारले नुनको विषयमा लिएको निर्णयमा पनि गम्भीर आपत्ति जनाएको छ । 'सबै तह र क्षेत्रका जनताले उपभोग गर्ने आयोडिनयुक्त नुनमा सरकारले अनुदान दिई आपूर्ति गरिरहेकामा हालै सरकारले बजेटमार्फत कसैलाई फाइदा पुऱ्याउने तथा कमिसन र नाफाखोरीलाई प्रश्रय दिने मनसायबाट निर्णय गरेको छ,' विज्ञप्तिमा भनिएको छ, 'यस्तो निर्णयबाट जनताले सुलभ रूपमा पाइरहेको आयोडिनयुक्त नुनमा समेत सरकारले कमिसन र नाफाखोरलाई घुसाएर त्यसको बोझ जनताको थाप्लोमा हाल्ने षड्यन्त्र गरेको छ ।' गठबन्धनले उक्त निर्णय पनि तत्काल फिर्ता लिन माग गरेको छ ।

गठबन्धनले कामचलाउ हैसियतका प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषद् पुनर्गठन गर्नु संवैधानिक र लोकतान्त्रिक मूल्य मान्यताको उपहास भएको भन्दै निन्दा गरेको छ । ओलीले शुक्रबार मन्त्रिपरिषद् पुनर्गठन गरी जसपाको महन्थ ठाकुर-राजेन्द्र महतो समूहलाई सरकारमा भित्र्याएका थिए । 'वस्तुतः कामचलाउ बन्न पुगेका प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको मुद्दा सर्वोच्चमा विचाराधीन रहेको स्थितिमा मन्त्रिपरिषद्मा व्यापक पुनर्गठन गरी संवैधानिक र लोकतान्त्रिक मूल्य मान्यताको उपहास गर्नुभएको छ, यस्तो कार्य निन्दनीय छ,' विज्ञप्तिमा उल्लेख छ । गठबन्धनले ओलीबाट असंवैधानिक रूपमा प्रतिनिधिसभा विघटन गरी संविधान मिचेको जनाएको छ ।

गठबन्धनले निषेधाज्ञाका कारण रोजीरोटी गुमाउन पुगेका गरिब, असहाय र श्रमजीवी जनताका लागि विशेष राहत प्याकेज तत्काल घोषणा गर्न पनि माग गरेको छ । 'कोभिड-१९ महामारीविरुद्ध जनताको जीवन रक्षा गर्न सम्पूर्ण साधन, स्रोत र शक्ति परिचालन गर्नुपर्ने संवेदनशील कार्यमा समेत सरकार पटक-पटक कमिसन र भ्रष्टाचारमा मुछिएको छ,' विज्ञप्तिमा भनिएको छ, 'हामी सरकारको यस प्रकारको गैरजिम्मेवार र जनविरोधी कार्यहरूको भर्त्सना गर्दै कोभिड-१९ संक्रमण, रोकथाम नियन्त्रण र उपचारमा जिम्मेवार बन्न माग गर्छौं ।'

# महामारीमा ठगीधन्दा...

यस्ता अक्सिमिटर बिक्रीमा सिन्धुली कमलामाई स्थायी भई बल्खु बस्ने बायोप्लस फर्मा कुलेश्वरका सञ्चालक शिखर श्रेष्ठ, बाजुरा खप्तड स्थायी घर भई कुपन्डोल बस्ने थुमराज उपाध्याय, याङ्जा पञ्चमूल घर भएका नानोटेक फर्मा थापाथलीका सञ्चालक शेषकान्त अधिकारीसमेत संलग्न रहेको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

प्रहरीका अनुसार सुनसरी इनरुवा घर भई चिरायु केडी ग्रुपमा काम गर्ने पुष्कर घिमिरे, आहा इन्डस्ट्रियल कम्पनीमा कार्यरत विशाल आचार्य, सिन्धुपाल्चोक सुनकोसी घर भई बागबजार बस्ने सन्तोष भण्डारी, भारत राजस्थान झुन्झुनु घर भई ढुंगेअड्डा बस्ने जगदीशप्रसाद रानासरिया नक्कली अक्सिमिटर बिक्रीमा संलग्न थिए । उनीहरूबाट बरामद ७ सय ६५ थान अक्सिमिटरमा उत्पादन मिति, म्याद समाप्त मिति, खरिद र बिक्री मूल्य, उत्पादक कम्पनीको नामलगायत केही पनि उल्लेख नभएको प्रहरीले जनाएको छ । पक्राउ परेकामध्ये त्रिपुरेश्वरस्थित पशुपति मार्केटका सञ्चालकसमेत रहेका रानासरियबाट यस्ता अक्सिमिटर सबैभन्दा बढी ३ सय ९६ वटा बरामद गरेको थियो । प्रहरीले उनीहरूविरुद्ध कालोबजारी मुद्दा चलाएको छ ।

सरकारले निश्चित व्यापारीलाई रेम्डेसिभिर आयात गर्न अनुमति दिएको थियो । अनुमति लिएकै व्यक्तिसँगको मिलेमतोमा गोरखा आरुघाटका रफिक मियाँले एक भाइल रेम्डेसिभिरको ३० हजारमा बिक्री गरेको प्रहरी अनुसन्धानबाट खुलेको थियो । मियाँ अहिले पुर्पक्षका लागि थुनामा छन् । कालोबजारीका साथै जनस्वास्थ्यलाई प्रतिकूल असर पुग्ने गरी गुणस्तरहीन सामान बिक्री गर्नेलाई कोभिड संकट व्यवस्थापनसम्बन्धी अध्यादेश प्रावधानअनुसार पनि कारबाहीको दायरामा ल्याइने काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारी बताए ।

सिनामंगलको सुरिया हेल्थले नौ हजार रुपैयाँ लिएर पीसीआर रिपोर्ट नेगेटिभ दिने गरेको तथ्य भने प्रहरीले ग्राहक बनेर जाँदा पत्ता लगाएको हो । प्रहरीका अनुसार सिनामंगलको ह्वाइट हार्स मेन पावर र मेरिट मल्टी केयर मेडिकल सेन्टरले विदेश जान चाहने व्यक्तिहरूलाई सुरियामा नक्कली पीसीआर रिपोर्टका लागि पठाउने गरेका थिए । यसमा संलग्नलाई पुर्पक्षका लागि थुनामा पठाइएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले उक्त ल्याबको अनुमति निलम्बन गरेको छ ।

महामारीमा सर्वसाधारणलाई ठग्ने तथा जनस्वास्थ्यमा खेलवाड गर्नेलाई कारबाहीको दायरामा ल्याउन महाशाखाले प्रहरी उपरीक्षक कृष्ण कोइराला, कृष्ण पंगेनी र प्रहरी नायब उपरीक्षक दुर्गाराज रेग्मीसहितको टोली परिचालन गरेको छ ।

**कसको क्षेत्राधिकार ?**

मूल्यमा ठग्ने, गुणस्तरहीन सामान बेच्ने र मापदण्डविपरीत काम गर्नेलाई अनुगमन र नियमन गर्ने जिम्मेवारी वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र औषधि व्यवस्था विभागको हो । तर यी निकायले काम नगरेपछि अपराध अनुसन्धान गर्नुपर्ने प्रहरीको टोली नै उपभोक्ताले पाएको हैरानी रोक्न अघि सर्नुपरेको छ । गुणस्तरहीन र दर्ताबिना नै उत्पादन गरिएका सेनिटाइजर बजारमा पठाए नियमन गर्ने जिम्मेवारी औषधि व्यवस्था विभागको हो । तर प्रहरीले नै बजारबाट नमुना संकलन गरेर विभागकै प्रयोगशालामा परीक्षण गर्न पठाउने गरेको छ । विभागका सूचना अधिकारी सन्तोष कसीले कर्मचारीहरू संक्रमित भएकाले अनुगमन गर्न नसकिएको बताए । 'प्रहरीसँगको सहकार्यमा सेनिटाइजरको अनुगमन गरेका थियौं,' उनले भने, 'त्यसयता गर्न सकिएको छैन ।'

औषधि व्यवस्था विभाग सक्रिय हुने हो भने यस्ता गुणस्तरहीन सामान उत्पादन गर्ने र बिक्री गर्नेले पाउने सजाय पनि कडाइ नै हुन्थ्यो । औषधि ऐनको दफा २९ अनुसार औषधिको प्रभाव शून्य हुने, घटी हुने वा बदलिने वा हानिकारक हुने गरी कसैले कुनै औषधिमा मिसावट गर्न वा त्यस्तो मिसावट भएको हो भन्ने जानी जानी त्यस्तो औषधि बिक्री गर्न वा बिक्रीका लागि राख्न वा उपचारको निमित्त कसैलाई दिन हुँदैन । यस्तो गरेर ज्यान जान सक्ने सम्भावना भए ज्यान मार्ने उद्योग गरेसरह कारबाही हुने व्यवस्था छ ।

वाणिज्य विभाग आफ्नो काम होइन भन्दै पन्छिने गरेको छ । अनुचित व्यापारिक क्रियाकलाप गरेर सर्वसाधारण ठगिएको विषयमा अनुगमन गर्नुपर्ने दायित्व वाणिज्य विभागको रहेको प्रवक्ता शिवराज सेढाइँले बताए । 'हामी सधैंजसो अनुगमन गरिरहेका छौं । कालोबजारी र ठगीसम्बन्धी प्रहरी र प्रशासनले हेर्ने हो,' उनले भने, 'हामी त अनुचित व्यापारिक क्रियाकलाप मात्रै हेर्छौं ।'

**५०४२ थपिँदा ८२४३ संक्रमणमुक्त**

काठमाडौं- पछिल्लो २४ घण्टामा ५ हजार ४२ कोरोना संक्रमित थपिँदा ८ हजार २ सय ४३ जना संक्रमणमुक्त भएका छन् । सो अवधिमा १६ हजार ८ सय १४ जनाको परीक्षण गरिएको थियो । स्वास्थ्य मन्त्रालयका अनुसार ६८ जनाको संक्रमणका कारण मृत्यु भएको छ । हाल संक्रमणमुक्त हुने दर ८२.७८ प्रतिशत रहेको छ ।

# मन्त्री फेरिएको फेरियै

काठमाडौं (कास)- कोरोना संक्रमणमा सरकारले प्रभावकारी भूमिका निर्वाह नगरेको भन्दै आलोचना भइरहेका बेला पुनः स्वास्थ्यमन्त्री फेरिएका छन् । कोरोना महामारीयता चौथो स्वास्थ्यमन्त्रीको जिम्मेवारी शेरबहादुर तामाङले शुक्रबारदेखि सम्हालेका हुन् ।

चीनको वुहानमा कोरोना संक्रमण उच्च भएका बेला स्वास्थ्य जनसंख्या मन्त्रालयको जिम्मेवारी उपेन्द्र यादवले सम्हालेका थिए । २०७६ मंसिर ४ मा पुनर्गठन भएको मन्त्रिपरिषद्मा उनलाई कानुन मन्त्रालय सरुवा गरेपछि स्वास्थ्यमन्त्रीमा भानुभक्त ढकालले जिम्मेवारी पाए । स्वास्थ्यमा १३ महिना रहेका उनी पुस १० मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सरुवा भए । त्यसपछि स्वास्थ्य मन्त्रालयको जिम्मेवारी हृयदेश त्रिपाठीले पाएका थिए । उनले ५ महिना मात्रै स्वास्थ्य मन्त्रालय सम्हाल्न पाए ।

'कोरोनाको भेरिएन्ट परिवर्तन भएजस्तै महामारीका बेला पनि मन्त्री परिवर्तन भइरहेका छन्,' मन्त्रालयका एक उच्च तहका कर्मचारीले भने, 'बल्लबल्ल मन्त्रीहरूले स्वास्थ्य समस्या के हो बुझ्केका हुन्छन्, त्यही मन्त्रीको कि अर्को मन्त्रालयमा सरुवा हुन्छ कि त पदबाट बाहिरिन्छन् । नयाँ मन्त्रीलाई बुझाउनै तीन महिना लाग्छ ।' यसरी मन्त्रीहरू छोटो समयमा परिवर्तन हुँदा सिस्टममै असर पर्ने मन्त्रालयका पूर्वप्रमुख विशेषज्ञ डा. सुशीलनाथ प्याकुरेलले बताए । 'नयाँ मन्त्रीलाई बुझाउँदा बुझाउँदा बल्ल कामको लय समातेका हुन्छन्, त्यतिन्जेलमा अर्का आइपुग्छन्,' उनले भने, 'कर्मचारीको काम फेरि नयाँ मन्त्रीलाई बुझाउने हुन्छ ।' कोरोना महामारीमा त झन् बारम्बार मन्त्री परिवर्तन हुँदा संक्रमण नियन्त्रणमा सफलता प्राप्त गर्न कठिन हुने उनले बताए ।

पूर्वस्वास्थ्य सचिव सेनेन्द्रराज उप्रेतीले नियमित काम कर्मचारीले गरे पनि बारम्बार मन्त्री परिवर्तन हुँदा नीतिगत निर्णयमा मात्रै ढिलाइ हुन सक्ने बताए । 'मन्त्री फेरिँदैमा केही बिग्रन्छ भन्ने हुँदैन । बुझेको मान्छे आयो भने गति बढ्छ । मन्त्रीअनुसार प्राथमिकता फरक पर्न सक्छ । यसले मात्रै असर गर्ने हो,' उनले भने, 'विषयवस्तु बुझेको मन्त्री परेन भने केही समय कामले गति लिँदैन ।' स्वास्थ्यमा मन्त्री मात्रै होइन कोरोना महामारीमा दुई जना सचिव सरुवा भइसकेका छन् । गत जेठ अन्तिम सातादेखि लक्षण अर्याल स्वास्थ्य सचिवको जिम्मेवारी सम्हालिरहेका छन् । आर्थिक प्रशासन बुझेका उनलाई सफल सचिवका रूपमा लिने गरिन्छ ।

# कतारका ५४ कम्पनीलाई कारबाही

काठमाडौं (कास)- कतार सरकारले दिउँसोको चर्को घाममा कामदारलाई काम लगाउने ५४ वटा कम्पनीलाई कारबाही गरेको छ ।

प्रशासनिक विकास, श्रम तथा सामाजिक सुरक्षा मामिला मन्त्रालयले जुन १ देखि तीन दिन कम्पनीहरूको निरीक्षण गरेको थियो । नियम पालन नगर्ने कम्पनीहरूको तीन दिन काम बन्द गराएको छ । श्रम मन्त्रालयले निर्माण, कृषि र उद्योग क्षेत्रका कम्पनीलाई कारबाही गरेको हो ।

तापक्रम उच्च हुने कतारले जुन १ देखि सेप्टेम्बर १५ सम्म कामदारलाई बिहान १० देखि दिउँसो साढे ३ बजेसम्म बाहिरी क्षेत्रमा काममा लगाउन नपाइने निर्णय गरेको छ । कतारस्थित अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले दिउँसो काम गर्न लगाइएको प्रतिबन्धले कामदारलाई उच्च तापक्रमबाट बचाउने भन्दै स्वागत गरेको थियो ।

खाडीका अन्य देश बहराइन, कुवेत र ओमनले १ जुलाईदेखि ३१ अगस्टसम्म, साउदी अरब र यूएईले १५ जुनदेखि १५ सेप्टेम्बरसम्म दिउँसोको समयमा बाहिर काम गर्न रोक लगाउने सूचना जारी गरेको छ । बहराइनले मध्याह्न १२ देखि ४ बजेसम्म, कुवेतले बिहान ११ देखि ४ बजेसम्म, साउदीले १२ देखि ३ सम्म, ओमन मध्याह्न साढे १२ देखि साढे ३ सम्म र यूएईले साढे १२ देखि ३ बजेसम्म काम गराउन रोक लगाएका छन् ।

खाडीमा झन्डै १० लाख ७० हजार नेपाली कार्यरत छन् । ती मुलुकका नेपाली दूतावासका अनुसार जुनदेखि अगस्टसम्म नेपाली कामदारको बढी ज्यान जाने गरेको छ । साउदी र कतारमा हरेक दिनजसो एक नेपालीको मृत्यु हुने गरेको छ ।

निर्णय उल्लंघन गर्नेलाई बहराइनले तीन महिना जेल र ५ सयदेखि एक हजार दिनारसम्म जरिवाना लगाउने घोषणा गरेको छ । कुवेतले प्रतिकामदार बापत एक सय केडीदेखि २ सय केडीसम्म जरिवाना लगाउने र पटक-पटक उल्लंघन गर्नेलाई तीन वर्षसम्म जेल सजाय हुने जनाएको छ । ओमनले काम रद्द गराउने दाबी गरेको छ ।

कतारले एक महिनासम्म कार्यक्षेत्र बन्द गराउने निर्णय गरेको छ । साउदीले ३ हजार रियाल र यूएईले पहिलो पटक उल्लंघन गर्नेलाई १० हजार दिराम र न्यूनतम ३ महिनाका लागि कम्पनीलाई तेस्रो वर्गमा घटुवा गर्ने कानुन बनाएको छ । दोस्रो पटक पनि उल्लंघन गरेमा १५ हजार दिराम जरिवाना र ६ महिनासम्म काम गर्न अनुमति नदिइने र तेस्रो पटक गरेमा २० हजार दिराम जरिवाना र ९ महिनासम्म काम गर्न अनुमति नदिइने कानुन बनाएको जनाएको छ ।

The Leprosy Mission Nepal

**Invitations for Bid**

The Leprosy Mission Nepal invites the proposal from qualified vendors of IT networking for supply and Installing core router, access switch, firewall and network cable and connectors to Anandaban Hospital.

**Deadline for bid submission** : 13th June 2021, 05:00 PM
**Bid opening date and time** : 14th June 2021, 10:00 AM on Zoom meeting

**Weblink to download bid documents, submission and zoom link for bid opening meeting:**
https://tlmnepal.org/bidding/

SCAN ME

**The Leprosy Mission Nepal**
Chapagaun Dobato, Talchikhel, Lalitpur, Nepal
Tel: +977 01-6218398 and 9851236231

Childaid Network Foundation, Nepal

**Request for Expression of Interest (EOI) For Partnership**

*Date of First Publication: 6th June, 2021*

**Childaid Network Foundation (CAN)** is an independent and ideologically neutral children's charity founded in Germany in 2007. CAN currently provides access to education and training to needy children and young adults in 4 countries in South East Asia.

As a newly registered INGO in Nepal and in order to expand projects in the field of ***Education, Health, Vocational Training and Child Rights,*** CAN is looking for competent local and national NGO partners to implement projects in Ramechhap and Sindhuli districts of Bagmati Province.

Interested local and national NGOs are invited to submit their Expression of Interest (EOI) by *27 June, 2021 - 17:00* Nepal Standard Time. The EOI format can be obtained by emailing a request to: ***childaidnepal@gmail.com***

Childaid Network reserves the right on its decision on acceptance or rejection of any or all expression of interests without further notice. Furthermore, CAN reserves the right to change or cancel the requirements in EOI/ or solicitation process at any time. EOI received after the deadline will not be accepted.

Childaid Network Foundation, Lalitpur, Nepal

IFRC

Country Delegation, Nepal, Red Cross Marg, Tahachal Kathmandu. Phone 4285843, 4286100

**VACANCY ANNOUNCEMENT**

**The International Federation of Red Cross and Red Crescent Societies (IFRC) is the world's largest humanitarian organization providing assistance without discrimination as to nationality, race, religious belief, class or political opinion. The office's role is to support the Nepal Red Cross Society (NRCS) in delivering humanitarian services to the most vulnerable. More information on the organization and its activities, can be obtained from the following website: www.ifrc.org and www.ifrc.org/where/country/cn6.asp?country=123**

**Position: Senior Health Project Officer for IFRC - Canadian Red Cross**

**Qualification :** Master's degree in public health, Nursing, or a relevant subject

**Experience :** Minimum of 5 years of progressively responsible work experience in fields related to public health, health care delivery, health system strengthening, disease outbreak management, pre-hospital care initiatives etc

**Responsibilities:** The Senior Health Project Officer will support the Health Programme Manager and provide technical support to the NRCS in implementation, monitoring and reporting of the CRC project such as the Covid-19 response Comprehensive Community based Health Program (CCBHP), Rural Emergency and Trauma Systems Strengthening (RETSS) Project as per project documents; log frame; budget, action plans; NRCS policies; national guidelines and donor requirements.

**Interested candidate are required to submit their application no later than 20th June 2021. Detailed job responsibility for the position can be obtained from the following website: http://www.jobsnepal.com/employer/international-federation-of-red-cross-and-red-crescent-societies-ifrc/8923**

***Only shortlisted candidates will be contacted for the selection process.***

वर्गीकृत विज्ञापन

**निर्माण सफाई**

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9849442728

सेफ्टीटैंकी सफाई ठुलोगाडीमा मेशिनबाट 01-5251092, 9851024364

**चाहियो**

बालाजु कपन र किर्तिपुर एरियामा सेल्स अफिसरहरू १५,०००/- र बोनस, ९८५११३६५२१, ९८४१६७८९७९

**मर्मत**

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9849442728

**उपचार**

यौनशक्ति, लिङ्गकोसाईज बढाउने HerbalSuppliment ९८५११४७८१०

# महासेठलाई किन बनाइयो परराष्ट्रमन्त्री ?

**देवेन्द्र भट्टराई** (काठमाडौं)

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रहेका बेला कार्यदक्षतामा कमजोर ठहर गरेर १८ महिनाअघि हटाइएका रघुवीर महासेठ एकाएक उपप्रधानमन्त्रीमा पदोन्नतिसहित परराष्ट्रमन्त्री बनेपछि राजनीतिक र कूटनीतिवृत्तमा धेरै जना अचम्मित छन् ।

एकाएक परराष्ट्रमन्त्रीमा नाम आएपछि महासेठले शनिबार राति कान्तिपुरसँग भने, 'म कुरा बुझेर अघि बढ्नेछु ।' आफ्नो नियुक्तिबारे धेरै कुरा बोल्न नचाहे पनि 'सिकाइले, बुझाइले जस्तै नयाँ क्षेत्रमा पनि काम गर्न सकिने' उनले प्रतिक्रिया दिए । 'परराष्ट्र मेरो कार्यक्षेत्र नपरे पनि नेपालको बाहिरी विश्वसँग के सम्बन्ध छ, हाम्रो पहुँच कस्तो छ– यो सबै बुझिसकेपछि म धारणा बनाउनेछु,' महासेठले संक्षिप्तमा भने, 'खासमा हाम्रो पडोसी देशहरूसँग सम्बन्ध



'परराष्ट्र मेरो कार्यक्षेत्र नपरे पनि नेपालको बाहिरी विश्वसँग के सम्बन्ध छ, हाम्रो पहुँच कस्तो छ- यो सबै बुझिसकेपछि म धारणा बनाउनेछु'

राम्रो हुनुपर्छ, त्यसपछि दक्षिण एसिया र त्यसपछि हामीले हेर्ने भनेको अमेरिकालाई नै हो । यसरी क्रमबद्ध रूपमा हेर्ने हो । भोलिदेखि म आफ्नो नयाँ क्षेत्रमा हात हाल्नेछु ।'

परराष्ट्र क्षेत्रका विज्ञ र कूटनीतिक मामिलाका जानकारहरूले भने यसरी 'कुरो बुझ्न-बुझाउनैका लागि परराष्ट्रको नेतृत्व तहमा कोही आउनु दुःखदायी भएको' बताएका छन् । 'परराष्ट्र भनेको एकदमै प्राविधिक क्षेत्र हो, यो त प्रधानमन्त्रीपछिको तहमा रहने संवेदनशील क्षेत्र हो, अस्ति भर्खरै अक्षम भनेर निकालिएका व्यक्ति पदोन्नतिसहित परराष्ट्रको जिम्मेवारीमा आएको खबर सुनें, मलाई आश्चर्य लाग्यो,' जर्मनीका लागि पूर्वराजदूत एवं परराष्ट्र सेवामै 'करियर' बनाएका सुरेश प्रधानले कान्तिपुरसँग भने ।

पूर्वपरराष्ट्र सचिव एवं न्युयोर्कस्थित राष्ट्रसंघीय नियोगका पूर्वस्थायी प्रतिनिधि दुर्गाप्रसाद भट्टराईले 'कूटनीतिमा करियर भनेको विषयगत बुझाइमा तलबाट उठेको भन्ने अर्थ लाग्ने भएकाले यसरी अनुभवको सामान्य ट्र्याकसमेत नभएको व्यक्तिलाई परराष्ट्रको जिम्मेवार तहमा ल्याउन नहुने' प्रतिक्रिया दिए । 'हामी करियरबाट राजदूत हुनुपर्छ भन्छौं नि, यो करियर भनेको अनुभव भएको र तलबाट उठेको भनिएको हो । राजनीतिक नियुक्तिकै अर्थमा पनि करियर भनेको पार्टीमा विदेश मामिला हेरेको, अन्तर्राष्ट्रिय सम्बन्धबारे थाहा पाएको भन्न खोजिएको हो,' उनले कान्तिपुरसँग भने, 'त्यसबाट उठेर सहायक, राज्यमन्त्री हुँदै माथि पुगेको होस् भन्न खोजिएको हो । अनुभवको ट्र्याक भएन भने जुनसुकै क्षेत्रमा बेहाल भइहाल्छ नि, परराष्ट्र र कूटनीतिमा त झनै बढी बेहाल हुन्छ ।'

महासेठ गत चुनावमा धनुषा-४ बाट निर्वाचित भएका थिए । त्यसअघि पनि उनले धनुषाबाटै जितेका थिए । उनी पहिलोपटक २०६७ सालमा झलनाथ खनाल नेतृत्वको सरकारमा सिँचाइमन्त्री बनेका थिए । त्यसपछि ओली नेतृत्वको सरकारमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री रहेका बेला कार्यदक्षतामा प्रश्न उठेपछि ०७६ मंसिरमा हटाइएका थिए । 'पूर्वपरराष्ट्र मन्त्री प्रदीप ज्ञवालीलाई समेत इमान्दार भए पनि परराष्ट्रमा योग्य होइनन् भनिरहेका बेला कूटनीतिकजगत्मा कुर्सीमा बसाएर परीक्षण गर्ने-गराउने भन्नै मिल्दैन,' पूर्वराजदूत प्रधानले भने, 'महासेठको हकमा कुर्सीमा राख्ने अनि परीक्षण गर्ने भन्ने स्थिति देखिएको छ ।'

अर्का पूर्वपरराष्ट्र सचिव एवं न्युयोर्कस्थित राष्ट्रसंघीय नियोगका पूर्वस्थायी प्रतिनिधि मधुरमण आचार्यले 'प्रधानमन्त्रीले महासेठजीलाई केही योग्यता देखेरै ल्याएको हुनुपर्छ, सायद रसियन (स्पुतनिक) खोप ल्याउन सक्ने भनेर हो कि ?' भन्दै तर कूटनीतिकजगत्मा भने अहिले ठानिएभन्दा बढी गम्भीरता अपरिहार्य रहेको प्रतिक्रिया दिए । 'यतिखेर सबैभन्दा बढी चुनौती कतै छ भने परराष्ट्रमै छ, कूटनीतिमै छ । भारत-चीन मामिला, बीआरआई र एमसीसीको सन्दर्भ, भारतसँगको सीमावर्ती सरोकार र अन्तर्राष्ट्रिय मञ्चमा खुम्चिएको उपस्थितिजस्ता थुप्रै विषय अल्झेर बसेका छन्,' उनले भने, 'यो कूटनीतिकवृत्त कति संवेदनशील हो भने अस्ति 'कंग्राचुलेसन्स' भन्ने ठाउँमा 'कन्डोलेन्स' भनिँदा कति मुस्किल भयो भन्नेले पनि देखाउँछ । यो हरेक क्षणमा बेहोरेर र खेपेर हिँड्नुपर्ने जगत् हो कूटनीति । परराष्ट्रमन्त्रीले 'कमा' को प्रयोगमा पनि विचार गर्नुपर्ने हुन्छ । अहिले धेरै पूर्वमूल्यांकन नगरौं तर यो जगत्मा गम्भीरता अपेक्षित छ ।'

पूर्वसचिव आचार्यले कम्तीमा भू-राजनीति र भू-रणनीतिको जानकार भएको पात्र परराष्ट्रमन्त्री हुनु उपयुक्त हुने बताउँदै 'भारतकै हकमा के बुझ्नुपर्छ भने नयाँ राजनीतिक-प्रशासनिक नक्सा आएपछि वार्ता गर्नका लागि ६ महिना पहल गर्दा पनि सुनुवाइ भएन तर यता संकट बढेपछि र पार्टी फुट सुरु भएपछि दिल्लीले वार्तामा बोलायो । त्यो ढंगको कूटनीतिक रणनीतिमाझ चल्न सक्नुपर्ने' उनले उदाहरण दिए । 'परराष्ट्रमा अलिक बढी खेलाँची भयो, यसरी चल्दैन,' पूर्वराजदूत प्रधानले भने, 'यो आजको भोलि सिक्ने कुरा होइन । 'इफ' र 'बट' मा अन्तर देख्न सक्ने व्यक्ति चाहिन्छ यहाँ ।'

पूर्वसचिव आचार्यले भने अहिलेको अवस्थामा 'तत्काल खोप ल्याउने, महामारी पार लगाउन अन्य अन्तर्राष्ट्रिय सहायता जुटाउने, भू-राजनीतिक तानातानबाट जोगिने, कमजोर धरातल रहेसम्म विदेशी शक्तिसँग दीर्घकालीन डिल नगर्ने र आन्तरिक राजनीतिका लागि परराष्ट्र नीतिको प्रयोग नगर्ने' भनेर नयाँ परराष्ट्रमन्त्री महासेठलाई सुझावसमेत दिएका छन् ।

महासेठ एमालेको नवौं महाधिवेशनमा सचिव र केन्द्रीय सदस्यमा हारेका व्यक्ति हुन् । एमाले विभाजनका बेला वामदेव गौतमहरूको मालेमा लागेका थिए । महासेठ एमालेभित्र आर्थिक स्रोतसाधन सम्पन्न भएका व्यक्तिका रूपमा चिनिन्छन् । त्यसैको प्रभावमा उनले चुनावमा टिकट पाउनेदेखि राजनीतिक अवसर प्राप्त गर्ने गरेको भन्ने चर्चा एमालेवृत्तमा हुने गर्छ ।

# राजदूत बन्न स्नातक नचाहिने

काठमाडौं (कास)- गत वैशाख अन्तिम साता विभिन्न ११ देशमा राजदूत नियुक्ति सिफारिस गर्नुपूर्व मन्त्रिपरिषद्ले 'विगतमा मन्त्री भइसकेका उम्मेदवारको नियुक्ति हकमा स्नातक तहको अध्ययन नचाहिने' भन्दै निर्देशिका संशोधन गरेको छ ।

यसअघि राजदूत नियुक्तिसम्बन्धी निर्देशिका २०७५ तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको पहलमा पारित भएको थियो । उक्त निर्देशिकामा राजनीतिक नियुक्ति पाएर राजदूत हुने व्यक्तिको कम्तीमा स्नातक तहको शिक्षा हुनुपर्ने र सम्बद्ध मुलुकका विषयमा भाषासहितका विषयमा जानकार हुनुपर्ने प्रावधान तोकिएको थियो । 'निर्देशिकाबाट शैक्षिक योग्यतासम्बन्धी प्रावधानलाई संशोधन गरिएको थाहा भएको छ,' परराष्ट्रका एक अधिकारीले भने, 'त्यसमा विगतमा मन्त्री भइसकेका व्यक्तिका हकमा स्नातक तह नचाहिने र अरूका हकमा यथावत् रहने प्रावधान छ ।'

राजदूतका लागि कूटनीतिक-राजनीतिक नियुक्तिमा ५०/५० प्रतिशत अनुपातको हिसाबमा सिफारिस गरिने प्रबन्ध रहँदै आएकामा गत वैशाख २५ गतेको मन्त्रिपरिषद्ले गरेको संशोधन निर्णयमा यसमा पनि 'मौनता' दर्शाइएको छ । गत महिना सिफारिस गरिएका ११ राजदूतमा ९ जना राजनीतिक कोटामा परेका छन् । यिनको सिफारिसको म्याद असार ९ मा पूरा भएपछि संसदीय सुनुवाइ नभईकन नियुक्ति प्रक्रिया थालिनेछ ।

# विवादमा तानिए महतो

## उपप्रधान तथा सहरी विकासमन्त्री भएलगत्तै किन उठाए 'बहुल राष्ट्र राज्य' को माग ?

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

सरकारमा सहभागी भएलगत्तै उपप्रधान तथा सहरी विकासमन्त्री राजेन्द्र महतो आफ्नै अभिव्यक्तिका कारण विवादमा तानिएका छन् । शपथ लिएर पदभार ग्रहण गर्न मन्त्रालय पुगेका महतोले शुक्रबार 'बहुल राष्ट्र राज्य' स्थापना गर्ने पार्टीको एजेन्डा भएको र त्यसलाई अघि बढाउनकै लागि सरकारमा सहभागी भएको अभिव्यक्ति दिएपछि उनी राष्ट्र विखण्डन गर्ने दिशामा केन्द्रित रहेको भन्दै सत्तारूढ र विपक्षी दलका नेताहरूले आलोचना गरेका छन् । सामाजिक सञ्जाल र सडकमा विरोध सुरु भएको छ ।

महतो नेतृत्वमा जसपाका महन्थ ठाकुरपक्षीय १० मन्त्रीले शुक्रबार शपथ लिएका थिए । संविधानको रक्षा गर्छु भनेर शपथ लिएको आधा घण्टाकै बीचमा राष्ट्र विभाजन गर्ने अभिव्यक्ति आउनु निन्दनीय भन्दै सत्तारूढ दल एमालेका झलनाथ खनाल र माधवकुमार नेपालपक्षीय नेताहरू बढी आक्रामक छन् । महतोको भनाइको प्रधानमन्त्री केपी शर्मा ओलीले नै प्रस्टीकरण दिनुपर्ने माग गर्दै खनाल-नेपाल पक्षका १५ नेताका तर्फबाट नेपालले शनिबार विज्ञप्ति जारी गरेका छन् । महतोको अभिव्यक्ति संविधानको धारा ३ को 'राष्ट्र' को परिभाषाभन्दा विपरीत रहेको जिकिर खनाल-नेपालपक्षीय नेताहरूको छ । संविधानको उक्त धारामा 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषता भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो' भन्ने उल्लेख छ । 'सरकारमा जानासाथ विगतमा टुंगो लागिसकेको तथा संविधानसभा र नेपाली जनताबाट अस्वीकृत नेपाललाई बहुराष्ट्रिय राज्य बनाउने भन्ने कुरालाई पुनः दोहोर्‍याई यसका लागि कथित मुक्ति संग्रामको कुरा गरी राष्ट्रिय हित र अखण्डताविरोधी अभिव्यक्ति दिनु निन्दनीय छ' नेपालद्वारा जारी विज्ञप्तिमा छ ।

मन्त्री महतोको अभिव्यक्ति अहिले अनायसै आएको होइन । तत्कालीन मधेसकेन्द्रित दलले २०६४ को पहिलो संविधानसभादेखि नै उठाउँदै आएको राजनीतिक एजेन्डा हो । दोस्रो संविधानसभामा आइपुग्दा तराई-मधेसका राजनीतिक मुद्दा सम्बोधन नभई संविधान जारी गर्न लागिएको विरोधमा संविधानसभा नै छाड्नेदेखि संविधान च्यात्ने, जलाउने र ब्ल्याक आउट गर्ने काम धेरै टुक्रामा विभाजित तत्कालीन मधेसकेन्द्रित दलहरूले गरेका थिए ।

मधेसको असन्तुष्टिलाई सम्बोधन गर्न भन्दै तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारको पालामा संविधानका दुईवटा धारामा संशोधनसमेत भएको थियो । धारा ४२ को सामाजिक न्यायको हकमा उल्लेख गरिएको 'समावेशी सिद्धान्तका आधारमा' भन्ने शब्दलाई हटाएर 'समानुपातिक समावेशी सिद्धान्तका आधारमा' भन्ने वाक्य समावेश गरिएको थियो । त्यस्तै धारा ८४ मा जनसंख्या निर्धारण गर्दा भूगोल र जनसंख्याको आधार भनी उल्लेख गरिएकोमा 'जनसंख्यालाई मुख्य र भूगोललाई दोस्रो आधार' मान्ने गरी संशोधन भएको थियो । यो संशोधन मधेसको असन्तुष्टिलाई केन्द्रमा राखेर गरिएको थियो ।

त्यतिबेला धेरै टुक्रामा विभाजित भएका मधेसकेन्द्रित दलहरूले पहिलो संशोधनपछि पनि संविधानको स्वामित्व लिएका थिएनन् । पछि तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारले दोस्रो संशोधन विधेयक अघि बढायो । एमालेको विरोधका कारण त्यतिबेला दोस्रो संशोधन पारित हुन सकेन । संविधानको पुनर्लेखन र संशोधनको राजनीतिक मुद्दा उठाएर मधेसकेन्द्रित दलहरू स्थानीय, प्रदेश र संघको निर्वाचनमा सहभागी भए । निर्वाचनपछि उपेन्द्र यादवको नेतृत्वमा रहेको तत्कालीन समाजवादी पार्टी सरकारमा गयो । करिब आठ महिनापछि संविधान संशोधनमा बेवास्ता गरेको भन्दै सरकारबाट बाहिरियो । महतो अहिले जुन अभिव्यक्तिले विवादमा तानिएका छन्, त्यो विषय पहिलो संविधानसभाका बेलामा तत्कालीन राज्य पुनःसंरचना समितिले अघि बढाएको विषयसँग सम्बन्धित छ ।

तत्कालीन संविधान मस्यौदा समितिका संयोजकसमेत रहेका कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले यस्ता अभिव्यक्तिले कतै संविधान नै फाल्ने योजनाका साथ सरकार अघि बढेको त होइन भन्ने आशंका उब्जाएको बताए । संविधानमा सबै विषय हुबहु लेख्न नसकिने भन्दै सिटौलाले समानुपातिक समावेशी सिद्धान्तलाई संविधानले स्वीकार गरेको बताए । आफू मस्यौदा समितिको संयोजक रहेका बेला मन्त्री महतोले बोलेकै मुद्दा नेताहरूका बीच छलफलमा नउठेको बताए । 'संसद् नभएका बेलामा संविधान संशोधन गर्नका लागि सरकारमा गएको भनेर आमजनतालाई भ्रम छर्ने काम भएको छ,' उनले भने, 'संविधानको निष्ठा र प्रतिबद्धताबाट अलग हुँदै कतै संविधान नै फाल्न खोजिएको त होइन भन्ने आशंका पनि छ ।' पहिलो संविधानसभामा संविधान निर्माणका बेला कांग्रेसका तर्फबाट अग्रसरता लिनेमध्येका सांसद एवं वरिष्ठ कानुन व्यवसायी राधेश्याम अधिकारीले पहिचानका आधारमा राज्य बनाउने सन्दर्भमा महतोको भनाइ आएको हुन सक्ने बताए । 'त्यतिबेला नेपालकै नाम फेर्नुपर्छ भन्नेलगायत कस्ता-कस्ता मुद्दा उठे-उठे, त्यसको कुनै साध्य छैन, पहिचानको राज्य बनाउने कुरामा यस्ता कुरा उठेका थिए, ती असान्दर्भिक भइसकेका विषय हुन्,' उनले भने । महतोले समानुपातिक र समावेशीकै कुरा उठाएर यस्तो अभिव्यक्ति दिएका हुन् भने त्यसलाई संविधानको धारा ३ मा उल्लिखित राष्ट्रको परिभाषा र धारा ४२ को समावेशी-समानुपातिकको सैद्धान्तिक व्याख्याले प्रस्ट सम्बोधन गरेको नेताहरूको भनाइ छ ।

२०७४ को निर्वाचनका बेला तत्कालीन संघीय समाजवादी र राष्ट्रिय जनता पार्टी दुवैको राजनीतिक घोषणापत्रमा पनि बहुराष्ट्रको परिकल्पनासहितको राजनीतिक एजेन्डा अघि सारिएको थियो । जसपाको घोषणापत्रमा अहिलेको राज्य प्रणाली एकल जातीय राष्ट्रवादका आधारमा चलेको उल्लेख छ । 'संघीय शासन प्रणालीसहितको समाजवादमा राज्यभित्र राज्य र राष्ट्रभित्र राष्ट्रको मान्यतालाई आत्मसात् गरिने भएकाले यसले एकल जातीय राष्ट्रवादको विकल्पमा बहुलतायुक्त राष्ट्रवादलाई अँगाल्ने छ,' घोषणापत्रमा छ, 'संघमा साझा राष्ट्रियता र प्रदेशमा प्रादेशिक राष्ट्रियताको विकास गरी राष्ट्रिय एकता प्रवर्द्धन गर्ने नीति लिइनेछ ।'

जेठ ८ गते उपेन्द्र यादवको अध्यक्षतामा बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले पारित गरेको राजनीतिक दस्तावेजमा पनि यो कुरा समावेश छ । उपप्रधानमन्त्री महतोले मधेस आन्दोलनकै क्रममा उठाएको मुद्दा र पार्टीको राजनीतिक लाइनअनुसारको कुरा आफूले अघि सारेको बताए । उनका अनुसार पहिलो संविधानसभामा तत्कालीन राज्य पुनःसंरचना समितिले अघि सारेको १०+१ (एघार) को पहिचानमा आधारित संघीय ढाँचाअनुसार सबै जातजाति र भाषाभाषीको प्रतिनिधित्व भएको राष्ट्र बनाउने मुद्दासँग आफ्नो अभिव्यक्तिको साइनो जोडिएको बताए ।

महतोको अभिव्यक्तिलाई राष्ट्र विभाजनसँग तुलना गर्न नहुने विश्लेषक तुलानारायण साहले बताए । उनका अनुसार संविधानविरोधी, प्रतिगमनकारी आरोप खेपिरहेका प्रधानमन्त्री ओलीले जसपाको एउटा समूहलाई सरकारमा ठूलो हिस्साका साथ समावेश गर्दा मुलुकमा भूकम्प नै गएको छ । 'अहिले महतोको भनाइ त्यसैको एउटा परकम्प मात्रै हो, मधेसीलाई शासित मान्ने र आफूलाई शासक मान्ने नश्लीय सोचको अभिव्यक्ति हो,' उनले भने, '२०४२ सालमा सद्भावना परिषद्मा आबद्ध र २०४७ सालदेखि गजेन्द्रनारायण सिंहको नेतृत्वमा रहेको तत्कालीन सद्भावना पार्टीबाट राजनीति थालेका महतोले संघीयता, समावेशी र मधेसी माग-मुद्दाका विषयमा संघर्ष गर्दै आएका छन् ।'

एमाले नेता वामदेव गौतमले संविधानको मर्मविपरीत कार्य गर्ने छैन भनी शपथ गरेको आधा घण्टामै नेपाललाई बहुराष्ट्र र बहुराज्य बनाउँछु भनेर बोलिएको अभिव्यक्ति मुलुकलाई विखण्डनमा लैजाने उद्देश्यबाटै आएको ठोकुवा गरेका छन् । नेता योगेश भट्टराई र गोकर्ण विष्टले पनि सामाजिक सञ्जालमार्फत महतोको भनाइ विखण्डनसँग लक्षित भएको बताएका छन् ।

महतोले संविधानलाई पूर्णता दिन र सबैको स्वामित्वको बनाउनका लागि आफू उक्त अभिव्यक्तिबाट पछि नहट्ने बताएका छन् । उपप्रधानमन्त्री बनेलगत्तै शुक्रबार दिएको अभिव्यक्तिबाट विरोध खेपिरहेका महतोले शनिबार तत्कालीन राजपाको बबरमहलस्थित पार्टी कार्यालयमा आयोजित स्वागत कार्यक्रममा पनि यस्तै धारणा राखे ।

'जुन प्रदेशमा जुन जातिको बाहुल्य छ, उसैको शासन हुने गरी राज्य संरचना हुनुपर्छ भन्ने हो, अहिलेको संविधानमा यस्तो परिकल्पना छैन, यसका लागि हामी लडेका हौं, फेरि पनि आमजनताका साथमा यो मुद्दा लिएर जान्छौं,' उनले भने, 'बहुराष्ट्रको अवधारणाले जातिको पहिचान, भाषा, संस्कृतिको संरक्षण हुन्छ, नश्लीय सोच भएका पार्टीहरूले मात्रै यसको विरोध गर्छन् ।'

### 'राष्ट्रिय एकता, अखण्डताप्रति प्रतिबद्ध छु'

उपप्रधानमन्त्री राजेन्द्र महतोले नियुक्तलगत्तै दिएको अभिव्यक्तिको चर्को विरोध भएपछि शनिबार राति विज्ञप्ति जारी गरेर आफ्नो अभिव्यक्तिलाई बंग्याएर गलत अर्थ लगाएको भन्दै स्पष्टीकरण दिएका छन् । राति साढे ११ बजे जारी गरेको विज्ञप्तिमा उनले आफू राष्ट्रिय एकता र अखण्डताप्रति पूर्ण प्रतिबद्ध रहेको बताएका छन् । 'मैले संविधानको धारा ३ मा उल्लेख भएबमोजिम बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति अस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली समष्टिमा राष्ट्र हो भन्ने विषयलाई आत्मसात् गर्दै यो राज्य सबै जात, जाति, वर्ग, समुदाय, धर्म, लिंगको साझा राष्ट्र हो भन्ने आशय व्यक्त गरेको हुँ,' महतोद्वारा जारी विज्ञप्तिमा भनिएको छ । उनले यो संविधानमा रहेका आफ्ना असन्तुष्टि सम्बोधन गर्न संविधान संशोधन कार्यदलमा धारणा राख्ने उल्लेख गरेका छन् ।

## 'बहुलतालाई स्वीकार गर्न नसक्नेले मेरो विरोध गरेका छन्'



**नेपाललाई 'बहुल राष्ट्र राज्य' बनाउनुपर्छ भन्ने तपाईंको भनाइको अर्थ के हो ?**

पृथ्वीनारायण शाहले नेपाल एकीकरणकै बखतमा चार जात छत्तिस वर्णको फूलबारी भनेका होइनन् ? हो, बहुल राष्ट्र भनेको पनि त्यही हो । अहिले बहुल जातीयमा आधारित राज्य भएकै छैन । बहुसंख्यक बाहुल्यताका आधारमा शासन गर्ने राज्य प्रणाली बनेकै छैन । यो विविधता भएको देश हो । संविधानमा सबैको हिस्सेदारी होस्, सबै जातजाति वर्गले आफू शासित मात्रै होइन, शासक पनि हो भन्ने महसुस गर्न पाओस् ।

**बहुल राष्ट्र भनेर देश टुक्र्याउने कुरा गरिरहनुभएको त होइन ?**

यो कम्युनिस्ट र कांग्रेसका नेताहरूले जानीजानी उठाएको विषय हो । केपी ओलीको विरोध गर्नका लागि उठाइएको हो । मैले उठाएको विषय मूल्य-मान्यता र बहुमतमा आधारित शासन प्रणालीको कुरा हो । यो देश कुनै एउटा जातिविशेषको होइन । आदिवासी जनजाति, बाहुन, क्षत्री, मधेसी, थारू, दलित सबैको हो । संविधानले बहुलतालाई स्वीकार गरेको छ । हाम्रो राष्ट्रिय गानमा पनि त्यही कुरा लेखिएको छ । एक लाइनमा भन्दा हाम्रो राष्ट्रिय गान पनि बहुल राष्ट्रवादमा आधारित छ । तर, त्यसको मान्यताअनुसार शासन गरिएको छैन । जबसम्म शासनमा त्यस्तो व्यवस्था हुन्न, अधिकार पहिचानका लागि जनता मरिरहन्छ, लडिरहन्छ । आवाज उठिरहन्छ । त्यही कुरा मैले गरेको हो ।

**एकपटक असान्दर्भिक भइसकेका कुरा ल्याएर कसरी पूरा गर्न सक्नुहुन्छ ?**

शोषण, उत्पीडनमा परेका जनतालाई संगठित बनाउने, हिमाल, पहाड, तराई-मधेसका जनतालाई जगाउने र यो देश सबैको हो भन्ने भावना जागृत गराउने हो । हामीले बाहुन, क्षत्री, जनजाति, मुस्लिम, दलित, मधेसी, थारूलगायत सबै जातजातिलाई व्यावहारिक र संवैधानिक रूपमा पहिचान दिन खोजेका हौं । अहिले संख्या कम भयो । संगठित हुँदै जनमत बढाउँदै जाने हो । संख्या बढेपछि संविधान संशोधनबाट हामी यो मुद्दा सम्बोधन गर्छौं । त्यसका लागि जनमत बनाउन त संघर्ष गर्नैपर्छ । त्यसै जनता सडकमा आउँदैनन् । अस्ति संसद्मा प्रचण्डले यो संविधान सबै ठीकठाक भयो भने । सबै ठीकठाक भएको भए अहिले किन बोलिरहेका छन् त ? संविधानमा धेरै त्रुटि छन् । त्यसको संशोधन हुनुपर्छ भन्ने त अहिले सबैलाई भइरहेको छ ।

**जातीय आधारमा प्रदेश बनाउन आन्दोलन गर्ने भन्न खोज्नुभएको हो ?**

जातीय राज्य भन्ने होइन । पहिचानका आधारमा राज्य हुनुपर्छ भन्ने मेरो भनाइको अर्थ हो । थारू, मधेसी, खसको पहिचान भएन भने उनीहरूले शासन गर्न पाउँदैनन् । अहिले खस आर्यले पनि छुट्टै पहिचान चाहिरहेको छ । खस आर्यले पनि संविधानमा पहिचान पाइएन भनिरहेको छ । खसको जति जनसंख्या हो, उसको भाग अर्कोले खाइरहेको छ भन्ने परेको छ । यो त पहिचानसँग जोडिएको अधिकारको लडाइँ हो । संघीयता आफ्नो शासनका लागि मागिएको हो । जुन भूगोलमा जुन जातिको बाहुल्य छ, उसको शासन हुनुपर्छ भन्ने मान्यता हो । त्यसका लागि संघीयता चाहिएको हो । एकात्मक शासनका विरुद्धमा संघीयता मानेको हो । जस्तो- स्विट्जरल्यान्डमा सानो-सानो समिति बनाएको छ, हाम्रो पनि त्यस्तै चिन्तन र सोच हुनुपर्छ । बहुलतालाई जोगाएर राष्ट्र निर्माण गर्नु नै बहुल राष्ट्रको अवधारणा हो ।

**तत्कालीन राज्य पुनःसंरचना आयोगले दिएको प्रतिवेदनअनुसार ११ राज्य बनाउनुपर्छ भन्ने एजेन्डा अघि बढाउन थाल्नुभएको हो ?**

हो, त्यो 'टेन प्लस वन' मा आधारित राज्य पुनःसंरचनाको प्रस्ताव थियो । त्यसमा केही न केही पहिचान झल्किन्छ । पहिचानसहितको संघीयता भन्नुस् वा बहुल राष्ट्रको अवधारणा भन्नुस्, त्यही हो । हामीले भनेको पनि त्यही हो । त्यसविपरीत कांग्रेस, एमाले र माओवादीले गोली चलाएर संविधानमा सातवटा प्रदेश राखे । अहिले सब ठीकठाक भन्ने सोच नश्लवादी सोच हो । नश्लवादी सोच बोकेका वामदेवजस्ता नेतालाई यस्ता कुरा पच्दैन । बहुलतालाई स्वीकार गर्न नसक्ने र औपनिवेश सोचबाट शासन चलाउन खोज्नेहरूले मात्रै मेरो अभिव्यक्तिको विरोध गरेका छन् ।



सम्पादकीय

# नैतिकताहीन नजिर

प्रतिनिधिसभा विघटन र निर्वाचनको घोषणा गरेर कामचलाउ हैसियतमा पुगेका प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषद्को व्यापक पुनर्गठन गरेर लोकतान्त्रिक संसदीय अभ्यासको पुनः खिल्ली उडाएका छन् । संविधानले प्रस्ट लेखेका प्रावधानलाई त नटेरी सरासर ह्याकुलाले मिचेर अगाडि बढिरहेका ओलीले यसरी पदानुकूल राजनीतिक संस्कार तथा अभ्यास प्रदर्शन नगर्नु कुनै अतिरिक्त आश्चर्यको कुरा नभए पनि विधिको शासनमाथि भएको अर्को बलात् आक्रमण भने अवश्य हो । सत्ता र शक्तिमा भए जे गरे पनि हुन्छ भन्ने स्वेच्छाचारी प्रवृत्तिको निरन्तरतास्वरूप प्रकट भएको यो पछिल्लो प्रकरणको राजनीतिक तथा कानुनी मात्र होइन, व्यावहारिक औचित्य पनि छैन । यसले केवल नवस्थापित गणतान्त्रिक लोकतन्त्रकै मूल्यमान्यता र मर्मउपर प्रहार गरेको छ । र, यसबाट संविधान जारी भएको पाँच वर्षभित्रै मुलुकमा अर्को नैतिकताहीन नजिर बसेको छ ।

प्रधानमन्त्रीले बलजफ्ती गरेको असंवैधानिक संसद् विघटनको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन भए पनि सरकार स्वयं भने आफ्नै घोषणामुताविक चुनावी प्रक्रियामा सामेल भइसकेको छ । र यस्तो चुनावी सरकारका निश्चित सीमा र बन्देज हुन्छन्, जसलाई प्रधानमन्त्रीले बुझ्नुपर्छ मात्र होइन, स्विकार्नु पनि पर्छ । कामचलाउ सरकार भन्नुको अर्थ दैनन्दिन काम चलाउने मात्र हो, उधुम मच्चाउने होइन । आपत्कालीन प्राथमिकताका काम गर्ने र सार्वजनिक सेवा प्रणालीलाई निरन्तरता दिने मात्र हो, राज्य संयन्त्रका महत्त्वपूर्ण पदहरूमा हेरफेर गर्ने होइन । सानातिना राजनीतिक नियुक्ति गर्न त दुई पटक सोच्नुपर्ने यस्तो अन्तरिम घडीमा मन्त्रिपरिषद् नै पुनर्गठन गर्न त झनै मिल्दैन । तथापि यसो गर्न मिल्दैन, गर्नु हुँदैन, यस्ता अराजक कदम चाल्दा संविधान र लोकतान्त्रिक पद्धति मिचिन्छ भन्ने कुरा नै घरीघरी सम्झाइरहनुपर्ने अवस्था आउनु समकालीन नेपाली राजनीतिको सबभन्दा ठूलो विडम्बना हो ।

डरलाग्दो त, यसबेलाको मन्त्रिपरिषद् गठनले आम देशवासीलाई दुइटा अप्रिय राजनीतिक सन्देश दिएको छ । पहिलो त, यसले सरकारको चुनावी प्रतिबद्धतामै संशय जन्माएको छ । कथं सर्वोच्च अदालतले चुनावमै जानू भन्यो र राजनीतिक वातावरणसमेत त्यसअनुकूल देखियो भने पनि निर्वाचन गराउन सरकार तयार नहुने हो कि भन्ने जबर्जस्त प्रश्न यहाँ खडा भएको छ । नत्र यो घडीमा आएर मन्त्रिपरिषद् पुनर्रचना गर्नुपर्ने दरकार नै किन पर्‍यो र ? स्वच्छ र निष्पक्ष निर्वाचनको सुनिश्चितताका निम्ति सर्वसम्मत वातावरण निर्माण गर्न सरकारले यो कदम चालेको पनि होइन । सहमतीय सरकार बनेको हुन्थ्यो भने बरु असंवैधानिक नै भए पनि आवश्यकताको सिद्धान्तको जामा ओढाइदिएर शंकाको सुविधा दिन सकिन्थ्यो । तर एउटा दल जनता समाजवादी पार्टीको पनि खास हिस्सालाई मात्रै यो बेला सरकारमा सहभागी गराउनुको स्वीकार्य कारण देखिँदैन । यो बेला संसद्लाई सरकार आफैंले सिध्याएको छ; न प्रधानमन्त्रीलाई विश्वासको मत लिनु छ, न कहीँ-कतै बहुमत देखाउनु नै । तापनि ओलीलाई अहिले नै किन मन्त्रिपरिषद् पुनर्गठन नगरी भएन ? प्रधानमन्त्रीलाई के त्यस्तो बाध्यता आइलाग्यो, जसले गर्दा उनी यसका निम्ति सहमत हुनुपर्‍यो ? यिनै प्रश्नहरूको कसीमा प्रधानमन्त्रीको यो कदम गम्भीर आशंकाको घेरामा छ ।

दोस्रो, यो कदमले आम रूपमै आशंका जन्माएको छ– प्रधानमन्त्री आफ्ना पूर्वअडानविपरीत देखिने गरी नै परइच्छा मुताबिक चल्न थालेका हुन् ? आफ्नो सहज सत्ता यात्राका निम्ति अमुक शक्तिलाई रिझाउने क्रमको एउटा कोसेढुंगास्वरूप उनले यो कदम चालेको खुला रहस्य जस्तै छ । र यो घातक किन छ भने हिजो संविधान जारी गर्दा यसको उग्र रूपमा प्रतिरक्षा र विरोध गर्ने दुवै कित्ता यसरी केही समययता एकाएक नङ-मासुजस्तै देखिनुमा त्यही शक्तिको साथ छ, जसले यो संविधानलाई जारी हुनबाटै रोक्न हरसम्भव कोसिस गरेको थियो । निश्चय पनि त्यतिबेलाका दुई ध्रुव एक ठाउँमा आइपुग्नुलाई मात्रै अन्यथा मान्नु नपर्ला, तर यही बेला ती दुवै पक्षले फरकफरक कोणबाट संविधानमाथि निरन्तर प्रहार गर्नुलाई चाहिँ संयोग मात्र ठान्न सकिँदैन, सबैभन्दा चिन्ताको विषय नै यही हो । र, यो घटनाक्रमले संविधान जारी गर्ने ताका र त्यसपछि भारतीय नाकाबन्दीको अवधिसम्म चम्किएको प्रधानमन्त्री ओलीको छविलाई पनि नराम्ररी धुमिल्याएको छ । देशको नेतृत्वको छविमा आएको यो नाटकीय ह्रास कुनै पनि नागरिकका निम्ति खुसीको कुरा हुन सक्दैन ।

अर्को अचम्म के छ भने, स्थिरताको नारा दिएर सत्तासीन भएका र अझै पनि स्थिरताको आवश्यकता दर्साइरहेका प्रधानमन्त्रीले सत्ता यात्राको तीन वर्षको दौरान करिब डेढ दर्जन पटक त मन्त्रिपरिषद् नै हेरफेर गरेका छन् । र, पछिल्लो हेरफेर त यस्तो घडीमा गरेका छन्, जतिबेला देश पूरै शोकमा डुबेको छ । २०७२ सालको भूकम्पलाई छाडेर निकट विगतमा मुलुक यति ठूलो शोकमा कहिल्यै डुबेको थिएन । एक महिनायता मात्रै कोरोना महामारीबाट ४ हजार जनाभन्दा बढीले ज्यान गुमाएका छन् । यसबीचमा दिनकै करिब अढाई सयसम्मको निधन भएको छ । कोरोनाको मृत्यु-ग्राफ हेर्दा लाग्छ, पूरै देश कोरा बसेको छ । त्यसैले राजनीतिक तथा कानुनी चस्मा नलगाई हेर्ने हो भने पनि यस्तो शोकको सन्नाटाबीच कामचलाउ सरकारका नयाँ मन्त्रीहरूको शपथको आवाज कसैगरी पवित्र सुनिँदैन, न यो सम्पूर्ण रमिता शोभनीय नै देखिन्छ ।

# चौपट राजनीति, बिलखबन्द दल



कृष्ण खनाल

अहिले राजनीति चौपट छ । संविधान कहाँ धसिएको छ, प्रणाली कता भासिएको छ, केही छुट्याउन सकिँदैन । प्रधानमन्त्री केपी शर्मा ओलीको एकल राज पूर्ण रफ्तारमा छ । गत शुक्रबार मात्र उनले मन्त्रिमण्डलमा व्यापक फेरबदल गरे । तीन-तीन जना उपप्रधानमन्त्री भएका छन् । जसपा ठाकुर-महतो समूहका दस जना सरकारमा भित्र्याइए, महतो उपप्रधानमन्त्री भए । सिंगो सजपा आउँदा पनि बढी अनुपात ठाकुर-महतो समूहले पाएको छ । कुन दिन अरू को-कति थपिन्छन्, हेर्न बाँकी नै छ ।

सञ्चारकर्मी मित्रहरूले प्रश्न गर्छन्, 'प्रधानमन्त्रीको यो कदम कस्तो लाग्यो ? कामचलाउ सरकारले यस्तो गर्न मिल्छ ?' कोही 'तपाईंको बाइट चाहियो' भन्छन् । मसँग, सायद अरूसँग पनि, यसलाई बुझ्ने र व्याख्या गर्ने कुनै आधार छैन । यसको एउटै उत्तर हो– निरंकुश शासक (डेस्पोट) को कामलाई संविधान, प्रणाली वा कुनै राजनीतिक मूल्य-मान्यतामा हेर्न खोज्नु मूर्खता हो । निरंकुशताको कुनै प्रणाली हुँदैन ।

एक वर्षदेखि प्रधानमन्त्री ओलीका कामलाई पछ्याउन निकै कठिन भएको छ । उनका काम र शैलीसँग संविधान, ऐन-नियम, राजनीतिक मूल्य-मान्यताको कुनै सरोकार देखिँदैन । संविधान उनले मानेका होइनन्, दिएका हुन् । मान्ने काम हाम्रो हो, उनको होइन । विगत सत्तरी वर्षको इतिहासमा ओलीजस्तो निरंकुश शासक अर्को कोही भएन भन्ने अवस्था बनेको छ । जुन वाणी र शैलीमा उनी प्रस्तुत हुन्छन्, त्यसले सबैलाई माथ गरिदिन्छ । चन्द्रशमशेर पनि उनको अगाडि होचा ठहरिन्छन् होला ।

मनोविश्लेषकहरू भन्छन्– निरंकुश शासकहरूमा एउटा समान मनोवृत्ति हुन्छ, 'म जे गर्छु त्यही ठीक हो, मैले भनेको र गरेको गलत हुन सक्तैन ।' यो वर्णन अहिले ओलीमा पूरै लागू हुन्छ । कम वा बढी 'म' भन्ने अहंकार सबैमा हुन्छ । यो मान्छेमा निहित मनोगत अर्थात् इगो समस्या पनि हो । मात्रा मिले यो आत्मविश्वास मानिन्छ, नमिले अहंकार । सत्तामा पुगेपछि त्यही अहंकार निरंकुश प्रवृत्ति बन्छ, शासकीय निरंकुशता जन्मिन्छ । कुनै बेला त्यो विश्वकै लागि संहारकारी बन्छ, नरसंहारमा धकेल्न सक्छ । जर्मनीका एडोल्फ हिटलर यसको सबैभन्दा बदनाम पात्र हुन् ।

वंशानुगत राजा-महाराजलाई निरंकुश बन्न सेनालगायत राज्यको परम्परागत शक्ति सजिलै उपलब्ध हुन्छ । तर लोकतन्त्रमा त्यो हुँदैन । चुनाव र राजनीतिक दल त्यसको धारिलो हतियार बन्न सक्छ । नाजीवाद, फासीवाद र कतिपय सन्दर्भमा साम्यवादमा पनि पार्टी नै त उपयोग भएको छ निरंकुशताका लागि । चाहे हिटलर र मुसोलोनी होऊन् वा स्टालिन र पोलपोट, सबैले पार्टीलाई उपयोग गर्दै आफ्नो गिरोह बनाएका थिए । असहमतहरूलाई पार्टीबाट पजनी गर्थे, थुन्थे र मार्थे ।

निरंकुश शासकहरू पनि जनहितको कुरा नगर्ने होइनन्, अझ बढी गर्छन् । चर्को राष्ट्रवाद, समाजवाद वा हितको नारा दिन माहिर हुन्छन् । सबै आफूलाई अति नै विशिष्ट व्यक्ति हुँ भन्ने र सबैबाट प्रशंसित हुने मनोभावना राख्छन् । 'मैले नै सबैका चाहना पूरा गर्न सक्छु, आफ्नो काम र वचनप्रति म अत्यन्त इमानदार छु, मेरो छाती विशाल छ, अरूका प्रति अनुराग र दयाको भावना छ, तिनका पक्षमा चिन्तन गर्छु र लेख्छु' भन्ने पनि हुन्छ । आफ्ना बारेमा त्यो विशालताको अनुभूतिमा अरू सबै भारेभुरे देखिन्छन् । आफूले अरू कसैलाई मान्न-गन्न आवश्यक छैन भन्ने मनोग्रन्थि बोकेका हुन्छन् निरंकुश शासकहरूले । यथार्थमा निरंकुश शासक अरूको अधिकार, सम्मान र मर्यादाप्रति उत्तिकै बेपरबाह हुन्छन् । लोकतन्त्रको बाहिरी आवरणको भाषण छाँट्छन् तर त्यसको मर्यादा र व्यवहार गर्दैनन् ।

प्रतिनिधिसभा विघटित छ, सरकारले चुनावको घोषणा गरेको छ । दलहरू विभाजित र अन्योलग्रस्त छन् । सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना वा विघटन सदर, जे फैसला गरे पनि अगाडिको बाटो केवल प्रधानमन्त्रीको कुर्सीमा बसेर ओलीले जता 'डिक्टेट' गर्छन्, त्यही हुने सम्भावना देखिन्छ । ओलीतन्त्रको विध्वंस मच्चिएको त छ नै, अरू खेलाडीको पनि कुनै दम र हैसियत देखिएन । यो थप चिन्ताको कुरा हो । सशक्त प्रतिवादको त कुरै छाडौं, अलि सुन्न र देख्नलायक प्रतिक्रिया पनि पाउन सकिन्न विरोधी र विपक्षीहरूबाट । लाग्छ, ओलीतन्त्रको आगोमा पिल्सिएर उनीहरूको जीवनतत्त्व ह्रास भएको छ ।

एमालेमा माधव-झलनाथ समूहको एकता अलमल र विभाजित जसपाको ठाकुर-महतो टोलीका कारण संसद् पुनःस्थापना हुँदैमा ओली हट्छन् भन्न सकिन्न । अब त, ठाकुरको कथित 'तटस्थता' पनि सकियो । ओलीका विरुद्ध पहिलेजस्तै अविश्वासको प्रस्ताव पनि नजाने, उनले विश्वासको मत पनि नपाउने स्थिति दोहोरिन सक्छ । वास्तवमा उनी विश्वासको मतका लागि प्रयत्नशील पनि छैनन् । उनी त्यो बाटामै हिँड्न चाहेका छैनन् । केवल आफूविरुद्ध अर्काले बहुमत देखाउन नपाओस् भन्नेसम्म हो । त्यसपछि यही प्रतिनिधिसभाको तेस्रो पटक विघटन गर्न कुनै संवैधानिक पर्दा बाँकी रहनेछैन । तसर्थ अदालतको रिहर्सलले पनि ओलीतन्त्रलाई पाको बनाउनेबाहेक अरू केही होला जस्तो लाग्दैन । राजनीतिमा विकल्प दिनुपर्नेहरू नादान भएपछि अदालतले गरिदिएर मात्र के हुन्छ र ?

ओलीका यी क्रियाकलापका पछाडि भारत छ भनेर धेरै मानिस टिप्पणी गर्छन् । भारत कहिले थिएन र नेपालको राजनीतिमा ? चाहे मोदी होऊन्, गान्धी वा नेहरू, नेपालसँग गर्ने व्यवहार कहिले फरक भएको छ र ? भारत वा चीनतर्फ औंला देखाउँदैमा अहिलेको राजनीतिलाई बुझ्न र यसबाट पार पाउन सकिन्न । ओलीका रूपमा अहिले जुन पात्रको उदय भएको छ, यो बुझिनसक्नु छ । सायद भारतीय सुरक्षा संयन्त्र, खास गरी 'रअ' ले ओलीको गहिरोसँग मनोविश्लेषणात्मक अध्ययन-अनुसन्धान गरेको हुनुपर्छ । त्यसैले त नेपालको राजनीतिमा प्रत्युत्पादक हुन पुगेको भारतीय कूटनीति अहिले फेरि चमचमाएको छ । पात्र उनै छन्, व्यवहार र परिणाम बदल्न पात्रको मनोविज्ञान जान्नु आवश्यक हुन्छ ।



> निरंकुश शासकको कामलाई संविधान, प्रणाली वा कुनै राजनीतिक मूल्य-मान्यतामा हेर्न खोज्नु मूर्खता हो । निरंकुशताको कुनै प्रणाली हुँदैन ।

हाम्रा टिप्पणीहरू पनि सतहमै सीमित छन् । हामी राजनीतिक दलका बासी पाठ, थोत्रा पात्र र तिनले पैदा गरेका विकृतिजन्य घटनालाई मात्र हेर्छौं । यसका नेतृत्वदायी पात्रहरूको मनोविश्लेषणमा आधारित अध्ययनको आवश्यकता बढेको छ । मनोविश्लेषण मेरो विषय होइन । त्यस्ता अध्ययनमा आधारित केही राजनीतिक विश्लेषण भने गर्न सकिन्छ । त्यसैले अहिलेको राजनीतिक संकट बुझ्नका लागि अलि फरक ढंगले विमर्श गर्नु आवश्यक छ । यो संकटको स्रोत व्यक्तिको व्यवहार हो, संविधान वा प्रणाली होइन । व्यक्तिमा यो प्रवृत्ति रहेसम्म जुनसुकै प्रणाली अपनाए पनि आउने परिणाम यस्तै हुन्छ ।

आजको यो स्तम्भमा मैले नेपालको वर्तमान राजनीतिका दुइटा पक्षलाई सँगै राखेर हेर्न खोजेको छु । राजनीतिमा विचलन र विकृति बढेको छ । नेपालमा मात्र होइन, विश्वव्यापी छ । यी हिजो पनि थिए । तिनका विरुद्ध अलि भरलाग्दा आशाहरू छन् र एउटा सीमामा सीमित गर्न सकिएको छ भने त्यति चिन्ता गर्नुपर्दैन । राजनीति फूलैफूलको संसार होइन । अनेक किसिमका गलत प्रवृत्ति पनि सँगै पलाउँछन् र बेलाबेलामा झाँगिन्छन् पनि । जिम्मेवारीमा बस्ने मानिसले त्यसको थोरै छाँटकाट गरे मात्र पनि राजनीतिले त्यति बाटो बिराउँदैन । मानिसमा आशा बाँचिरहन्छ ।

हामीलाई अहिलेसम्म खुला समाज र आवरणमै भए पनि लोकतन्त्रको फाइदा छ । राजनीतिमा मौलाएको विकृति देख्न सकिन्छ, टीकाटिप्पणी गर्न पाइन्छ । नियन्त्रित समाजमा जस्तो त्यो लुक्तैन । शासकले जति प्रयत्न र छेकबार गरे पनि बाहिर आइहाल्छ । सञ्चारमाध्यमले धर्म छाडेका छैनन्, सबै बाहिर आएको छ । हामी सबैले देख्न-जान्न पाएका छौं । डर निरंकुशता बढ्दै गर्दा 'गोदी मिडिया' को छाया पर्ला कि भन्ने मात्र हो ।

खुला समाजका अरू अवयव विकसित भइनसकेको हाम्रोजस्तो मुलुकमा लोकतन्त्रकै दुरुपयोग गरेर चुनाव र दलको आडमा निर्वाचित तानाशाह (अटोक्र्याट/डेस्पोट) पैदा हुने भय हुन्छ । अटोक्र्यासी/डेस्पोटिजम कुनै प्रणाली होइन, व्यक्तिमा अन्तर्निहित शासकीय दुष्प्रवृत्तिको एउटा प्रकट रूप हो । प्रधानमन्त्री ओली यतिखेर त्यसको नेपाली भर्सन बनेका छन् । हामीले यसरी चर्चा गर्न पाउन्जेल उनको अझ चर्को रूप आइसकेको छैन भनेर मान्नुपर्ने हुन्छ । अहिलेका प्रयत्नहरू त्यो अवस्थाबाट रोक्नका लागि हो ।

विकृति, विचलन नियन्त्रण गर्नुपर्ने विषय हुन्, पूरै फाल्न सकिन्न । तर निरंकुशताको नियन्त्रण हुँदैन, त्यसलाई फाल्नैपर्छ । निरंकुशतामा त्यसलाई फाल्ने कुरा प्रमुख हुन्छ, विकृतिको पक्ष गौण हुन जान्छ ।

२०४८-५८ मा पनि विकृति निकै मौलाएको थियो । जब ज्ञानेन्द्रको शाही निरंकुशता बढ्यो, राजनीति त्यतातिर केन्द्रित भयो । ज्ञानेन्द्र हटे, ठूलो राजनीतिक परिवर्तन भयो । तर विकृति झन् बढ्यो । नयाँ शक्तिका रूपमा आएका माओवादी र मधेसी दलहरू पनि त्यसमै रमाए । कोही चोखो रहेन ।

विकृति र विचलनको रजगजमा राजनीतिले 'सबैको हित' भन्ने आफ्नो स्वाभाविक एवं मौलिक तत्त्व गुमाउँछ । लोकतन्त्रका अन्तर्निहित रसायनहरू सुक्न थाल्छन् । निजी लेनदेन, फाइदा-बेफाइदाको हिसाबकिताबमा राजनीति चल्छ । नेता, कार्यकर्ता, समर्थक सबै, यहाँसम्म कि मतदातासमेत यसमा मलाई के फाइदा भनेर भोटको मोलमोलाइ गर्न थाल्छन् । निजी फाइदा नदेखे नेताहरू पनि राजनीतिको कुनै मुद्दा उठाउन चाहँदैनन् । यतिखेर यो प्रवृत्ति नेपालको राजनीति चरम विन्दुमा पुगेको छ । पार्टी एकताका नाममा एक थरी आफ्नो राजनीतिक भविष्य सुरक्षित गर्न चाहन्छन्, जोखिम मोल्न चाहँदैनन् । एमालेमा माधव-झलनाथ समूहको अलमल त्यसकै परिणाम हो । विपक्षी नेपाली कांग्रेस पनि सत्तामा रहुन्जेल ओलीबाट लिने फाइदाको मोलमोलाइमै छ । जब राजनीति गर्ने मानिस जोखिम मोल्न तयार हुँदैन, निरंकुश शासनलाई रोक्ने कसले ?

मैले यहाँ अलि प्राथमिकतासाथ उठाउन खोजेको कुरा लोकतान्त्रिक कलेवरको राजनीतिमा पनि निरंकुश शासक जन्मिन्छ भन्ने हो । विकृति र विचलनले ओली हुनु वा नहुनुमा त्यति फरक राख्दैन । यो हिजो पनि थियो । ओली हटेपछि भोलि पनि रहनेछ, मात्रा तलमाथि होला । फरक त्यति मात्र हो, निरंकुशता र विकृति मिसिएपछि विकृतिको चर्चा गर्नुको अर्थ रहँदैन । निरंकुशताले सबैलाई उछिन्छ ।

नेपालमा राजनीतिक नेताको मनोविश्लेषण गर्ने, त्यसको अध्ययन गर्ने चलनै छैन । जिन्दावाद र मुर्दावादको नाराजस्तो प्रशंसा र विरोधलाई नै हामीले अध्ययन, मूल्यांकन ठान्यौं । बीपी कोइरालाले राजा महेन्द्रका बारेमा थोरै मनोविश्लेषणात्क टिप्पणी गरेका छन् । महेन्द्रमा कस्तो दोष मनोग्रन्थि थियो र त्यसले कसरी उनको राजनीतिक व्यवहारलाई ग्रसित गरेको थियो भनेर संक्षेपमा चर्चा गरेका छन् बीपीले आफ्ना स्मरणहरूमा । त्यो पनि एउटा 'अब्जर्भेसन' मात्र हो, अध्ययन होइन । त्यति टिप्पणी पनि हामीले नेताहरूका बारेमा गरेका छैनौं ।

राजनीतिमा सिद्धान्त र प्रणाली महत्त्वपूर्ण विषय हो, तर त्यो स्थूल पक्ष हो । तर परिणाम दिने व्यक्तिको काम र व्यवहारले हो । व्यवहारकेन्द्री अध्ययन र विश्लेषणबाट जसमा मनोविज्ञान पक्ष निकै महत्त्वपूर्ण मानिन्छ, व्यक्तिका व्यवहारहरूको सूक्ष्म पक्षलाई बुझ्न सकिन्छ । मनोविज्ञानले व्यक्तिको जीवनको पूर्वभागमा भोगेका भौतिक वञ्चितिले उसको जीवनको पछिल्लो भाग प्रभावित गर्छ । एउटा सामान्य अवलोकन गर्न सकिन्छ, यसबीचमा कांग्रेस, एमाले, माओवादी वा मधेसीलगायत जो जति मन्त्री भए, सत्ताको स्वाद बसिसकेपछि उनीहरूको जीवनशैलीमा मात्र होइन, चेहरामै परिवर्तन आएको छ, किन होला ? विगतको वञ्चिति र हाल हात लागेको अवसरप्राप्तिको मात्राको मनोवैज्ञानिक विश्लेषण गर्न सके त्यसै स्पष्ट हुन्छ । आक्षेप र अनुमानको पछि लाग्नुपर्दैन ।

प्रधानमन्त्री ओलीलाई म व्यक्तिगत रूपमा चिन्दिनँ । उनीसँग मेरो दोहोरो कुराकानी त के, भेट नै भएको छैन भने हुन्छ । उनका बारेमा मैले जान्ने आधार सार्वजनिक स्रोतहरू मात्र हुन् । उनको मनोग्रन्थि र व्यवहार जान्न त्यही नै यथेष्ट छन् । ओलीको मात्र किन र ? के प्रचण्डमा छैन मनोव्यवहारको प्रभाव ? किन होला, उनले आफूलाई भेट्न आउने मानिसका बीच नेपालको झन्डा र बुद्धको मूर्ति सधैं प्रदर्शन गर्छन् ? देउवा होऊन् वा माधव नेपाल, कोही पनि विगतको चेतन वा अवचेतन छायाबाट मुक्त हुन सक्तैन । सबै व्यक्तिका काम र व्यवहार त्यसबाट प्रभावित भइरहेका हुन्छन् ।

## सम्पादकलाई चिठी

### मधेसीको मन कुँडियो

प्रतिनिधिसभा विघटनविरुद्धमा सर्वोच्च अदालतमा सत्ताइतरका दलले १४९ सांसदको हस्ताक्षरसहित निवेदन दर्ता गराएका छन् र यसउपर सुनुवाइ भइरहेको छ । अहिलेको कामचलाउ मन्त्रिपरिषद् कुनै पनि बेला ढल्न सक्छ । प्रधानमन्त्री केपी शर्मा ओलीले आफूले घोषणा गरेको मध्यावधि निर्वाचनमा मधेसकेन्द्रित दलले सहयोग पुर्‍याउने सक्ने आकलन गरी जसपाको महन्थ-राजेन्द्र समूहलाई आफ्नो चाणक्य नीतिको फन्दामा पारेका छन् । उक्त समूहलाई ८ मन्त्री र २ राज्यमन्त्री दिई मन्त्रिपरिषद्मा भित्र्याएका छन् । सत्ताका लागि यो समूहले आफ्नो अस्तित्व नै समाप्त पार्दै छ । जसपा अध्यक्षद्वय आ-आफ्नो सिद्धान्तका कारण यतिखेर दुई कित्तामा विभाजित छन् । एकथरी सत्तामा गएका छन्, अर्काथरी प्रतिनिधिसभा ब्युँतिनुपर्छ भन्दै छन् । मधेसकेन्द्रित दलहरूले एउटै सूत्रमा बाँधिन अनेक उपाय लगाए तर ती सबै व्यर्थ भएको छ । एकले अर्काको अस्तित्व र स्वाधीनता स्विकार्न नसकेका कारण उनीहरू फुटेका हुन् । 'कोभन्दा को कम' भन्ने कुण्ठाले गर्दा मधेसको एकता भंग भएको छ । ओलीले यही कमजोरीको फाइदा उठाएका छन् । सबैलाई थाहा भएकै सन्दर्भ हो, प्रतिनिधिसभा विघटनको मुद्दाको फैसला चाँडै आउँछ । यदि प्रतिनिधिसभा ब्युँतिए कामचलाउ मन्त्रिपरिषद् स्वतः खारेज हुन्छ, त्यसो भएन भने पनि, ६ महिनामा निर्वाचन हुने नै छ । त्यसकारण थोरै समयका लागि भए पनि राजपालाई आफ्नो पकडमा राख्न ओली चाहन्छन्, जसमा उनी सफल भएका छन् । मधेसको मुद्दालाई सम्बोधन गर्न सरकारमा गएको भने पनि उनीहरू सत्तामोहका कारण त्यहाँ पुगेका हुन्, यो सत्य जनताले बुझेका छन् र यसले आममधेसीको मन कुँडिएको छ ।

– **प्रमोद पौडेल**, *पेप्सीकोला, काठमाडौं*

### विधानको अवसान नहोस्

खिमलाल देवकोटाको 'संविधानमाथि बेइमानी' लेखमा थप उजागर गर्नुपर्ने विषय निम्न छन् ।

१) नेपालको संविधानको धारा ७६(५) आकर्षित हुन संविधानको धारा ७६(३) अनुसार नियुक्त प्रधानमन्त्रीले संविधानको धारा ७६(४) अन्तर्गत नियुक्त भएको मितिले तीस दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिन असफल भएमा वा संविधानको धारा ७७(१)(क) बमोजिम राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएको हुनुपर्छ । २०७१, कात्तिक १७ गते संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले प्रस्तुत गरेको अवधारणाको शासकीय स्वरूपअन्तर्गतको बुँदा नं. ५.२ मा केपी शर्मा ओली आफैंले अल्पमतको सरकारले प्रतिनिधिसभामा तीस दिनभित्र विश्वास लिनुपर्ने भनी हस्ताक्षर गरेका थिए । त्यसैले यो विषय उनका लागि अनविज्ञ थिएन, छैन । तथापि उल्लिखित संवैधानिक प्रक्रिया उनले पालना गरेनन् । संविधानको पालन र संरक्षण गरेर राष्ट्रपतिले आफूलाई कानुनी रूपमा सक्षम बनाउन सक्नुभएन । उहाँले प्रधानमन्त्रीलाई विश्वासको मत लिनुस् वा राजीनामा दिनुस् भन्न सक्नुपर्थ्यो । प्रधानमन्त्रीले विश्वासको मत लिन असफल भएमा वा पदबाट राजीनामा दिएमा राष्ट्रपतिले संविधानको धारा ७६(५) अन्तर्गतको प्रधानमन्त्रीका लागि आह्वान गर्ने हो । यसमा कामचलाउ प्रधानमन्त्रीको सिफारिस आवश्यक नपर्ने संवैधानिक प्रावधान छ ।

२) विश्वासको मतमा एक पटक असफल भैसकेका प्रधानमन्त्रीले विश्वासको मत लिन नसक्ने भनी वैकल्पिक सरकार गठनका लागि मार्गप्रशस्त गर्न राष्ट्रपतिसमक्ष मन्त्रिपरिषद्को निर्णयका आधारमा सिफारिस गरी पत्रकार सम्मेलन गरेको र राष्ट्रपतिको कार्यालयद्वारा जारी विज्ञप्तिको आधारमा समयसीमाभित्र प्रतिनिधिसभा सदस्य शेरबहादुर देउवाले बुझाएको बहुमत सांसदको हस्ताक्षर राष्ट्रपतिले सनाखत गर्नुपर्थ्यो वा सहज निकास दिनुपर्थ्यो । तर दुवै पक्षको दाबी पुगेन भन्नुबाट राष्ट्रपति संवैधानिक प्रक्रियामा चुकेकै हो । विपक्षी गठबन्धन पनि शंकाको लाभबाट वञ्चित भएकै हो ।

३) मिति २०७८-०२-०८ को राति गैरकानुनी ढंगले प्रतिनिधिसभा विघटन गर्ने मन्त्रिपरिषद्को निर्णय र सिफारिसका आधारमा राष्ट्रपतिले संसद् विघटन गर्नु विधिको विडम्बना एवं पूर्ण पाठ आउन बाँकी २०७७-११-११ को सर्वोच्च अदालतको फैसलाको मर्म र भावनाविपरीत छ । अदालतले कसैको पनि हानि पुर्‍याउँदैन भन्ने मान्यताको आधारमा पनि यो अदालतको अवहेलना हो भनी सर्वोच्च अदालतमा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले पेस गरेको निवेदन विचाराधीन छ ।

४) कथं वर्तमान प्रधानमन्त्रीले संसद्बाट विश्वासको मत नपाएको भए राष्ट्रपतिबाट संविधानको धारा ७६(५) को प्रधानमन्त्री आह्वान हुँदा तोकिएको अवधिमा प्रतिनिधिसभाको कुनै पनि सदस्यले बहुमतको आधार देखाउन नसकेको भए त्यसबखत संसद् अनिर्णयको बन्दी बन्थ्यो र कामचलाउ प्रधानमन्त्रीकै सिफारिसमा राष्ट्रपतिबाट संसद् भंग भएको भए त्यो कानुनसम्मत हुन्थ्यो । प्रधानमन्त्री र राष्ट्रपतिमा त्यो धैर्य पाइएन । असंवैधानिक कदमले निरन्तरता पाइरहेको छ ।

५) अतः वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले भनेझैं राष्ट्रपतिबाट गल्ती भएकै छ । सशरीर उपस्थित सांसदले प्रतिनिधिसभा चलाउँछौं भन्दाभन्दै सांसदबाहेक न प्रधानमन्त्रीले न त राष्ट्रपतिले नै संसद् मार्न सक्छन् ।

६) संविधानको धारा ७६(५) मृत्युशय्यामा पुग्न लागेको संसद्का लागि आईसीयू वा भेन्टिलेटरजस्तै हो । यसमा दलीय निर्देशन (ह्वीप) लाग्दैन । नेता लक्ष्मणप्रसाद घिमिरेका अनुसार संविधानसभामा घनीभूत छलफलपछि राखिएको यो प्रावधान बहुदलीय व्यवस्थामा भएको निर्दलीय पद्धति हो । संसद् विघटनविरुद्ध सर्वोच्च अदालतमा परेका २६ वटा रिटमाथिको सुनुवाइ र निर्णयले मात्र संविधानको आयु तय हुने देखिन्छ ।

– **ज्ञानेन्द्रराज आरण**, *रामेछाप*

### चुरे क्षेत्रको मरुभूमीकरण

आर्थिक वर्ष २०७८/०७९ को बजेटको बुँदा १९९ मा 'गिट्टी, बालुवा निकासी गरेर राजस्व बढाउने' भन्ने वाक्यांशले स्वाभिमानी, देशभक्त नेपालीलाई झस्काएको छ । छोटो समयमै चुरे क्षेत्रलाई मरुभूमि बनाउन लक्षित उक्त बुँदाले ७ वर्षअघिदेखि सञ्चालित 'राष्ट्रपति चुरे संरक्षण आयोजना' माथि आगो सल्काइदिएको छ र मुलुकको प्राकृतिक पहिचान छिटै अन्त गर्न उद्यत छ । चुरे, भावर, तराई एवं उत्तरको पहाडमा पानीको अभाव, अतिवृष्टि, अनावृष्टिको वातावरण सृजना गराएर हाहाकार मच्चाउने निकृष्ट कार्यक्रमको उद्घोष गरेको छ । देशको मुटु चुँडेर राजस्व बढाउने यो कार्यक्रमको जति भर्त्सना गरे पनि कम हुन्छ । हुन त, चुरे मास्ने सरकारी योजनाको विरोधमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, कांग्रेस सभापति र प्रदेश-२ का मुख्यमन्त्रीलगायत विभिन्न व्यक्तित्वले आवाज उठाएका छन् । तथापि मुलुकको पहिचान, गरिमा मास्ने उद्देश्यबाट ल्याइएको सो कार्यको नायक को हो, उसको कठालो समात्ने हिम्मत कसैमा देखिँदैन । यस्तो सतही विरोधको परिणाम शून्य हुने रहेछ भन्ने निर्मला हत्याकाण्डबाट हामीले सिकिसकेका छौं । उता ८० प्रतिशत भूभाग जंगलले ढाकिएको र प्राकृतिक उद्यानको नामले चिनिएको डडेल्धुरालाई नेतृत्वकै संरक्षणमा वन माफियाले उजाड बनाउँदै लगेको सन्दर्भले 'मुखमा रामराम बगलीमा छुरा' बोक्ने नेताको कमी नभएको प्रस्ट हुन्छ ।

– **भुवनेश्वर शर्मा**, *चन्द्रागिरि-२, काठमाडौं*

# ‘के चिढ्याउने बजेट ल्याउनुपर्थ्यो ?’

एमाले नेता **विष्णु पौडेल** दुई हिसाबले चर्चाको केन्द्रमा छन् । पहिलो- ढुंगा, गिट्टी र बालुवा निकासीदेखि प्रधानमन्त्रीकै आर्थिक सल्लाहकारलाई लक्ष्य गरेर आयोडिनयुक्त नुनको कारोबार खुलाउनेसम्मका विवादास्पद निर्णयसहित उनले अध्यादेशबाट ल्याएको बजेटमाथि विविध कोणबाट बहस भइरहेको छ । दोस्रो- शुक्रबार भएको मन्त्रिपरिषद् पुनर्गठनमा एमालेका सबैजसो मन्त्रीलाई बिदाइ गरिँदा उनले भने उपप्रधानसहित अर्थमन्त्रीको जिम्मेवारीमा निरन्तरता पाए । उनै पौडेलसँग बजेटका विवादास्पद विषय, मन्त्रिपरिषद् पुनर्गठन, सरकारको कामकारबाही, एमाले पार्टी एकतालगायतबारे कान्तिपुरका **कृष्ण आचार्य** र **राजु चौधरी**ले गरेको कुराकानीको सम्पादित अंश :


दीपक केसी

**तपाईंसँग बजेटको विषयमा कुरा गर्न समय लिएका थियौं । तर मन्त्रिपरिषद् पुनर्गठन र तपाईं आफैं उपप्रधानमन्त्री भएको भोलिपल्टै पर्‍यो । अब राजनीतिक कुरा गर्ने कि बजेटको ?**

सुरुमा राजनीतिक कुरा गरौं न ।

**एकाएक मन्त्रिपरिषद् पुनर्गठन भयो । यो राजनीतिक घटनाक्रम कसरी विकास भयो ?**

यो एकाएक होइन । सम्माननीय प्रधानमन्त्रीले बारम्बार भनेकै विषय हो । हामी प्रतिनिधिसभा विघटनको पक्षमा थिएनौं । तर अवस्था त्यस्तै सिर्जना भयो । मुलुक ताजा जनादेशका निम्ति अगाडि बढ्न तयार हुनुपर्ने अवस्था आयो । निर्वाचनको मिति घोषणा भइसकेको छ । स्वच्छ, निष्पक्ष ढंगले निर्वाचन गराउन सरकार प्रतिबद्ध छ । निर्वाचन लोकतन्त्रको प्राण हो । हाम्रो संविधानको आत्मा हो । त्यसैले सबै राजनीतिक दल, आम जनता निर्वाचनका लागि तयार रहनुपर्ने अवस्था छ । निर्वाचनका लागि सबै मिलेर अगाडि बढौं भनेर सबै राजनीतिक दललाई सरकारमा सहभागी हुनसमेत प्रधानमन्त्रीले आह्वान गरिराख्नुभएको छ । त्यसैको सिलसिला हो यो । जनता समाजवादी पार्टीसँग सहमति बनेपछि मन्त्रिपरिषद् पुनर्गठन भएको हो ।

**चुनावी सरकारलाई कामचलाउ भन्ने गरिएको छ । यस्तो अवस्थामा चुस्त सरकार बनाउनुपर्नेमा मन्त्रीहरू थपिरहनु अस्वाभाविक भएन ?**

सरकारबारे दृष्टिकोण बनाउँदा संवैधानिक दृष्टिकोणलाई हेक्का राख्नुपर्छ । सरकारको सीमा के हो, के गर्न पाउँछ, के गर्न पाउँदैन, संविधान र कानुनले कहाँ के किटान गरेको छ भन्ने हेर्नुपर्छ । सरकारले संविधानको प्रबन्ध र कानुनको सीमाभित्र रहेर आफ्नो अभिभारा पूरा गरिरहेको छ । कामचलाउ सरकार भनेर बजारमा चर्चामा ल्याउन खोजिएको छ । कामचलाउ भनेर काम नै गर्न नहुने सरकारको परिकल्पना गरिएको हो ? जनता र मुलुकका चुनौती र अभिभारा पूरा गर्न नसक्ने, समस्या चिन्नै नसक्ने, कानुनमा भएको काम नगर्ने सरकारको खोजी गरिएको हो ? दोस्रो कुरा, कामचलाउ भनेर हाम्रो संविधान र कानुनमा कहीं उल्लेख छ ? यस प्रकारको सरकारले यस्तो काम गर्न पाउँदैन भनेर कहाँ वर्गीकरण गरिएको छ ? कहीं पनि छैन । त्यसकारण कामचलाउ सरकार भन्नु आग्रहयुक्त हो ।

**धेरै मन्त्रालय खाली राखिएका छन् । बाँकी मन्त्रालयमा कसलाई ‘इन्ट्री’ गराउने हो ?**

बाँकी मन्त्रालयमा छिटै पूर्ति हुन्छ । सम्माननीय प्रधानमन्त्रीले आम रूपमा राजनीतिक दलहरूलाई सरकारमा सहभागी हुन आह्वान गर्नुभएको छ । अरू राजनीतिक दलहरू आउनुभयो भने त्यहाँबाट पनि पूर्ति गरिन्छ । संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका लागि खाली हो यो । सबै दलका लागि ढोका खुला राखिएको छ । दलहरूसँग छलफल गर्ने क्रममा अरू ठाउँ पनि खाली गर्न सकिन्छ ।

**पूर्वमाओवादी समूहका रामबहादुर थापालगायतको उपयोगिता सकिएको हो ?**

यसो भनेर साथीहरूलाई ‘प्रोभोक’ गर्न खोजिएको छ । रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणि थापालगायतका कमरेडहरूले सुझबुझपूर्ण तवरले राजनीतिक निर्णय गर्नुभएको छ । उहाँहरूलाई प्रोभोक गर्न चाहनेहरूलाई म भन्न चाहन्छु- चिमोटेर उत्तेजित नगरे हुन्छ । उहाँहरू नेपालको कम्युनिस्ट आन्दोलन र लोकतन्त्रको सूक्ष्म विश्लेषण गरेर निष्कर्षमा पुग्नुभएको हो ।

सर्वोच्च अदालतले ऋषि कट्टेलको नेपाल कम्युनिस्ट पार्टीको नामबारे मुद्दामा निर्णय गरेपछि पार्टी अध्यक्ष केपी शर्मा आलीले पार्टी एकतालाई पहल गर्नुभएको हो । माओवादी केन्द्रको मुख्य नेतृत्वले इच्छा नदेखाएपछि एमाले र माओवादी अलग-अलग हुने अवस्था सिर्जना भयो । त्यो परिस्थितिमा बादल, लेखराज भट्टलगायतले हामी एकताको पक्षमा छौं, अदालतको निर्णयले विभाजित हुनुपर्छ भनेको होइन, विभाजित हुनुहुँदैन, हामीसँग सही विचार र सक्षम नेतृत्व छ भनेर अगाडि बढ्न खोज्नुभएको हो । उहाँहरूको यो निष्कर्ष सही र सुझबुझपूर्ण थियो । त्यसकारण उहाँहरूको उपयोगिता सकिएको होइन । उपयोगिता बढेको छ ।

**उपप्रमुखमा जम्मा ९९ भोट ल्याएर पराजय भोगेकालाई मन्त्री बनाउनुभयो । यतिधेरै प्रशंसा गर्नुभएका उहाँहरू मन्त्री हुनुभएन नि ?**

मन्त्रालय बाँडफाँटका विषयमा शुक्रबार मूलतः जनता समाजवादी पार्टीका सन्दर्भमा मात्रै निर्णय भएको हो । कोभिड-१९ महामारीको सन्दर्भमा एकछिन पनि खाली गर्न नमिल्ने स्वास्थ्य, परराष्ट्र, अर्थ मन्त्रालयको पनि निर्णय भएको हो । अरू विषयमा छलफल गरेर तुरुन्तै निर्णय हुन्छ । केही दिन वा घण्टाकै अन्तरालमा मन्त्रिपरिषद्मा पूर्वमाओवादी साथीहरूको उपस्थिति देख्न सक्नुहुनेछ ।

**परराष्ट्र मन्त्रालयमा प्रदीप ज्ञवालीलाई हटाएर रघुवीर महासेठलाई जिम्मेवारी दिइएको छ । यस्तो कसरी भयो ?**

अहिले हामीसँग धेरै महत्त्वपूर्ण अभिभारा छन् । एउटा सरकारमा रहेर कोभिड-१९ महामारी सामना गर्दै नागरिकलाई खोप सुनिश्चित गर्ने र मुलुकलाई निर्वाचनतर्फै लैजाने भन्ने छ । अर्कोतर्फ एमालेलाई समग्रतामा व्यवस्थित पनि गर्नु छ । त्यसमा संगठनात्मक व्यवस्थापनमा योजनाबद्ध ढंगले जानुपर्ने छ । मन्त्रिपरिषद् बाहिर बस्नु भनेको कार्यक्षमता नराम्रो भएको भन्ने होइन । उहाँले धेरै राम्रो कार्यक्षमता देखाउनुभएको छ । तर कार्यविभाजनअन्तर्गत सरकार र पार्टीको अभिभाराका कारण दुवै सन्दर्भलाई एक ठाउँमा राखेर प्रधानमन्त्रीज्यू यो निर्णयमा पुग्नुभएको हो ।

**अब चुनाव आउँदै छ । पार्टीलाई पैसा पनि चाहिन्छ । सरकारमा त्यो खालका पृष्ठभूमि भएका व्यक्तिहरू आवश्यक परेर यस्तो निर्णयमा पुग्नुभएको हो ?**

तपाईं यो प्रश्नको औचित्य पुष्टि गर्न सक्ने गरी नै प्रस्तुत हुनुभएको म ठान्छु । त्यो छ भने भन्नु होला । होइन भने कसैप्रति पनि यस किसिमको आरोप लगाउनु ठीक हुँदैन ।

**कम्युनिस्ट आन्दोलनमा पारिवार, नातावाद, आसेपासे भन्ने हुँदैन भनिन्थ्यो । यति ठूलो पार्टीमा उच्च पदका लागि श्रीमान्-श्रीमती सधैं ‘रोटेसन’ गरिरहनुको कारण के त ?**

हामीले मन्त्रिपरिषद् निर्माण गर्दा धेरै कुरालाई ध्यानमा राख्छौं । क्षेत्रीय, लैंगिक, जाति, भाषाभाषी, भौगोलिक सन्तुलन हेरेका हुन्छौं । पार्टीमा योगदान पनि हेरिन्छ । निर्वाचन खर्चका सन्दर्भमा एमाले पारदर्शी पार्टी हो । हामी पारदर्शी व्यवस्थापन र खर्च गर्छौं । हामीले गरेका कामकारबाहीको सन्दर्भमा निर्वाचन आयोगलगायत अन्य ठाउँ हेर्नुस् । पैसाले चुनाव जित्ने भए सबै निर्वाचन क्षेत्रमा एमालेको जमानत जफत हुन्थ्यो । हामी जनताको विश्वास जित्छौं र जनताको जगले चुनाव जित्छौं ।

**तपाईंको कुरा गरौं । बढुवालाई कसरी लिनुभएको छ ?**

यसलाई सामान्य रूपमा लिएको छु । सम्माननीय प्रधानमन्त्रीले यस प्रकारको मूल्यांकन गर्नुभयो । यसलाई विशेष रूपमा लिएको छैन ।

**नयाँ संविधान जारीपछि उत्पन्न राजनीतिक, आर्थिक र स्वास्थ्य संकट एवं स्रोतमाथिको दबाबका बीच भर्खरै बजेट ल्याउनुभएको छ । कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

बजेटप्रति आसाधारण समर्थन एक्येबद्धता पाएको छु । बजेट राम्रै आएको छ, कार्यान्वयन होस् भन्ने रचनात्मक सुझाव पाएको छु ।

**हामीले त आलोचनात्मक प्रतिक्रिया बढी देखेका छौं नि ?**

केही आलोचनात्मक पनि छन् । त्यसलाई स्वाभाविक नै मान्छु ।

**प्रतिनिधिसभा नै नरहेपछि जेठ १५ मै अध्यादेशबाट बजेट ल्याउन नहुने, ल्याए पनि कामचलाउ मात्रै हुनुपर्नेलगायतका सार्वजनिक खबरदारी निकै भएका थिए । केही पनि सुन्दै सुन्नुभएन नि है ?**

ती कुरा सुन्नुपर्ने, सुनेर मुलुकलाई फाइदा हुने खालका थिएनन् । यी सुझाव संविधान वा कानुनसम्मत छन् र ? यो सरकारले बजेट नै ल्याउनु हुँदैन भन्नु मान्छेले सास फेर्न पाउनु हुँदैन भनेजस्तै हो । राष्ट्रको जीवनमा बजेट श्वासप्रश्वास प्रक्रिया जस्तै होइन र ? बजेटबिना राष्ट्रको जीवन चल्छ ? केवल बजेट ल्याउनु हुँदैन भनेर पूर्वाग्राह राखेका हुन् । अहिले त्यो आवाज केही कमी भएको छ । टिप्पणी गर्न आउँछ भन्दैमा जे पनि गर्नु भएन नि । कामचलाउ सरकारको अधिकार, कर्तव्य यी/यी हुन् भनेर संविधानले परिकल्पना गरेको हुनुपर्‍यो । कामचलाउ सरकारको अधिकार, कर्तव्य पनि हुनुपर्‍यो नि । त्यस्तो कहीं छ ? तर, विगतमा राजनीतिक संक्रमणका बेला राजनीतिक दलहरूले सहमति गरेरै कामचलाउ बजेट मात्रै ल्याउने अभ्यास थियो ।

अहिले आएको बजेट पनि कामचलाउ नै हो । काम नचल्ने बजेट ल्याएर मुलुक अगाडि बढ्दैन । यत्रा ठूला चुनौती छन् । खोप नकिन्ने भनेको हो ? कोभिड-१९ संक्रमितको निम्ति किट, उपचारको व्यवस्था गर्नुपर्छ । त्यो नगर्नू भनेको हो ? कोभिडले मुलुकको अर्थतन्त्र गम्भीर रूपमा प्रभावित गरेको छ । मान्छेको दैनिक जीवन प्रभावित भइरहेको छ । मान्छेको जीवन रक्षाका लागि बेखबर हुनु भनेको हो ? अत्याश्वक र अनावश्यक भनेर परिभाषित गरिदिने को हो ? बजेटमा कुनचाहिँ अत्यावश्यक, कुनचाहिँ अनावश्यक हो ?

**वृद्ध भत्ता वृद्धि, कर्मचारीको तलब वृद्धि, पत्रकारलाई निःशुल्क उपचार, जताततै राजस्व छुट सबै अत्यावश्यक नै हुन् ?**

हो नि । हामी लोककल्याणकारी राज्यको विश्वास गर्छौं । हाम्रो संविधानले पनि त्यही भाव बोलेको छ । हामी सामाजिक न्याय र समाजवादमा विश्वास गर्छौं । संविधानले जनताको मौलिक हकका कुरा गरेको छ । आवास, रोजगारी, शिक्षा, स्वास्थ्य लगायतको कुरा गरेको छ । कुनै एउटा व्यक्तिले संविधानले दिएको हक उपभोग गर्न पाइएन भनेर अदालतमा मुद्दा दायर गर्दा उपलब्ध गराउनुपर्छ । त्यो तहको संवैधानिक व्यवस्था गरेका छौं । वर्तमान सरकारको नागरिक, जनताप्रति उत्तरदायित्व छ, जिम्मेवारी छ । गर्भावस्थादेखि मृत्युसम्मको जीवनचक्रमा राज्यको जिम्मेवारी छ । त्यही जिम्मेवारीअन्तर्गत सामाजिक सुरक्षा भत्तामा ३३ प्रतिशत वृद्धि गरिएको हो । कोभिड महामारीका बेला सामाजिक उत्तरदायित्व झनै आवश्यक थियो । जनता, ज्येष्ठ नागरिक, अशक्त, एकल महिलाप्रति जवाफदेही छौं भनेर सम्बोधन गरिएको हो ।

**तर यस पटक कर्मचारी संगठनहरूले तलब वृद्धि गर्नुपर्दैन, स्वास्थ्य पूर्वाधारमा बजेट केन्द्रित गरिदिए हुन्छ भन्ने सुझाव दिएका थिए नि ?**

कर्मचारीको तलबको सन्दर्भमा संसारको कुरा छाडौं, दक्षिण एसियामा हाम्रो धेरै कम छ । हाललाई इन्टरनेट जस्तो वा अन्य केही अत्यावश्यक सेवामा सहयोग पुगोस् भनेर २ हजार रुपैयाँ मात्र तलब वृद्धि गरिएको हो । कर्मचारीको तलब बढाउनुपर्छ भन्ने सुझाव पनि आएको थियो । प्रतिशतमा तलब वृद्धि गर्दा उच्च पदस्थमा बढी र तल्लो तहका कर्मचारीलाई थोरै हुने भयो । जसको जीवन नै चलेको छैन, उनीहरूलाई सघाउ पुगोस् भन्ने हो ।

**पत्रकारहरूको निःशुल्क उपचार नि ?**

पत्रकारको सन्दर्भमा एउटा उखान छ, ‘न उठे सुख, न बसे सुख’ । त्यस्तो खालको अवस्था भयो । सम्बोधन नगर्दा सम्बोधन गरेन भनेर आलोचना भएको छ । सम्बोधन गर्दा पनि आलोचना भएकै छ । सम्बोधन गर्दा किन सम्बोधन गरेको भन्न मिल्दैन होला । तर एउटा गम्भीर कुरा पत्रकारमाझ साँच्चिकै धेरै ठूलो जिम्मेवारी छ । जनताको सूचनाको हकलाई प्रत्याभूत गर्ने जिम्मेवारी पत्रकार साथीहरूसँग छ । जिम्मेवारीपूर्ण र सम्मानित पेसा हो । कहींकतै झडप हुँदा सुरक्षा निकायसँगै पुग्ने पत्रकार नै हुन् । भूकम्प आउँदा पनि मैदानमै हुन्छन् । दुर्घटना हुनसक्छ । अर्कोतर्फ, सूचना छिटै र सही पनि दिनुपर्छ । सूचनाको पहुँच र सत्यता परीक्षणमा चुक्यो भने पनि बिग्रियो । यति ठूलो जिम्मेवारी भएकाले पत्रकारलाई पनि सम्बोधन गरेका छौं ।

**समग्रमा तपाईंहरूलाई निर्वाचन लागेको छ । हातमा डाडु-पन्युँ भएका बेला सबैलाई रिझाऔं, मतदाता प्रभावित पारौं, चुनाव जितौं भन्ने नै हो ?**

> “
>
> कामचलाउ भनेर काम नै गर्न नहुने सरकारको परिकल्पना गरिएको हो ?
>
> प्रधानमन्त्री ओलीले छिमेकी चिढ्याउने नीति लिए भनेको यही कानले सुनेको हो, अहिले रिझाउने काम गरिरहेको छ भनेर आलोचना गरिँदै छ
>
> माओवादीबाट आउनुभएका साथीहरूको उपयोगिता सकिएको होइन, उपयोगिता बढेको छ
>
> यो सरकारले बजेट नै ल्याउनु हुँदैन भन्नु मान्छेले सास फेर्न पाउनु हुँदैन भनेजस्तै हो
>
> यो सरकारले चुरे क्षेत्रबाट एक डोको बालुवा र एउटा ढुंगा पनि उठाउन दिँदैन
>
> सत्ता अध्यादेशको त्यान्द्रोमा अडिँदैन
>
> जसले नागरिकता पाएको छैन, उसका निम्ति नागरिकतासम्बन्धी अध्यादेश सर्वोच्च प्राथमिकता हो
>
> ”

त्यो टिप्पणी सुन्दा विचित्र लाग्छ । बजेट चिढ्याउने नै ल्याउनुपर्छ त ? रिझाउने बजेट ल्याउन नमिल्ने ? कतिपय मानिसले रिझाउने बजेट ल्याउनु हुँदैन भनेर मलाई प्रशिक्षित गर्दैछन् । जनतालाई चित्त बुझ्ने, देशलाई फाइदा हुने बजेट ल्याउनु हुँदैन भनेर प्रशिक्षित गर्ने कोसिस गरिरहेका छन् । त्यसको मतलब चिढ्याउने बजेट ल्याउनुपर्थ्यो ? कोभिड-१९ ले सिर्जना गरेको घाउमा नुक/चुक छर्ने बजेट ल्याउनुपर्थ्यो ? छियाछिया पारेको अर्थ प्रणाली अरू लथालिङ्ग पार्ने, निजी क्षेत्र, आम नागरिकको मनोबल टुट्ने, बेरोजगार बनाउने बजेट ल्याउनुपर्थ्यो ? मैले बुझ्दै बुझिनँ ।

हामीले चाहेर चुनाव हुने वातावरण भएको हो र ? म प्रस्ट भन्न चाहन्छु- चुनाव यो सरकारको छनोटको विषय थिएन । हामी ५ वर्ष सरकार चलाउने र देशमा एउटा नयाँ मानक स्थापना गर्ने सोचमा काम गरिरहेका थियौं । चुनाव आइलाग्यो । चुनाव हुँदै छ भने पनि त्यसपछि मात्रै खाना खाउँला भनेर चुलो बन्द गर्न मिल्छ ? चुनाव आयो भनेर अन्य क्रियाकलाप ठप्प पार्न भएन । चुनाव आउन थाले पनि अलोकप्रिय काम गर्नुपर्ने, जनतालाई रिस उठ्ने काम गर्नुपर्ने, अहिलेका समस्या समाधान नहुने खालको काम गर्नुपर्ने ? कस्तो टिप्पणी हो यो ?

**चुनावका सन्दर्भमा पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले एउटा टिप्पणी गर्नु भएको थियो, ‘चुनाव घोषणा भइसकेपछि खेल मैदान सबै राजनीतिक दलका लागि समान हुनुपर्छ । एउटा पार्टीले राज्यको स्रोत खन्याउने, अर्कोले प्रयोग गर्न नपाउने हुनुहुँदैन । यो निर्वाचनको न्यायको सर्वमान्य सिद्धान्त हो’ । खासमा निर्वाचन त्यस्तै हुनुपर्ने हैन र ?**

म अघिकै प्रश्नलाई दोहोर्‍याउँछु । चुनावको मिति घोषणा भएपछि कस्तो बजेट ल्याउनुपर्ने हो त ? कस्तो बजेट ल्याउन पाइँदैन भनेर संविधानमा व्यवस्था छ ? बजेट संविधानअनुसार आयो कि आएन छलफल त्यहाँबाट हुनुपर्छ । स्रोत पार्टीका लागि खन्याएको छ कि जनताका लागि ? स्रोतको पनि सीमा छ । स्रोतलाई जनता र राज्यको पक्षमा कसरी सदुपयोग गर्न सकिन्छ भनेर बजेट आउने होइन र ? यस प्रकारको सरकारले यस्तो बजेट ल्याउने, यस्तो ल्याउन नहुने व्यवस्था कहींकतै छ ? मलाई त्यो देखाइदिनुपर्‍यो ।

**यसपालिको बजेट निर्माणमा सार्वजनिक ऋण लिने सन्दर्भमा पनि अनुत्तरदायी जस्तो देखिनुभयो । यो सरकार आएपछि ऋण दुई गुणा भएको छ । सबै वितरणमुखी कार्यक्रमका लागि झन्डै साढे ५ खर्ब रुपैयाँ ऋण लिने कुरा गर्नुभएको छ । यो त मुलुकप्रति बेइमानी भएन र ?**

राजस्वले साधारण खर्च धान्न सक्ने अवस्थामा हामी छैनौं । राजस्व विकास खर्चमा प्रयोग गर्ने अवस्था हामीले सिर्जना गर्न सकेका छैनौं । जुन दिन हाम्रो राजस्वले विकास खर्च धान्ने अवस्था हुन्छ, त्यतिबेला विकास गरौंला भनेर चुप लागेर बस्ने अवस्था पनि छैन । विकासका लागि हामीलाई लगानी चाहिएको छ । त्यसका लागि ऋण लिइएको हो । पुँजी निर्माण र पूर्वाधार विकासका लागि ऋण लिइएको हो ।

अर्कोतर्फ कहिलेकाहीं आकस्मिक अभिभारा आइलाग्छन् । भूकम्पपछिको पुनर्निर्माण गर्ने अभिभारा हामीलाई आइलाग्यो । पुनर्निर्माणका लागि पनि लगानी अपरिहार्य भएकाले अनुदान र ऋण बढेको हो । बर्बाद नै भइसकेको छैन । ५० को दशकतिर कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को तुलनामा सार्वजनिक ऋण ६५ प्रतिशतसम्म पुगेको थियो । अहिले जीडीपीको ३७ प्रतिशत हाराहारी छ । विश्वव्यापी रूपमा पनि तुलना गरौं । अति कम विकसित राष्ट्रहरूको औसत सार्वजनिक ऋण जीडीपमा ५५ प्रतिशत छ । मुख्य कुरा यसको उपयोगिता हो । हामी उत्पादन वृद्धि, पुँजी निर्माणको क्षेत्रमा मात्रै प्रयोग गर्न सचेत छौं ।

**बजेटमा केही कार्यक्रम निकै विवादास्पद देखिए । जस्तो ढुंगा, गिट्टी, बालुवा निकासी गर्ने भनिएको छ । यो त प्रकृति थप दोहन गर्ने नीति भएन ?**

सुरुमा ढुंगा, गिट्टी, बालुवा निकासीका विषयमा धेरै प्रश्न उठेपछि अर्थ मन्त्रालयले स्पष्ट पारिसकेको छ । थप प्रस्ट पारौं- यो सरकारले चुरे क्षेत्रबाट एक डोको बालुवा र एउटा ढुंगा पनि उठाउन दिँदैन । चुरे क्षेत्रको संरक्षण र संवर्द्धनप्रति यो सरकार संवेदनशील छ, जिम्मेवार छ, अनुशासित छ । चुरे क्षेत्रको संरक्षण र संवर्द्धन यो सरकारलाई राम्रोसँग थाहा छ ।

**चुरेबाट नगए पनि हाम्रो कुनै न कुनै डाँडाकाँडाकै ढुंगा, गिट्टी, बालुवा निर्यात हुने हो नि ?**

त्यसैले हामीले स्पष्ट भनिसकेका छौं- खानी तथा भूगर्भ विभागले पहिचान गरेको ठाउँबाट वातावरणीय प्रभाव मूल्यांकनका आधारमा चुरे क्षेत्रबाट भन्दा बाहिरको स्रोत उपयोग गर्ने हो । बजेटमा चुरे भन्ने शब्द राखेका छैनौं । चुरे जोडेर विरोध गर्नुको अर्थ मैले बुझ्न सकेको छैन ।

**चुरे क्षेत्रभन्दा बाहिर कतिपय ठाउँ अहिले पनि ढुंगा, गिट्टी, बालुवा उत्खननका नाममा क्षतविक्षत बनाइएको छ । क्रसर उद्योगहरूले मापदण्ड पालना गरेका छैनन् । अबचाहिँ वातावरणीय प्रभाव मूल्यांकनको कुरा कार्यान्वयन गरेर अनुशासित तरिकाले उत्खनन हुन्छ भनेर कसरी विश्वास गर्ने ?**

हिजो कार्यान्वयन भएन, त्यसकारण आज पनि हुँदैन, भोलि पनि हुँदैन भनेर भन्न भएन । अब वातावरणीय प्रभाव मूल्यांकनको विषयमा हामी काम केही पनि गर्दैनौं भन्ने तपाईंको निष्कर्ष हो ? नेपाल अब वातावरणीय प्रभाव मूल्यांकनको विषयमा काम गर्नै नसक्ने अवस्थामा पुगेको हो त ?

**हिजोका बेथिति सम्बोधन गर्ने नीति लिने कि अझै समस्या सिर्जना हुने खालका निर्णय गर्ने ?**

समस्या सिर्जना गर्ने नीति होइन । बेथितिलाई सघाउने प्रश्नै होइन । वातावरणीय प्रभाव मूल्यांकनलाई कडाइ गर्छौं, कार्यान्वयन गर्छौं । म तपाईंलाई अझै भन्छु- चुरे क्षेत्र छुनै दिँदैनौं । चुरे क्षेत्रमा राज्यको लगानीसमेत बढाएका छौं । यस्तो विषम परिस्थितिमा पनि चुरे क्षेत्रको बजेट वृद्धि गरिएको छ । वातावरणीय प्रभाव मूल्यांकनबारे जे कमजोरी छन्, त्यसलाई दोहोरिन दिँदैनौं । वातावरणको संरक्षणमा हामी कुनै पनि सम्झौता गर्दैनौं । वातावरणप्रति सचेत हुँदै यो बजेट ल्याइएको छ । वातावरण प्रदूषणका दृष्टिकोणले ४० माइक्रोनभन्दा पातला प्लास्टिक प्रतिबन्ध गर्ने निर्णय लिएका छौं ।

**प्लास्टिकको उत्पादन र बिक्री वितरणमा राजनीतिक दलका नेता, कार्यकर्ता, आफन्त कोही पनि छैनन् । तिनलाई सजिलै बन्द गरिदिनुभयो । तर पूर्वराष्ट्रपति रामवरण यादवकै भनाइ सापट लिएर भन्नुपर्दा ढुंगा, गिट्टी, बालुवामा तपाईंहरूका नेता, कार्यकर्ता, आफन्तको लगानी छ । उनीहरूको व्यापार व्यवसायलाई सघाउन यो निर्णय भएको हो ?**

सम्मानित व्यक्तिले आफ्नो विचार बुझेरै व्यक्त गर्नुभएका होला । कहाँ कसलाई पोस्न यो निर्णय गरिएको हो, उहाँले नै जान्ने कुरा भयो ।

**तर एउटा ठूलो योजना त तपाईंकै क्षेत्रको सिद्धबाबा डाँडो काट्ने र बिक्री गर्ने उद्देश्य रहेछ नि ?**

सञ्चारमाध्यममा कस्ता कस्ता समाचार आउँछन् भन्ने कुरा मलाईभन्दा तपाईंलाई नै बढी थाहा छ । सिद्धबाबा डाँडोको विषयमा जहिल्यै २ विकल्पको कुरा उठ्ने गरेको थियो । त्यसको प्रतिवाद गर्ने मान्छे म नै हुँ । सिद्धबाबामा पहिरो गएर बर्सेनि मान्छे मरिरहेका छन् । त्यो डाँडो काटेर यात्रा सुरक्षित गर्नुपर्‍यो भन्ने दृष्टिकोण लामो समयदेखि आइरहेको छ । अर्को दृष्टिकोणले सुरुङमार्ग बनाउनुपर्छ भन्ने थियो । मैले डाँडो काट्नुको विकल्प सुरुङ नै उपयुक्त हो भनेर निरन्तर पहलकदमी लिएको हुँ । अहिले सुरुङ निर्माणका लागि टेन्डर आह्वान भएको छ । डाँडो काट्ने होइन, सुरुङ बनाएर डाँडा सुरक्षित गर्दै छौं । त्यसकारण त्यो डाँडो काट्ने भन्ने कुरै छैन ।

**वातावरण विनाशलाई बल पुर्‍याउने बजेटको नीति फिर्ता हुन्छ कि हुँदैन ?**

बजेट कार्यान्वयनका सिलसिलामा प्राप्त हुने सबै रचनात्मक, सकारात्मक सुझावलाई सुन्छौं । ती सुझावलाई ग्रहण गर्दै अगाडि बढ्छौं । चुरे क्षेत्रको दोहनमा हामी कुनै सम्झौता गर्दैनौं ।

**आयोडिन नुनको कारोबारमा प्रधानमन्त्रीका आर्थिक सल्लाहकार मोतीलाल दुगड लक्षित निर्णय गरिदिनुभयो । यो त अनुशासनहीनताको हद भएन र ?**

प्रधानमन्त्रीकै सल्लाहकारका लागि ल्याइएको हो किन भनेका हुन्, कसरी भनेका हुन उनीहरूले नै जानून् । नुनको विषयमा निर्णय भएको हो । साल्ट ट्रेडिङ कर्पोरेसनमा सरकारको २० प्रतिशत लगानी छ । ८० प्रतिशत निजी क्षेत्रको लगानी छ । आयोडिन नुनको व्यापार साल्ट ट्रेडिङले एक्लै गरिरहेको छ । त्यही ढाँचामा अर्को कुनै कम्पनीले पनि कारोबार गर्दा थप प्रतिस्पर्धी, गुणस्तरीय र सस्तो दरमा उपलब्ध गराउँछ । त्यसका निम्ति लिइएको नीति हो । व्यक्तिको नाम, स्वार्थ भनेर जोडिनु व्यर्थको कुरा हो । यो आरोप पुष्टि हुने कुनै आधार छैन ।

**तर उहाँले हिजोका दिनमा कानुनविपरीत नुनको व्यापार गरेको, त्यसपछि वैधानिक तवरले व्यापार गर्न निरन्तर ‘लबिइङ’ गरेको त हो नि ?**

को व्यक्तिले के गर्‍यो, के गर्छ वा गर्दैन भनेर नीति लिने हैन । यो नीतिको मुख्य उद्देश्य के हो, यो ठीक छ वा छैन भन्ने ढंगले हेरिनुपर्छ । त्यसकारण एक जना व्यक्ति विशेषमा धेरै कुरा नगरौं ।

**विपक्षी गठबन्धनले त यो चुनावी घोषणापत्र हो, प्रतिनिधिसभा पुनःस्थापना हुन्छ वा अन्य विधिबाट हाम्रो सरकार बनाएर यो बजेट खारेज गरिदिन्छौं भनेका छन् नि ?**

प्रतिनिधिसभा पुनःस्थापना हुन्छ कि हुँदैन, त्यो अर्कै कुरा भयो । जुन मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ । उहाँहरूलाई यो बजेट खारेज गर्ने र अर्को बजेट ल्याउने अवसर मिल्छ जस्तो मलाई लाग्दैन । त्यसका लागि प्रतिनिधिसभा पुनःस्थापना हुनुपर्‍यो । त्यो सम्भावना मैले देखेको छैन । अर्कोतर्फ जनतामाझ गएर चुनाव जितेर आउनुपर्‍यो । यो अवसर पनि मैले देखेको छैन । तर पनि बजेट अस्वीकार गर्न प्रतिनिधिसभा पुनःस्थापना वा चुनाव किन कुर्नुपर्‍यो ? आजैदेखि विरोध र अस्वीकार गरे भयो नि । उहाँहरूले स्पष्ट जनतालाई भने भयो- हामी ३३ प्रतिशत सामाजिक सुरक्षा भत्ता वृद्धिको विपक्षमा छौं । उहाँहरूको त्यो दृष्टिकोण हो भने यसमा वक्तव्य जारी गर्नुहोस् न । आर्थिक पुनरुत्थानका लागि जे जस्ता कार्यक्रम यो सरकारले ल्यायो, ती बेठिक छन् भन्नुहोस् । कोभिड-१९ बाट प्रभावित क्षेत्रमा जे जस्ता राहत सहुलियत आए बेठिक हो, खारेज गरेर देखाइदिन्छौं भनिदिए भइगयो नि ।

**यो सरकारलाई अध्यादेशको मोह चाहिँ किन हो ? अध्यादेश जारी गरेको गर्‍यै छ ?**

अध्यादेशको मोह छैन हामीलाई । अध्यादेश अपरिहार्य अवस्थामा ल्याउने हो ।

**अत्यावश्यकीय हिसाबको अपरिहार्यता हो कि सत्ता लम्ब्याउने अपरिहार्यता हो खासमा ?**

हामीलाई अध्यादेशले सत्ता लम्ब्याउँछ भन्ने भ्रम छैन । सत्ता अध्यादेशको त्यान्द्रोमा अडिँदैन ।

**नागरिकतासम्बन्धी अध्यादेशमा त त्यहीं देखियो नि ? यो अध्यादेश जारी गर्नुपर्ने गरी के अपरिहार्यता थियो ?**

यो अत्यावश्यक भएरै ल्याइएको हो । विधेयकको रूपमा संसदमा पेस भएको थियो । तीन वर्षसम्म अड्कियो । पाउनुपर्ने व्यक्तिले नागरिकता नै नपाएपछि अत्यावश्यक भएन त ? कुनै व्यक्तिका लागि नागरिकता कति महत्त्वपूर्ण छ, तपाईं आफैं भन्नुस् । त्यसमाथि हामीले नागरिकताको विषयमा संविधानमै व्यवस्था गरेका छौं । संविधानमा भएको कुरा कार्यान्वयन गर्नुपर्‍यो कि परेन ? जसले सहज ढंगले नागरिकता पाइरहेको छ, उसका निम्ति सामान्य होला । तर जसले पाएको छैन, उसका निम्ति सर्वोच्च प्राथमिकताको विषय हो ।

**जे जसरी हुन्छ सत्ता लम्ब्याउने, के के पर्छ, त्यही गर्ने दाउ हो सरकारको ?**

कसले के भन्यो अलग विषय भयो । हामी यो सत्ता लम्बिन्छ कि, लम्बिन्न भन्नेमा केन्द्रित छैनौं । सत्ता लम्ब्याउन चाहेर सम्भव पनि छैन । मंसिरमा चुनाव हुँदै छ । चुनावमा जनताले साथ दिए भने मात्रै सत्ता लम्बिने हो । अरू कुराले सत्ता लम्बिने नलम्बिने भन्ने नै हुँदैन ।

**धेरैले अहिलेको सरकार घरेलु राजनीतिक शक्तिहरूलाई निषेध गर्दै विदेशी शक्तिलाई खुसी पार्नेतर्फ लागेको छ भन्ने टिप्पणी गरिरहेका छन् ? खासमा के हो ?**

यी टिप्पणी विचित्र किसिमका छन् । कुनै बेला प्रधानमन्त्री केपी शर्मा ओलीले छिमेकी चिढ्याउने शत्रुताको नीति लिए, सन्तुलित परराष्ट्र सम्बन्ध नै बिगारे भनेको यही कानले सुनेको हो । यो सुदूर इतिहासको कुरा हैन, ६ महिना, वर्ष दिनअघिको कुरा हो । अहिले फेरि अर्को कोणबाट रिझाउने काम गरिरहेको छ भनेर आलोचना गरिँदै छ । तर यो सरकार राष्ट्रको स्वाधीनता, सर्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितमा आधारित सन्तुलित परराष्ट्र नीतिमा प्रतिबद्ध छ । यो सरकार जनता र राष्ट्रप्रति उत्तरदायी छ ।

**हिजो संविधान जारी गर्दा मधेसकेन्द्रित दल र तपाईंहरूको पार्टीको सम्बन्ध, आज सत्ता समीकरण र भारतसँगको सम्बन्धका विषयमा सम्बन्धित अधिकारीहरूको टिप्पणीलाई कसरी हेर्नुभएको छ ?**

राजनीतिक दलहरूसँगको सम्बन्ध बन्छ, बिग्रन्छ । यो सबै राजनीतिक दलका हकमा लागू हुने हो । हिजो पनि भएको हो, भोलि पनि हुन्छ । पक्ष प्रतिपक्ष भइरहन्छ । यसलाई अन्यथा लिनु हुँदैन ।

**उसो भए यसमा बाह्य शक्तिको कुनै खेल छैन ?**

यसखालको टिप्पणी गर्नेहरूलाई आग्रहको उत्कर्ष हो मात्रै भन्न चाहन्छु ।

# १० वर्षमा बल्ल बन्यो पुल



**मदन भण्डारी राजमार्गअन्तर्गत सिन्धुलीको दुधौलीस्थित कमला नदीमा निर्माण सम्पन्न पक्की पुल ।** *तस्बिर : राजकुमार/कान्तिपुर*

**राजकुमार कार्की** (सिन्धुली)

मोटरेबल पुलबाट कमला नदी वारपार गर्ने दुधौली नगरपालिका-२ गागनका शम्भु दनुवारको धोको बल्ल पूरा भएको छ । 'अब भने यो पुलमा मोटर सरर कुद्ने भयो । नदी तर्दा मोल्नुपर्ने जोखिमबाट बल्ल पार पाइयो,' उनले भने । साउनमा हत्पतेको बाबाधाममा मेला भर्न आउने धेरै तीर्थयात्रीको कमलाको भेलले बगाएर मृत्यु भएको उनले सम्झिए । वर्षात्मा ज्यान जोखिममा राखेर निर्माणाधीन पिलर हेर्दै नदी वारपार गर्दै आएका स्थानीय निर्माण सुरु भएको १० वर्षमै सही, पुल बनेपछि हर्षित छन् ।

तीर्थयात्रीहरू बग्न नपाऊन् भनेर रानीवास चन्दनपुरमा रहेको सेनाको पर्यावरण गणले पुलको पिलरमा लट्ठा बाँधेर नदी वारपार गराउने गरेको स्थानीय रिजेन्द्र बराल स्मरण गर्छन् । भन्छन्, 'तलका अरू तीनवटा पुल उहिल्यै बनेका हुन् । ढिलै भए पनि पुल बनेपछि अब कमला नदीमा आउने बाढीको चिन्ता नहुने भयो ।'

मदन भण्डारी राजमार्गअन्तर्गत धरान-चतरा-सिन्धुली-हेटौंडा खण्डको दुधौलीमा कमला नदीमा पुल निर्माण भएको हो । राजमार्गको पूर्वी खण्ड आयोजनाका इन्जिनियर तथा सूचना अधिकारी शंकर पौडेलले पुल निर्माण कार्य सकिएको र दायाँबायाँ गरी पाँच सय मिटर सडक कालोपत्र गर्न बाँकी रहेको बताए । उनका अनुसार सडक कालोपत्र गर्न थालिएकाले जेठभित्रै त्यसलाई सकेर पुल सञ्चालनमा ल्याउने तयारी भइरहेको छ ।

पप्पु कन्स्ट्रक्सन र लुम्बिनी कन्स्ट्रक्सनले संयुक्त रूपमा २०६८ असार ३१ मा सम्झौता गरी ५ वर्षमा सक्ने गरी दुधौली-२ हत्पते र वडा-३ जोड्ने यो पुल निर्माण थालेको थियो । तर पप्पुले सक्रियता नदेखाएपछि लुम्बिनी कन्स्ट्रक्सनलाई मात्रै तीन वर्षअघि पुनः जिम्मा दिएर काम गराइएको हो । पछिल्लो पटक पनि दुई वर्षमा सक्ने गरी जिम्मा दिइएको थियो । तर कोरोना महामारीका कारण सरकारले लकडाउन गरेपछि निर्माण सामग्री आपूर्ति नहुँदा समयमै काम सक्न नपाएको लुम्बिनी कन्स्ट्रक्सनका शंकर राउतले बताए । 'पुल निर्माणको सबै काम सकेर अहिले रंगरोगन गरिँदै छ । यो काम पनि जेठभित्रै सकिन्छ,' उनले भने ।

५४६ मिटर लम्बाइको उक्त पुलमा १४ वटा स्पान छन् । झन्डै ३१ करोड रुपैयाँ लागतमा बनेको आयोजनाले जनाएको छ ।

# सामूहिक खेतीले बिक्री सहज

## विभिन्न थरीका तरकारी धेरै परिमाणमा एकै ठाउँमा पाइने भएकाले व्यापारी-किसानबीच सम्पर्क बढ्दै

**रमेशकुमार पौडेल** (चितवन)



**बजारमा पठाउन बोडी जम्मा गर्दै चितवन शुक्रनगरस्थित युवा आधुनिक सामूहिक खेती समूहका अध्यक्ष लेखनाथ भुसाल ।** *तस्बिर : रमेशकुमार/कान्तिपुर*

कोरोना संक्रमणको पहिलो लहरमा लकडाउन आह्वान भएपछि बजार, पसल, होटल, यातायातलगायत सबैजसो क्षेत्र ठप्प बने । यसबाट कृषि पनि अछुतो रहेन । बजार ठप्प भएपछि बारीमा फलेको तरकारी कहाँ लगेर बिक्री गर्नु ? भरतपुर महानगरपालिका-२५ शुक्रनगरका किसान लेखनाथ भुसालको बारीका लौका बोटमै सुके । करेला र चिचिण्डा कुहिएर सकिए । काँक्रो नटिपी खेत जोत्नुपर्‍यो ।

कोरोनाकै दोस्रो लहर फैलिएपछि एक महिनाभन्दा बढी समयदेखि देशका सबैजसो क्षेत्रमा निषेधाज्ञा छ । तर भुसालको बारीमा गत वर्षको जस्तो बिजोग छैन । बोडीको मुठा बनाउने र लौका प्याक गर्ने हतारो छ । उनी कामदारलाई छिटो काम सक्न हौसाइरहेका छन् । अघिल्लो वर्ष लौका सुकेको बारीमा योपटक करेला लगाएका छन् । 'अघिल्लो वर्ष त धेरै गाह्रो भयो नि । लकडाउनका बेलामा बिक्री कसरी गर्ने ? उही फाट्टफुट्ट बेचियो । धेरै सित्तैमा बाँडियो । सबै गरेर मुस्किलले ४० प्रतिशत तरकारी मात्रै टिप्यौं होला,' भुषालले भने, 'योपटक निषेधाज्ञामा त्यसरी ठूलो मात्रामा खेर गएन । ७० प्रतिशत जति तरकारी त बिक्री नै भयो ।' निषेधाज्ञामै तरकारी बिक्री सहज हुनुमा आफूहरूले सामूहिक तरकारी खेती गर्नु प्रमुख कारण रहेको भुसालको तर्क छ ।

सदरमुकाम भरतपुरदेखि झन्डै २५ किलोमिटर पश्चिम शुक्रनगरका १८ युवा किसानहरू मिलेर युवा आधुनिक सामूहिक खेती समूह गठन गरेका छन् । भुसाल यसका अध्यक्ष हुन् । उनीहरूले सय बिघा जमिनमा फरक-फरक तरकारी लगाए । व्यापारीहरूसँग सम्पर्क बढाए । 'व्यापारीलाई पनि सामूहिक खेती भएको ठाउँमा गएपछि एकै ठाउँ फरक-फरक खालका धेरै तरकारी पाइन्छ भन्ने पर्दोरहेछ,' भुसालले भने, 'बजारमा बढी माग भएको तरकारी लिन आएका व्यापारीले बारीमा अन्य तरकारी देखेपछि त्यसलाई पनि खरिद गरेर लैजान्थे । यसले गर्दा पनि बिक्री बढेको हो ।'

आसन्न सिजनमा उनीहरूले धेरै क्षेत्रफलमा गोलभेंडा लगाएका थिए । तर चैतपछि यसको भाउ ओरालो लाग्यो । वैशाख १६ देखि जिल्लामा निषेधाज्ञा सुरु भयो । त्यसपछि २५ किलो अट्ने एक क्रेट गोलभेंडालाई व्यापारीले ५० रुपैयाँ मात्रै दिए । 'फेरि विस्तारै मूल्य आउन थाल्यो । एक क्रेट गोलभेंडाको मूल्य सय, दुई सय हुँदै नौ सयसम्म पुग्यो । अब त चितवनमा गोलभेंडा फल्न सक्दैन । गर्मी बढेको छ । अहिले भाउ पनि क्रेटको सात सय जति छ,' भुसालले भने । उनका अनुसार करेलाको भाउमा पनि त्यस्तै भयो । बारीभरि करेला हुँदा भाउ घटेर किलोको पाँच रुपैयाँमा झर्‍यो । यो मूल्यमा करेला बेच्दा लगानी पनि उठ्दैन थियो । त्यसैले टिपेर बारीमै थुपारे । 'अहिले किलोको १४/१५ रुपैयाँमा करेला बिक्री हुन थालेको छ । राम्रो भाउ आउँदा किलोको ७० रुपैयाँसम्म थियो,' भुसालले भने । काँक्रो भने प्रतिकिलो तीन रुपैयाँमा पनि बिक्री नभएपछि गत वर्षको लौका जसरी झाल काटेर बारीमै छाडे । फलेकोमध्ये ३० प्रतिशत पनि बिक्री गर्न नसकेको उनको भनाइ छ । 'निषेधाज्ञा लाग्न सक्ने सम्भावना ख्याल गरेर काँक्रो, गोलभेंडा कम लगाउनुपर्ने रहेछ,' भुसालले अर्को पटकलाई पाठ सिकेको बताए ।

काँक्रो, गोलभेंडा होटल तथा बिहे, पूजा र भोजभतेरमा बढी प्रयोग हुन्छ । निषेधाज्ञापछि यी सब कार्य ठप्प भए । त्यसैले काँक्रोबाट नोक्सानी भयो भन्छन् उनी । बोडी र लौकाले मूल्य चित्तबुझ्दो नपाए पनि राम्रै परीमाणमा बिक्री भइरहेका कारण राहत भएको उनले बताए । 'खेतीका लागि सय बिघाभन्दा जमिन त नबढाइएला तर प्रविधिको प्रयोग गरेर उत्पादन बढाउँछौं । निराश छैनौं । केही सिकेका छौं, अगाडि बढ्छौं,' भुसालले भने ।

परिवारले १०/१५ वर्षदेखि गर्दै आएको तरकारी खेतीमा पाँच वर्षयता युवाहरूले पनि हात हालेका हुन् । 'क्षेत्रफल धेरै छ । तरकारी पनि धेरै प्रकारका लगाइन्छ । तर हामी किसानहरूको भावना मिलेको छ । आत्मीयता बढेको छ । समस्या समाधानका योजनाहरू बनाउँदै अगाडि बढ्न सजिलो भएको छ,' समूहका सचिव सुमन सुवेदीले भने ।

किसानहरूको बजार र उपभोक्तासँग प्रत्यक्ष सम्पर्क हुन नसक्दा उपयुक्त लाभ लिन नसकेको सुवेदीको ठम्याइ छ । 'बजारमा पहुँच बढाउन सकिन्छ कि भनेर पनि हामी सामूहिक खेतीमा लागेका हौं । तर किसानले उत्पादनमा नै बढी ध्यान दिनुपर्ने हुन्छ । खेतमा नै बढी खट्नुपर्ने हुन्छ । त्यसैले बजारमा अझै प्रत्यक्ष पहुँच र सम्पर्क गर्न सकिएको छैन । बजारले किसानलाई र उपभोक्तालाई मर्का नपर्ने गरेर काम गर्नुपर्ने हो, त्यो भएको छैन,' सुवेदीले भने । 'सरकारी निकायले पनि सामूहिक रूपमा लागेका छन् भनेपछि हाम्रा मागहरू सुन्दो रहेछ । हाम्रा आवश्यकताहरू सम्बोधन गर्न खोज्दो रहेछ । व्यापारीले पनि सम्पर्क बढाउन खोज्दा रहेछन्,' उनले भने ।

## मेलापातमा छैन सावधानी

रामेछाप (कास)- गाउँमा किसानलाई अहिले मकै गोडमेलको चटारो छ । तर मेलापात र अर्मपर्म जाँदा कोरोना संक्रमणबाट बच्न सुरक्षा सावधानी अपनाइएको देखिँदैन । जिल्लाभर निषेधाज्ञा गरिए पनि यसकै कारण संक्रमण फैलने जोखिम बढेको छ । बिहीबार रामेछाप नगरपालिकाको वादी गाउँमा ६० जनाको परीक्षण गर्दा ४० जनालाई संक्रमण पुष्टि भयो । यसको कारण मेलापात र सामूहिक रूपमा भइरहेका सामाजिक कामलाई औंल्याइएको छ । 'बडो अचम्म भयो, सामान्य ज्वरोबाहेक केही थिएन । हाम्रो त गाउँनै सकिएछ,' स्थानीय सुकबहादुर शाहीले भने, 'संक्रमित अझै खुलमखुलै हिँडिरहेका छन् ।'

वादीका धेरैमा संक्रमण देखिएको ओख्रेनीको होदिल र भालुखोपमा मकै गोडमेल गर्ने चटारो थियो । 'कृषिको काम गर्दा अलि दूरी कायम गरेर गरेको भए हुने तर गरेननन्,' स्थानीय मनोज श्रेष्ठ भन्छन्, 'गाउँमा पहिलेदेखि चलेको चलन, अर्मपर्ममा धेरै जनालाई बोलाएर एकैपटक काम सक्ने भन्ने हुन्छ । यसरी सामूहिक काम गर्दा संक्रमण फैलने जोखिम हुन्छ ।' तर मेलापातमा खटिएका धेरैलाई संक्रमित भइएला भन्ने डर छैन । मकै गोडमेल गरिरहेका च्यास्कुका धनबहादुर विश्वकर्माले भने, 'हुनुपर्‍यो भने घरभित्रै बसेकोलाई पनि कोरोना हुन्छ, त्यस्तो बेला जोगिन गाह्रो छ । खोइ हामीलाई अहिलेसम्म केही भएको छैन क्यार ।' आर्थिक वर्ष सकिन झन्डै ६ साता मात्र बाँकी रहेकोले गाउँमा विकास निर्माणका कार्य पनि तीव्र रूपमा भइरहेका छन् । निर्माणको कार्यमा खटिएका कामदारहरूले पनि स्वास्थ्य सुरक्षा सावधानी अपनाएको देखिँदैन । जिल्लाको उत्तरी उमाकुण्ड गाउँपालिकाको बाम्तीमा २२ जनामा परीक्षण गर्दा १६ जनामा संक्रमण पाइएको छ ।

'यो सामान्य कुरा होइन,' स्थानीय रोकट बस्नेतले भने, 'वडालाई नै सिल गरेर सुरक्षा प्रबन्ध मिलाउन ढिला गर्नु हुँदैन ।' गाउँमा फाट्टफुट्ट भइरहेका विवाह, कुलपूजा र अन्य सामाजिक कार्यमा सहभागीले मास्कसमेत लगाएका हुँदैनन् । खाँडादेवि-७ मा एक विवाहमा सहभागी ७९ जनालाई संक्रमण भएपछि बल्ल गाउँभर सुरक्षा सतर्कता बढाइएको छ । कोभिड आइसोलेसन र अस्पताललाई समेत तयारी अवस्थामा राखिएको छ । यसअघि यो पालिकामा न्यून संख्यामा मात्रै संक्रमित भएका थिए ।

## छोटकरी

### राहत बाँड्दै युवा-विद्यार्थी

काभ्रे (कास)- लामो समयदेखि जारी निषेधाज्ञाका कारण समस्यामा परेका विपन्न र न्यून आय भएका परिवारलाई विभिन्न राजनीतिक दल आबद्ध युवा-विद्यार्थीहरूले औषधि, खाद्यान्नलगायत सहयोग गर्न थालेका छन् । रोजगारी र आम्दानी गुमेका कारण उपचार र खानपानमै समस्या भएको गुनासोपछि कांग्रेसका भ्रातृ संस्थाहरू नेविसंघ र नेपाल तरुण दल, एमालेको माधव नेपाल पक्षनिकट युवा संघ र अनेरास्ववियुका कार्यकर्ता सहयोगका लागि जुटेका हुन् । होम आइसोलेसन रहेका संक्रमितलाई घरमै औषधि र अक्सिजन सिलिन्डर र कन्सन्ट्रेटर निःशुल्क उपलब्ध गराइरहेको नेविसंघ काभ्रेका सभापति नृपेश वादेले बताए । दैनिक खानपानकै समस्या भोगिरहेका विपन्न ३ सय ५० परिवारलाई तरुण दलको केन्द्रीय विभाग सदस्य तथा तरुण बनेपा नगर सभापति सुधीर वैद्यले खाद्यान्न सहयोग गरेका छन् । युवा संघ र अनेरास्ववियुले पनि खाद्यान र स्वास्थ्य सामग्री सहयोग गरिरहेको जनाएका छन् ।

### कोभिड अस्पतालमा मिनी अक्सिजन प्लान्ट

धादिङ (कास)- धादिङबेंसीस्थित अस्थायी कोभिड अस्पतालमा मिनी अक्सिजन प्लान्ट जडान गरिएको छ । नीलकण्ठ नगरपालिकाले ३३ लाख रुपैयाँ लगानीमा २ वटा मिनी अक्सिजन प्लान्ट जडान गरेको हो । यो जिल्लाकै पहिलो अक्सिजन प्लान्ट हो । प्लान्टबाट प्रतिमिनेट २० लिटरका दरले अक्सिजन उत्पादन हुने नगरपालिकाका जनस्वास्थ्य निरीक्षक शिव रानाले जानकारी दिए । उत्पादित अक्सिजन पाइपलाइनमार्फत सिधै बिरामीलाई दिइने हुँदा सिलिन्डरमा भरेर सञ्चित गर्न भने नमिल्ने उनको भनाइ छ । जिल्ला अस्पतालमा जडान गरिने भनिएको सवा करोड मूल्य बराबरको अक्सिजन प्लान्ट निषेधाज्ञाका कारण हवाई उडान अवरुद्ध हुँदा जर्मन विमानस्थलमै थन्किएको छ ।

### ३३ पसल कारबाहीमा



धादिङ (कास)- निषेधाज्ञाको मौका छोपी उपभोक्तालाई बढी मूल्य लिएर सामान बेच्ने विभिन्न ३३ पसलेलाई कारबाही गरिएको छ । स्थानीय प्रशासनले वैशाख १५ यता सदरमुकाम, राजमार्ग क्षेत्र तथा ११ वटै स्थानीय तहका मुख्य बजार क्षेत्रमा अनुगमन गरी ४ लाख २० हजार रुपैयाँ जरिवाना तिराएको हो । कसुर हेरी ५ हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवाना तिराइएको प्रमुख जिल्ला अधिकारी गोकर्णप्रसाद उपाध्यायले बताए । तोकिएको भन्दा बढी मूल्य असुलेको, सामग्री बिक्रीपछि बिल दिने नगरेको, अनुमति नलिई लामो समयदेखि सुर्तीजन्य उत्पादन र मदिरा बिक्री गरेको, भेटेरेनरीलगायत विषादी र खाद्यान्न एकै स्थानमा राखी जोखिमपूर्ण ढंगले बिक्री गरेको पाइएको अनुगमन समिति सदस्य किशोर सापकोटाले बताए । हालसम्म जिल्लाका ३ सयभन्दा बढी पसलमा अनुगमन गरिएको छ ।

# अन्न सकिएपछि कन्दमूलको भर

## उब्जाएको अन्नले बाह्रैमास खान पुग्दैन । ज्याला मजदुरी पनि ठप्प छ । निषेधाज्ञाले मजदुरी गर्न गएका समेत गाउँ फर्किएपछि खाद्य संकट चुलिएको हो ।

**प्रताप विष्ट** (हेटौंडा)

घाम-पानी नछेक्ने छाप्रो, बाहिरैबाट छ्याङ्ग देखिने छाप्रोभित्र अगेनोबाट धूवाँ पुत्याइरहेको छ । कसौंडीमा टाँकीको साग उसिन्दै छन् शीतल चेपाङ (६५) । पाँच जनाको यो परिवार त्यही टाँकीको साग खाएर बिहानको छाक टार्ने सुरुमा छन् । 'गिट्ठा र टाँकीले पेट भरेको ७/८ दिन भइसक्यो,' मकवानपुरको राक्सिराङ गाउँपालिका-७ भैयाङका शीतलले भने, 'खानेकुरा अरू केही छैन, मेरो घरमा मात्र होइन, गाउँभरि यस्तै छ ।'

निषेधाज्ञाअघि शीतल लोथर र भण्डारा बजार झरेर मजदुरी गर्थे । त्यही कमाइले पिठो र चामल किनेर घर लैजान्थे । अहिले बजार ठप्प हुँदा उनी गाउँमै खुम्चिएका छन् । मजदुरी गरेर आयआर्जन गर्ने बाटो बन्द भएपछि दिनहुँ परिवार पाल्न समस्या भएको हो । नजिकैको ओडारमा जन्मिएका शीतल ३९ वर्षअघि छाप्रोमा सरेका हुन् । २०३८ मा प्रजा विकास कार्यक्रमले छाप्रो बनाइदिएपछि उनले ओडारको जीवनबाट मुक्ति पाएका हुन् । छाप्रोमा शीतलको साथमा ४० वर्षीया सेतीमाया र छोराछोरी छन् । शीतलको चार/पाँच रोपनीजति पाखो बारी छ । त्यहाँ उब्जने मकै र कोदोले परिवारलाई मुस्किलले चार महिना मात्र खान पुग्छ । बाँकी ८ महिना ज्याला मजदुरी र गिट्ठा भ्याकुरकै भरमा घर धान्दै आएका छन् । अहिले ज्याला मजदुरी गर्न नपाएकाले समस्या भएको उनले सुनाए । 'कोरोना भन्ने रोगले हामी डाँडाकाँडामा बस्नेलाई पनि दुःख दियो,' उनले भने, 'सहरमा रोग बढ्दा हामीले काम गर्न पनि पाएनौं ।'

भैयाङमा चेपाङ समुदायको मात्र बसोबास छ ।



**खानाका रूपमा टाँकी उसिन्दै मकवानपुरको राक्सिराङ-७ का शीतल चेपाङ ।** *तस्बिर : प्रताप/कान्तिपुर*

स्थानीय शुक्रबहादुर चेपाङ (३९) को पनि हालत उस्तै छ । उनको घरमा पनि अन्नको दाना छैन । जंगली कन्दमूलकै भरमा विगत ६ दिनदेखि प्राण धानिरहेको बताए । शुक्रबहादुर र उनका दुई छोरा यसअघि भरतपुरस्थित ग्यारेजमा काम गर्थे । कोरोना संक्रमण बढेपछि ग्यारेज बन्द भएकाले २७ दिनदेखि उनीहरू घरमा थन्किएका छन् । 'घर आउने बेलामा पनि साहुसँग भेट भएन, रित्तै हात फर्किनुपर्‍यो । अहिले खाद्यान्न नभएकाले सात जनाको परिवार पाल्नै धौ-धौ परेको छ,' उनले भने । आफ्नै बारीको उत्पादनले यो परिवारलाई वर्षमा ३ महिना मात्र खान पुग्छ । ९ महिना ज्याला मजदुरी र जंगली कन्दमूलकै भर हो ।

राक्सिराङ-७ धिराङ जिल्लाकै विकट गाउँमध्येमा पर्छ । यहाँ अहिलेसम्म मोटरबाटो पुगेको छैन । लोथर बजारबाट त्यहाँ पुग्न १२ घण्टा हिँड्नुपर्छ । यहाँको अवस्था पनि भैयाङको भन्दा भिन्न छैन । स्थानीय रामकुमार चेपाङले दैनिक गुजारा गर्न टाँकी र भ्याकुरको विकल्प नभएको बताए । यो वडाको चरिमारा, धिराङ, दामराङ, भैयाङलगायत बस्तीमा खाद्यान्न संकट रहेको वडाध्यक्ष गोपाल चेपाङले सुनाए । 'पहिला-पहिला पनि खाद्यान्नको समस्या हुन्थ्यो तर अहिले त हाहाकार नै भयो, टोलटोलमा भोकमरी छ,' उनले भने ।

खाद्यान्न सकिएपछि खैराङका अधिकांश चेपाङ परिवारको दैनिकी अहिले कन्दमूल खोज्न जंगल जानु बनेको छ । राक्सिराङवासीलाई राहत वितरण गर्न दाता खोजिरहेको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताए । 'कोरोनाको कारणले मजदुरी गर्न गएकाहरू पनि घर फर्केका छन्, जसले गर्दा झन् खाद्यान्नको समस्या भएको हो,' उनले भने, 'स्थानीयलाई राहत वितरण गर्न सक्ने हाम्रो अवस्था छैन । कसैबाट सहयोग पाइन्छ कि भनेर दाताको खोजीमा छौं ।'

# हिलाम्य सडकले सास्ती



**सिन्धुपाल्चोकको लिसंखु-एक्काइस किलो सडक खण्डमा सवारी फसेपछि निकाल्ने प्रयास गर्दै स्थानीय ।** *तस्बिर : कान्तिपुर*

सिन्धुपाल्चोक (कास)- कालोपत्रको काम पूरा नहुँदै ठेकेदारको मृत्यु भएपछि लिसंखु-एक्काइस किलो सडक खण्ड निर्माणकार्य थप प्रभावित भएको छ । कालोपत्र नहुँदा लिसंखुपाखर गाउँपालिका कार्यालयदेखि केही परको जंगली इलाकासम्मको सडक हिलाम्य छ । हिलाम्य सडकमा एम्बुलेन्स र अन्य सवारीसाधन फस्दा बिरामी र यात्रुलाई सास्ती भएको छ । शुक्रबार लिसंखुपाखर गाउँपालिका-२ की एक सुत्केरी बोकेको एम्बुलेन्स गाउँपालिका कार्यालयनजिकै फस्यो, जसलाई निकाल्न तीन घण्टा लाग्यो । त्यतिन्जेल सुत्केरी सडक किनारमै रहनुपर्‍यो ।

पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकका अनुसार प्रदेश सरकारको झन्डै ११ करोड रुपैयाँको लागतमा कालोपत्र गर्ने काम इलाइट रिभन रसुवा जेभी कन्स्ट्रक्सनले जिम्मा पाएको थियो । ४.२ किलोमिटर लामो सडक कालोपत्रको काम गत असोजबाट थालिएको हो । तर अहिलेसम्म निर्माण पूरा भएको छैन ।

यहीबीच मुटुका बिरामी रहेका ठेकेदार सञ्जय पोखरेल दुई साताअघि अस्पताल भर्ना भए । उनको ५ दिनअघि मृत्यु भएको छ । निर्माण कम्पनीले पोखरेलको स्वास्थ्यमा खराबी र पछि मृत्युका कारण सडकको काममा विलम्ब भएको जनाएको छ । तर पछिल्लो एक महिनादेखि कुनै काम नभएको स्थानीय बताउँछन् ।

ठेकेदार पक्ष शोकाकुल अवस्थामा रहे पनि सडक सहज बनाइदिन आग्रह गरिरहेको गाउँपालिका अध्यक्ष कमल नेपाल बताउँछन् । 'सडक सहज बनाउन आवश्यक पहलकदमी गरिरहेका छौं । सम्बद्ध निकायलाई ध्यानाकर्षण गराइसकेका छौं,' उनले भने । पूर्वाधार विकास कार्यालय प्रमुख राजु श्रेष्ठले कालोपत्रअघि गर्नुपर्ने काम लगभग अन्तिम चरणमा पुगे पनि वर्षात्ले सडक क्षतविक्षत बनाएको बताए । 'कम्पनीले ग्राभेल र अन्य काम सुरु गर्दै थियो, निषेधाज्ञाले अलमल्यायो,' उनले भने, 'त्यसैबीच ठेकेदार बितेको दुःखद खबर आयो । अहिले सडक मर्मतसम्भार गरेर सहज बनाउने कामको तयारी भइरहेको ठेकेदार पक्षले जनाएको छ ।'

**हार्दिक समवेदना**



जन्म: २०१४
स्वर्गारोहण: २०७८/०२/११

**स्व. आशादेवी रौनियार**

यस कान्तिपुर पब्लिकेसन्सको प्रादेशिक कार्यालय विराटनगरमा कार्यरत सहकर्मी शोभाकान्त रौनियारको ममतामयी माता **आशादेवी रौनियार**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार**

**हार्दिक श्रद्धाञ्जली**



जन्म
वि.सं. १९९१/११/१०
स्वर्गारोहण
वि.सं. २०७८/०२/१२

**स्व. नन्द माया धिताल**

हाम्रा अनन्य मित्र डा. राम प्रसाद धितालज्यूकी ममतामयी माता **नन्द माया धिताल**को स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

डा. गोविन्द राज पोखरेल
डा. दिवस बहादुर बस्न्यात
डिल्ली चौधरी
अनिल पोखरेल
शिव हरि दंगाल
मनोज खड्का
नहकुल के.सी.
भिष्म पण्डित
सञ्जय कुमार शर्मा
प्रेम सागर सुवेदी
प्रदिप बुढाथोकी
प्रकाश सापकोटा
सुनिल शर्मा घिमिरे
पुष्कर मानन्धर

**हार्दिक श्रद्धाञ्जली**



जन्म: २००६/०९/०२
स्वर्गारोहण: २०७८/०२/११

**स्व. कृष्णप्रसाद दाहाल**

गणेश हिमाल क्याम्पस र धादिङ बोर्डिङ स्कुलका संस्थापक एवम् न्यु धादिङ बोर्डिङ स्कुलका अध्यक्ष तथा मानव अधिकारकर्मी र एन प्याब्सनका केन्द्रीय सदस्य श्री कृष्णप्रसाद दाहालको असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

अध्यक्ष एवम्
गणेश हिमाल क्याम्पस परिवार

अध्यक्ष एवम्
धादिङ बोर्डिङ स्कुल परिवार

प्रिन्सिपल एवम्
न्यु धादिङ बोर्डिङ स्कुल परिवार

विदेशी मुद्रा

| | |
|---|---|
| अमेरिकी डलर | ११७.१० |
| युरो | १४१.९० |
| पाउन्ड स्टर्लिङ | १६५.४४ |
| अस्ट्रेलियन डलर | ८९.८२ |
| कतारी रियल | ३१.७२ |

राष्ट्र बैंकको आधारमा



सुन
रु ९३,४००



चाँदी
रु १३४०

# जतातत‍ै सुरुङमार्गको अध्ययन

## आउँदो वर्ष तीन वटाको मात्र निर्माण थालिने

विमल खतिवडा (काठमाडौं)

सरकारले केही वर्षयता सुरुङ निर्माणलाई उच्च प्राथमिकतामा राखी अध्ययनमा बजेट छुट्याउने गरेको छ । दर्जनभन्दा बढी सुरुङमार्गलाई बजेटमा राखेर अध्ययन थाल्ने जनाइए पनि आगामी आर्थिक वर्ष तीन वटाको मात्र निर्माण अघि बढाउन लागिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ ।

आगामी आर्थिक वर्षमा ती सुरुङमार्ग निर्माण थालिने २०७८/८९ को बजेट वक्तव्यमा उल्लेख छ । मन्त्रालय आफैंले सुरुङ निर्माणको काम जटिल रहेको बताउँदै आए पनि बर्सेनि अध्ययन गर्ने सुरुङको संख्या थपिने क्रम बढ्दो छ । आर्थिक वर्ष २०७६/७७ मा एक दर्जन सुरुङको प्रारम्भिक अध्ययन गर्न भनेर ५४ करोड रुपैयाँ बजेट छुट्याइएको थियो । तीमध्ये पाल्पाको सिद्धबाबा र लामाबगर-लाप्चे सुरुङको मात्र आगामी आर्थिक वर्षमा निर्माण थालिने जनाइएको छ ।

अन्य सुरुङको अध्ययन अझै पूरा भइनसकेको मन्त्रालयले बताएको छ । सडक विभागले भने सुरुङको अध्ययनका लागि बजेट छुट्याएर पनि त्यो पर्याप्त नभएको जनाउँदै आएको छ । आर्थिक वर्ष २०७७/७८ मा यिनै सुरुङको अध्ययन गर्न भन्दै ५२ करोड रुपैयाँ बजेट छुट्याइएको थियो । तर अझै अध्ययन सकिएको छैन । त्यसो त सरकारले आगामी आर्थिक वर्षमा सुरुङको संख्या थप्दै अध्ययनका लागि बजेट छुट्याएको छ ।

बजेट छुट्याइएका प्राय: सुरुङको प्रारम्भिक अध्ययन सकिएको सडक विभागअन्तर्गत गुणस्तर अनुसन्धान तथा विकास केन्द्रका निर्देशक विजय जैसीले जानकारी दिए । केहीको सम्भाव्यता सकिएको, केहीको फेरि गर्न लागिएको र केहीको डिजाइनको काम भइरहेको उनको दाबी छ । 'दुई/तीन वर्षयता सुरुङमार्गको नामै तोकेर अध्ययन गर्न भन्दै अर्थ मन्त्रालयको रातो किताबमा बजेट पर्ने गरेको छ,' उनले भने, 'अध्ययनको काम पनि भइरहेको छ ।' सिद्धबाबा र लामाबगर सुरुङ सरकार आफैंले बनाउन लागेको छ । नागढुंगा-सिस्नेखोला सुरुङ भने जापानी ऋण सहयोगमा निर्माण थालिएको हो । 'हामीलाई अध्ययन गर्न समय लागेको सिद्धबाबा सुरुङको हो,' जैसीले भने, 'अब यसको टेन्डर भइसकेको छ ।' आगामी आर्थिक वर्षमा निर्माण थालिने लामाबगर सुरुङको डिजाइन तयार छ । तर धरान-लेउती सुरुङलाई निर्माणमा राखिए पनि त्यसको डिजाइन आइसकेको छैन । सम्भाव्यता अध्ययन हुँदै छ । आगामी आर्थिक वर्षको अन्त्यसम्म निर्माणमा जान सकिने उनको भनाइ छ । वैदेशिक महाशाखाले टोखा-छहरे सुरुङको अध्ययन गर्न चीनसँग समझदारी (एमओयू) गरिसकेको छ । कोटेश्वर-जडीबुटी सुरुङको जापान सहयोग नियोग (जाइका) ले अध्ययन गरिरहेको छ । खुर्कोट-चियाबारी सुरुङमार्गको भने अध्ययन भइसकेको जनाइएको छ ।



निर्माणाधीन नागढुंगा-सिस्नेखोला सुरुङमार्गअन्तर्गत सिस्नेखोला साइट । कोभिडका कारण निषेधाज्ञा जारी रहे पनि कामदारलाई कार्यस्थलमै आइसोलेसनको व्यवस्था गरी सुरुङ निर्माणको काम रोकिएको छैन । *तस्बिर : हरिहरसिंह राठौर/कान्तिपुर*

अगामी आर्थिक वर्षमा काठमाडौं-कोटेश्वर खण्डको सवारी चाप व्यवस्थित गर्न तीनकुने-जडीबुटी खण्डमा सुरुङ निर्माणका लागि १ अर्ब ८० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । टोखा-छहरे-गुर्जुभन्ज्याङ, वेत्रावती-स्याफ्रुबेंसी, खुर्कोट-चियाबारी र थानकोट-चित्लाङ सुरुङमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण प्रारम्भ गरिने बजेट वक्तव्यमा उल्लेख छ ।

पृथ्वी राजमार्गको मझिमटार-शक्तिखोर, पोखरा-बागलुङ राजमार्गको हेम्जा-नयाँपुल, चेपाङ राजमार्गको दुम्लिङ-वाक्सिङ, पूर्वपश्चिम राजमार्गको दुम्कीबास-बर्दघाट, कोहलपुर-सुर्खेत राजमार्गको बबई-छिन्चु, सुर्खेत-दैलेख सडकको कपासे-सियाकोट, पाल्पा-तम्घास सडकको प्रभास-जोर्ते र बीपीनगर-खुटिया-दिपायल खण्डमा सुरुङमार्ग निर्माणका लागि सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरिने जनाइएको छ ।

आर्थिक वर्ष २०७८/७९ का लागि सुरुङमार्ग विकास कार्यक्रमअन्तर्गत १ अर्ब ९९ करोड ६० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । त्यसमध्ये नागढुंगा-सिस्नेखोला सुरुङ निर्माणका लागि ९ अर्ब ८४ करोड ७९ लाख रुपैयाँ बजेट छुट्याइएको छ । सिद्धबाबा सुरुङको ठेक्का व्यवस्थापनको काम सुरु भएको छ । 'देशभर थुप्रै महत्त्वपूर्ण सुरुङ निर्माण गर्नुपर्ने ठाउँ छन्, तीमध्ये कुनैमा सम्भाव्यता अध्ययन, कुनैमा डिटेल डिजाइन गर्नुपर्ने हिसाबले कार्यक्रम बनेको छ,' भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता दीपककुमार भट्टराईले भने ।

नेपालको आफ्नै क्षमताका आधारमा कहीँ पनि सुरुङ निर्माण सम्भव नरहेको पूर्वभौतिक पूर्वाधार तथा यातायातमन्त्री वीरबहादुर बलायर बताउँछन् । 'विदेशी प्राविधिकले अध्ययन गरेर ग्लोबल टेन्डर गरेपछि त्यहीअनुसार बजेट भयो भने सुरु निर्माण गर्न सकिएला,' उनले भने, 'नत्र आफैं सुरुङ खन्ने हो भने पहिल्यै यससँग सम्बन्धित विज्ञ, प्राविधिक तयार गर्नुको विकल्प छैन ।' सरकारले केही सुरुङमार्ग भने सडक नै नभएको ठाउँमा निर्माण गर्न भन्दै अध्ययन अघि बढाएको छ ।

# राफसाफ कोष सञ्चालनमा ल्याउन निर्देशन

काठमाडौं (कास)- सेयर खरिदकर्ताले समयमै पैसा तिर्न नसक्दा कारोबार राफसाफका लागि ब्रोकरले रकम सापटी लिन पाउने कोष (राफसाफ सुनिश्चित कोष) कार्यान्वयन योग्य बनाएर सञ्चालनमा ल्याउन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) लाई धितोपत्र बोर्डले निर्देशन दिएको छ । दिनहुँ कारोबार रकम बढिरहेकाले प्रणालीगत जोखिम बढेको र त्यसलाई कम गर्न भन्दै बिहीबार बोर्डले यस्तो निर्देशन दिएको हो ।

लगानीकर्ताबाट निर्धारित मितिमा पैसा नआए उक्त कारोबार राफसाफ हुन सक्दैन । यस्तो अवस्थामा ब्रोकरले पैसा व्यवस्थापन गरेर कारोबार राफसाफ गराउनुपर्छ । अप्ठ्यारो अवस्थामा ब्रोकरलाई रकम सापटी दिएर समयमै कारोबार राफसाफ गराउने कोषको उद्देश्य हो । धितोपत्र ऐन २०६३ र धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५ को नियम २७ मा कोष सञ्चालनको प्रावधान छ । यद्यपि हालसम्म पनि कोष सञ्चालनमा आउन नसकेकाले यही आर्थिक वर्षको अन्त्यसम्म कोष सञ्चालनमा ल्याउन निर्देशन दिइएको बोर्डका अध्यक्ष भीष्मराज ढुंगानाले बताए ।

'बजारमा दैनिक १७ अर्ब रुपैयाँभन्दा धेरैको कारोबार हुन लागिसक्यो,' उनले भने, 'तर, कानुनमा तोकिएअनुसार राफसाफ कोष सञ्चालन हुन सकेको छैन । यसले प्रणालीगत जोखिम बढेको छ । जसका कारण समयमा राफसाफ भएको छैन भने लगानीकर्ताले समयमा पैसा पाउन सकेका छैनन् ।' निहित प्रणालीगत जोखिम न्यूनीकरण गर्न आवश्यक भएकाले धितोपत्र कारोबारलाई समयमै राफसाफ गराई बजारलाई व्यवस्थित र अनुशासित राख्न राफसाफ कोषलाई कार्यान्वयनयोग्य बनाउन आवश्यक देखिएको उनको दाबी छ ।

धितोपत्र सूचीकरण तथा कारोबार नियमावलीको व्यवस्थाअनुसार हाल नेप्से, सीडीएससी र ब्रोकरले आम्दानीको ०.५ प्रतिशत रकम उक्त कोषमा हाल्नुपर्छ । यसअनुसार हालसम्म कोषमा करिब ३१ लाख रुपैयाँ मात्र संकलन भए पनि कोष सञ्चालनमा नआएको स्रोतले बताएको छ । 'रकम जम्मा भएको छ तर उपयोग भएको छैन,' एक ब्रोकरले भने, 'हाल ब्रोकरहरूले अन्य स्रोतबाटै रकम संकलन गरेर राफसाफ गर्दै आएका छन् ।' कोषमा रकम संकलन पनि नियमित र पारदर्शी नभएको ती ब्रोकरले बताए ।

राफसाफ कोष धितोपत्र बजार (स्टक एक्सचेञ्ज) ले सञ्चालन गर्छ । नेपालमा सीडीएससीले कारोबार राफसाफ र क्लियरिङ गर्दै आएको छ । तर कोष भने नेप्सेकै मातहत छ । हालको राफसाफ प्रणालीअनुसार कुनै एक ब्रोकरले निर्धारित समयमा राफसाफ गर्न नसकेको अवस्थामा सो दिनको सबै कारोबारको राफसाफ रोकिन्छ । यसकारण लगानीकर्ताले कारोबार भएको दुई दिनभित्र (टी प्लस टू) भित्र रकम बुझाइसक्नुपर्छ । तर कुनै लगानीकर्ताले रकम बुझाउन नसकेको अवस्थामा कारोबार रोकिन्छ । त्यस्तो अवस्थामा लगानीकर्ताबाट आउन नसकेको रकम व्यवस्थापन गरी राफसाफका लागि बाटो फुकाइदिनुपर्छ ।

UNILEVER NEPAL LIMITED

## टेण्डर माध्यमबाट स्क्रयाप बिक्री सम्बन्धी सूचना

यस कम्पनीको हेटौंडा-३ बसामाडी, मकवानपुर स्थित उद्योग लगायत हेटौंडा औद्योगिक क्षेत्र र हे.उ.म.न.पा.-११ मा संचालित थर्ड पार्टी उद्योग संचालनको क्रममा निस्कने अनुमानित रु. २,००,००,०००।- (अक्षरेपी रु. दुई करोड) मूल्य बराबरको स्क्रयाप सामान (खाली ड्रम, बोरा, प्लास्टिक इत्यादी) १२ महिनाको लागि टेण्डरको माध्यमबाट बिक्री गर्नुपर्ने भएकोले उक्त सामानहरु मिति २०७८ भाद्र १६ गते देखि २०७९ भाद्र १५ गते (सेप्टेम्बर ०१ तारिख २०२१ देखि अगस्त ३१ तारिख २०२२) सम्म खरीद गरी लिन इच्छुक फर्म वा कम्पनीले देहायमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही कोटेसन पेश गर्न हुन आव्हान गरिन्छ ।

१. टेण्डर खरीद गर्न चाहने फर्म वा कम्पनीले यस कम्पनीको ईमेल ठेगाना unl.tender@unilever.com मा मिति २०७८।०३।०५ गते (१९ जून २०२१) सम्ममा ईमेल लेखि टेण्डर फर्म माग गर्नु पर्नेछ । सो टेण्डर फारम मागको ईमेल प्राप्त भइसकेपछि कम्पनीले सोहि प्राप्त ईमेल ठेगानामा मिति २०७८।०३।१२ (२६ जून २०२१) गते सम्ममा कार्यालय समय भित्र बिहान १०:०० बजे देखि बेलुका ५ बजे सम्म) टेण्डर फारम ईमेलबाट नै पठाईने छ ।

२. टेण्डरमा भाग लिन इच्छुक फर्म वा कम्पनीले यस कम्पनीबाट प्राप्त टेण्डर बुझिने गरी भरेर सिल टेण्डर फर्म मिति २०७८।०३।३१ गते (१५ जुलाई २०२१) सम्ममा कुरियर मार्फत "युनिलिभर नेपाल लिमिटेडको सिटि स्क्वायर विल्डिङ्ग दोस्रो र तेस्रो तला" नयाँ बानेश्वर, काठमाण्डौं अवस्थित कार्यालयमा कार्यालय समयभित्र पठाई सक्नुपर्नेछ । सोको साथमा अद्यावधिक नविकरण सहितको फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, VAT दर्ता प्रमाणपत्र, २०७६/७७ को कर चुक्ता प्रमाणपत्र र रु. ५०,०००/- (पचास हजार मात्र) को रकम धरौटी स्वरुप नेपाल एस. बि. आई बैंक लिमिटेड हेटौंडामा रहेको युनिलिभर नेपाल लिमिटेडको नामको खाता नं. १७७२५२४००००३५२ मा जम्मा गरेको भौचर समेत पेश गर्नु पर्नेछ । ईमेल तथा व्यक्तिगत सम्पर्क द्वारा पठाइएका टेण्डरहरु मान्य हुने छैन ।

३. बोलपत्र स्वीकृत भएमा धरौटी वापत अतिरिक्त रु. ४,५०,०००।- (चार लाख पचास हजार) नेपाल एस. बि. आई बैंक लिमिटेड, हेटौंडामा रहेको युनिलिभर नेपाल लिमिटेडको नामको खाता नं. १७७२५२४००००३५२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । तोकिएका सर्त बन्देज बमोजिम स्क्रयाप उठाएको ६ महिनाको कार्य अवधि सम्पन्न भएपछि सि. नं. २ र ३ बमोजिम राखिएको धरौटी रु. ५,००,०००।-(पाँच लाख) एक मुष्ट रुपमा स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको एकाउन्ट पेयी चेक मार्फत फिर्ता गरिनेछ ।

४. स्वीकृत भएको बोलपत्रवालाले कथंमकदाचित कबोल गरेको दरमा ठेक्का करार गर्न नचाहेमा जम्मा भएको धरौटी फिर्ता हुने छैन ।

५. प्राप्त बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहनेछ । बोलपत्रहरु स्वीकृत नभएमा बोलपत्र साथ पेश भएको धरौटी रकम फिर्ता दिईनेछ ।

६. म्याद नाघी प्राप्त हुन आएका वा निर्धारित प्रकृया पूरा नगरेका टेण्डरहरु मान्य हुने छैन ।

७. टेण्डर कम्पनीको प्रतिनिधिबाट खोलिनेछ र टेण्डर परेको पार्टीलाई सोही अनुसारको जानकारी ईमेलबाट गराईनेछ ।

८. माथि उल्लेख गरिएको स्क्रयाप बिक्री सम्बन्धी अनुमानित गरिएको रकम कारखाना संचालनमा थपघट भए सोहि अनुरुप थपघट हुन सक्नेछ ।

९. स्क्रयाप यार्डमा राखिएका सामानहरु हरेक एक दिनको अन्तरालमा नियमित रुपमा उठाउनु पर्नेछ ।

१०. बोलपत्रमा उल्लेख गरेको दर रेट बमोजिम स्क्रयाप सामान उद्योगबाट उठाई लैजाने समयमा सोको मूल्य बराबरको रकम बैंकमा जम्मा गरेको भौचर पेश गरेपछि मात्र स्क्रयाप सामान लाग्ने आदेश जारी गरिनेछ ।

११. स्क्रयाप यार्ड सफा गर्ने क्रममा काममा नआउने तथा बिक्री गर्न नमिल्ने कतिपय सामानहरु पनि उठाई त्यस्ता सामानहरु कारखाना बाहिर व्यवस्थित रुपबाट वातावरणमा प्रभाव नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने तथा नष्ट गर्नुपर्ने समेत हुन्छ ।

१२. स्क्रयाप व्यवस्थापनको लागि बोलपत्रवालाले आफ्नो १ जना कामदार स्क्रयाप यार्डको लागि कारखानामा दैनिक रुपमा पठाउनुपर्ने छ ।

१३. एक हप्ता (७ दिन) सम्म स्क्रयाप नउठाएमा त्यसपछि प्रति दिन रु. ५,०००।- (रु. पाँच हजार) हर्जाना तिर्नुपर्ने हुन्छ ।

१४. दुई हप्तासम्म पनि स्क्रयाप नउठाएमा सो स्क्रयाप व्यवस्थापन गर्न कम्पनीले गर्नु परेको खर्च समेत सम्बन्धित ठेकेदारबाट असुल उपर गरिनेछ ।

१५. माथि लेखिएका सम्पूर्ण शर्त बन्देजहरुको पालना गर्छु भनि टेण्डरमा उल्लेख गर्नुपर्नेछ ।

१६. स्क्रयाप उठाउने सम्बन्धी बोलपत्र स्वीकृत भै काम गर्ने करार गरी शर्त बन्देज बमोजिम काम नगरी शर्त बन्देज को पालना नगरेमा सम्झौताको अवधि भित्र पनि कम्पनीले ठेक्का/करार भंग गरी अर्को पक्षसँग करार गर्न सक्नेछ। स्क्रयाप उठाउँदा कारखानाको कुनै सामान स्क्रयापको साथमा लैजाने को शिस भएमा करार बिचमा भंग गरी नयाँ पार्टी नियुक्त गर्न सकिनेछ । शर्त बन्देज बमोजिम काम गर्न नसकेको तथा यस्तो कुनै कारणबाट करार भंग भएमा जम्मा भएको धरौटी रकम फिर्ता हुनेछैन ।

१७. स्क्रयाप सम्बन्धी काम गरेका अनुभवी फर्मलाई प्राथमिकता दिइनेछ ।

१८. टेण्डर पेश गर्ने फर्म वा संस्थाले टेण्डर पेश गर्ने सम्बन्धी आधिकारिक निर्णयको फोटोकपि समेत पेश गर्नु पर्नेछ ।

१९. टेण्डरमा कबोल गरिएको मूल्य तथा दर भाउ पत्रका निवेदकको अनुभव एवं कार्य क्षमताको आधारमा स्वतन्त्र रुपमा छनौट गरिने भएकोले टेण्डर स्वीकृत गराउन कुनै व्यक्तिगत सम्पर्क, फोन आदि नगरि व्यवसायिक स्वतन्त्रता एवं मर्यादामा सहयोग पुऱ्याउनु हुन अनुरोध गर्दछौं ।

**यस सम्बन्धी थप जानकारी आवश्यक परेमा बिहान १०:०० बजे देखि बेलुका ५:०० बजे सम्म फोन नं. ०१-४७८३९७२, ०१-४७८५९६३ (कर्पोरेट अफिस-बानेश्वर, काठमाण्डौं) मा सम्पर्क गर्न सकिने छ ।**

डीडीसीमा लापरबाही

# सरोकारवाला नै कर्मचारीको कमजोरी लुकाउँछन्

राजु चौधरी (काठमाडौं)

- गत चैत अन्तिम साता दुग्ध विकास संस्थान (डीडीसी) को बालाजु प्लान्टबाट उत्पादित प्याकेट दूधमा गन्ध आएको भनेर सर्वत्र आलोचना भयो । खाद्यवस्तुको गुणस्तर हेर्ने खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका खाद्य निरीक्षक ईश्वर सुवेदीलाई पनि शंका लागेपछि उनले दूध परीक्षण गर्न ल्याब पठाए । झन्डै एक महिनापछि आएको रिपोर्टमा दूधमा फ्याटको मात्रा कम देखियो ।

खाद्य प्रविधि स्रोतका अनुसार डीडीसीले पानीमा समस्या भएको स्विकारेकाले क्लोरिनको परीक्षण भएन । 'अनौपचारिक रूपमा परीक्षण गराइएको रिपोर्टमा फ्याटको मात्रा कम देखिएको छ,' खाद्य प्रविधिका एक अधिकारीले भने, 'अरू खराबी त डीडीसी स्वयंले स्विकारिसकेको छ ।'

- गत असोजमा काठमाडौं महानगरपालिकाको टोलीले डीडीसीकै बालाजु वितरण आयोजनामा अनुगमन गर्दा १ लाख ९४ हजार ९ सय ७५ किलो बटर मौज्दातमध्ये अधिकांशको म्याद सकिएको फेला परेको थियो । केही प्याकेजिङमा उपभोगका लागि ८ महिनासम्म राम्रो उल्लेख भए पनि उत्पादन मिति नोभेम्बर २०१९ (मंसिर, २०७६), डिसेम्बर २०१९ (पुस, २०७६) मात्रै थियो ।

२५/२५ किलोको कार्टुनमा राखिएको बटरका प्राय: कार्टुनमा लेभल नै थिएन । लेभल भएकोमा म्याद सकिएको थियो । बटरको गुणस्तरमा पनि प्रश्न उठेको थियो । त्यसपछि खाद्य प्रविधिको टोलीले पुन: बालाजु प्लान्टमा अनुगमन गरेर नमुना संकलन गरेको थियो । अनुगमन टोलीले नमुना संकलन गरे पनि त्यसपछि त्यत्तिकै सेलायो ।

'कार्टुनमा म्याद सकिएको उल्लेख भएकाले कानुनले परीक्षण गर्न मिल्दैन,' स्रोतले भन्यो, 'विभागले म्याद सकिएको बटर प्रयोग नगर्न मौखिक निर्देशन दिएको थियो । त्यसपछि पुन: फलोअप भएको छैन ।' उल्लिखित दुई घटना उदाहरण मात्रै हुन् । डीडीसीका केही उत्पादनमा पटकपटक प्रश्न उठ्ने गरेको छ । समस्या समाधान गर्न समयसमयमा समिति पनि गठन हुने गरेका छन् । तर ती समिति निष्कर्षबिनै हराउने गरेको डीडीसीकै कर्मचारी बताउँछन् ।

'दूध गन्हाएको आलोचना भएपछि पनि उपमहाप्रबन्धक राजेन्द्रप्रसाद अधिकारीको संयोजकत्वमा समिति गठन भयो । चैत ३१ मा गठित समितिलाई एक साताभित्र प्रतिवेदन पेस गर्न निर्देशन थियो,' डीडीसी स्रोतले भन्यो, 'तर अहिलेसम्म छानबिन भएको छैन । संलग्न कर्मचारीलाई स्पष्टीकरण सोधिएको पनि छैन ।' ती कर्मचारीका अनुसार डीडीसीको छलफलमा महानिर्देशक रुद्र पौडेलले पटकपटक प्रतिवेदनका कुरा निकाल्छन् । महानिर्देशकले चासो दिए पनि समितिले आलटाल गरिरहेको छ ।

### बालाजु प्लान्टमा गन्हाएको दूध र म्याद नाघेको बटर भेटिए पनि छानबिनमा उदासीनता

यही विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पनि खाद्य प्रविधि विज्ञसहितको टोली बनाएर छलफल गरिरहेको छ । उसले पनि अहिलेसम्म निष्कर्ष निकाल्न सकेको छैन । 'डीडीसी पानीको समस्या भनेर पन्छिएको छ । त्यसमा पाउडरको विषय पनि हुन सक्छ । बालाजु सबैभन्दा ठूलो प्लान्ट हो । फ्याटमा १/२ प्रतिशत हुँदा महिनामा लाखौं रुपैयाँ चलखेल गर्न सकिन्छ,' डीडीसी स्रोतले भन्यो, 'महानिर्देशक विभिन्न परिबन्धमा छन् । जसले गर्दा दोषी कर्मचारीलाई कारबाहीको दायरामा ल्याउन सकेनन् । कर्मचारीको कमजोरी लुकाइएको छ ।'

# शिखर इन्स्योरेन्सको हकप्रद निष्कासन गर्न बिक्री प्रबन्धक नियुक्त

काठमाडौं (कास)- शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडले ३० प्रतिशत हकप्रद सेयर निष्कासन गर्न एनआईबीएल एस क्यापिटल लिमिटेडलाई धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गरेको छ । 'निर्जीवन बिमा कम्पनीहरूमा अग्रणी रूपमा स्थापित शिखर इन्स्योरेन्सले हाल कायम चुक्ता पुँजीको ३० प्रतिशत हुन आउने ५२ लाख ७५ हजार ५ सय ७२ कित्ता हकप्रद सेयर आफ्ना सेयरधनीहरूमा जारी गर्दै छ,' कम्पनीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

सेयर निष्कासनसम्बन्धी सम्झौतामा इन्स्योरेन्स कम्पनीका तर्फबाट सहायक महाप्रबन्धक तथा कम्पनी सचिव सुरज राजवाहक, निष्कासन तथा बिक्री प्रबन्धकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत मेखबहादुर थापा र सहायक महाप्रबन्धक सचिन्द्र ढुंगानाले हस्ताक्षर गरे । 'बिमा क्षेत्रमा ए रेटिङ प्राप्त गर्ने शिखर इन्स्योरेन्स एकमात्र कम्पनी हो,' विज्ञप्तिमा भनिएको छ, 'ए रेटिङ प्राप्त कम्पनीले आफ्नो वित्तीय दायित्व समयमै फछ्र्योट गर्न पर्याप्त सुरक्षा प्रदान गर्ने तथा न्यून कर्जा जोखिम रहने कुराको सुनिश्चितता गर्छ ।'

## INVITATION FOR SEALED BIDS

Sanima Bank Limited invites sealed bids from registered, eligible and interested suppliers for supply and implementation of Loan Management System (LMS) to Sanima Bank Limited.

For further details, please visit https://www.sanimabank.com/ or contact bank's General Service Department, Head Office.

SanimaBank www.sanimabank.com

Alakapuri, Naxal, Kathmandu | Tel No.: 01-5970033 | Email: sanima@sanimabank.com

## नेपाल एल.पि. ग्यास उद्योग संघको प्रेस विज्ञप्ती

आ.व. २०७८/७९ को बजेट वक्तब्यबाट मुलुकको सम्पूर्ण जनता कोरोना महामारीको चपेटामा परि अत्यन्त ठुलो समस्यामा परेको यस अवस्थामा नेपाल सरकारले खाना पकाउने एल.पि. ग्यासका उपभोक्ताहरूलाई राहत स्वरूप २०% छुट दिने घोषणा गरेकोमा यस संघ हार्दिक स्वागत गर्दछ। हाल नेपालमा ५८ वटा एल.पि. ग्यासका उद्योगहरूबाट मुलुकभरिका उपभोक्ताहरूलाई यस विषम परिस्थितिमा डिलरहरू मार्फत एल.पि. ग्यास वितरण भईरहेको र काठमाण्डौ उपत्यकामा मात्र ३२ उद्योगहरूबाट उपभोक्ताहरूलाई सेवा पुर्याउदै आएकोमा आ. व. २०७८/७९ को बजेट वक्तब्यबाट नेपालको सम्पूर्ण उपभोक्ता संख्या करिब १ प्रतिशत उपभोक्तामा मात्र पहुंच भएको STC BRAND को उद्योगले काठमाण्डौ उपत्यकामा सो उद्योगको उपभोक्ताहरूलाई मात्र पाईने गरि सो २०% छुटको सुबिधा दिईएको हुँदा हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ।

यस व्यवस्थाबाट कोरोनाबाट आर्थिक र गम्भिर स्वास्थ अवस्थाबाट पिडित मुलुकका ९९% एल.पि. ग्यासका उपभोक्ताहरू विभेदमा परेको महसुस भएको र मुलुकका सम्पूर्ण क्षेत्रहरूका उपभोक्ताहरूबाट सो छुट सुबिधाको माग भएको हुँदा तत्काल सो सुबिधा सम्पूर्ण उपभोक्ताहरूलाई समेत उपलब्ध हुने ब्यवस्थाको लागि अनुरोध छ।

धन्यवाद ।

महासचिव

नेपाल एल.पि. ग्यास उद्योग संघ

# ठूला टिमविरुद्ध फेरिने आशा

## माथिल्लो स्तरको प्रदर्शनलाई अन्तर्राष्ट्रिय फुटबलमा बिरलै दोहोऱ्याउने गरेको नेपालले यसपल्ट कुवेत सिटीमा सुधार्ने अपेक्षा गरिएको छ

**राजु घिसिङ** (काठमाडौं)



कुवेत एफए

स्विडिस प्रशिक्षक योहान कालिनले दुई वर्षअघि सम्हालेको नेपाली टिमको पहिलो प्रतिद्वन्द्वी थियो, कुवेत । नेपाली टिम मैत्रीपूर्ण दुई खेलका लागि खाडी मुलुक पुगेको थियो । पहिलो खेल गोलरहित सकियो । दोस्रो खेल पेनाल्टी गोलमा कुवेतले १-० ले जित्यो । महादेशकै कमजोर टिममा पर्ने नेपालका लागि फेरि बलियो बन्ने अभियानमा रहेको कुवेती टिमविरुद्ध यी दुई नतिजा नसोचिएका उपलब्धि नै थिए । त्यो पनि प्रतिस्पर्धीको भूमिमा ।

ती दुई खेलको नतिजाबाट कालिन र खेलाडीले वाहवाही पाए । त्यसपछि विश्वकप २०२२/एसियन कप २०२३ को संयुक्त छनोटमा नेपाल र कुवेत एउटै समूहमा पऱ्यो । छनोटको पहिलो खेलमै यी दुईको भेट भयो । फेरि कुवेतमै । मैत्रीपूर्ण खेल राजधानी कुवेत सिटी नजिकैको अल-अहमादी रंगशालामा भएको थियो । छनोटको प्रतिस्पर्धा राजधानीकै कुवेत स्पोर्ट्स क्लब स्टेडियम । मैत्रीपूर्ण खेल खेलेको ६ महिनापछि छनोटमा भएको भेटमा भने कुवेतले ७-० को जित निकाल्यो । कुवेतले पहिलो हाफमा २ गोल गऱ्यो । दोस्रो हाफमा ५ गोल ।

अन्तिम दुई गोल त इन्ज्युरी समयमा भएको थियो । विश्वकप छनोटमा यस्तो सुरुआत नेपाली फुटबलले चाहेको थिएन । त्यो नतिजाले स्तब्ध नै बनायो । फेरि टिम आलोचित भयो ।

अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष कर्माछिरिङ शेर्पाले त खेलाडीहरूलाई चेतावनीकै भाषामा सोधेका थिए, 'के हो त्यस्तो प्रदर्शन ? टिममा पुरानै रोग अझै छ ?' त्यस्तो प्रदर्शन, नतिजा र यस्ता प्रश्नले टिममा विश्वासभन्दा पनि धेरै शंका गर्ने ठाउँ दिन्छ । नेपाली फुटबलमा बहुचर्चित खेल मिलेमतो (फिक्सिङ) काण्ड धेरैले बिर्सेका थिएनन् । कुवेतविरुद्ध ठूलो हारलाई लिएर एन्फाकै इन्टिग्रिटी अफिसरले अनुसन्धान पनि गऱ्यो । तर, त्यो निष्कर्ष निस्किएन ।

कालिनले कुवेतमा ७-० को हार कल्पना गरेका थिएनन् तर त्यसको पाँच दिनभित्रै नेपालले चाइनिज ताइपेईमा २-० को जित निकाल्यो । एक किसिमले ताइवानको नतिजा अनपेक्षित नै थियो । किनभने कुवेतमा नेपाली टिमले साह्रै खराब खेलेको थियो । पूरा खेलमै बल आफ्नै पेनाल्टी क्षेत्रवरिपरि थियो । कुनै खेलाडीको प्रदर्शन चित्तबुझ्दो थिएन । कुवेती खेलाडीले खुलेरै खेल्न पाइरहे । र, त्यो बेला फिफा वरीयतामा नेपालभन्दा ४१ स्थानमाथि पनि थियो ताइपेई । यसपालि विश्वकप छनोटमा नेपालको पहिलो जित त्यही हो र दोस्रो जित पनि ताइपेईविरुद्ध नै निस्कियो । कोरोना भाइरस महामारीले प्रभावित छनोट फेरि सुचारु हुँदा नेपालले बिहीबार ताइपेईलाई २-० ले हरायो ।

'कोचको रूपमा स्वीकार्न गाह्रो छ तर कसैलाई दोष दिन चाहन्न, प्रमाण कोहीसँग छैन,' भदौमा प्रशिक्षकबाट राजीनामा दिएपछि कालिनले कुवेतसँग ७-० को हारबारे भनेका थिए, 'मैत्रीपूर्ण प्रतिस्पर्धाको पहिलो खेल गोलरहित भयो । अर्को खेलमा बराबरी गर्ने राम्रो अवसर थियो । कुवेतलाई राम्रोसँग अध्ययन गरेका थियौं । कमजोरी पत्ता लागेको थियो । सुगठित डिफेन्स बनाएका थियौं । त्यसैले कुवेत बलियो टिम भए पनि हामीलाई बराबरी गर्ने मौका थियो । हारमा पनि हामीले राम्रो गर्न सक्थ्यौं । तर, टिम नै कोल्याप्स भयो । हामीले सुरुबाटै खराब खेल्यौं र ७ गोल खायौं ।'

सात गोल खाएको दुई महिनापछि नेपालले त्यही कुवेती टिमविरुद्ध थिम्पूमा खेल्यो । दशरथ रंगशाला तयार नभएपछि नेपालले 'होम म्याच' का लागि थिम्पू रोजेको थियो । त्यहाँ कुवेतको जित १-० मा छोट्टियो । रोहित चन्दको प्रहारले जाली चुमेको भए त्यो खेलको कथा अर्कै हुनसक्थ्यो । थिम्पूमा 'हाइअल्टिच्युड' ले खेल्न गाह्रो भएको कुवेती खेलाडीको भनाइ थियो । नेपाली खेलाडीहरूले पनि कुवेतमा सात गोल बेहोर्दा त्यहाँ गर्मीका कारण खेल्न नसकेको बताएका थिए । नेपालले कुवेतविरुद्ध छनोटका दुवै खेल खेलिसकेको छ । त्यसैले तटस्थ भूमिको रूपमा कुवेतमा आयोजना गरिएको समूह 'बी' को यो छनोटमा नेपालले फेरि कुवेतको सामना गर्ने छैन ।

### युवा जोस र लय

कुवेतकै स्तरको टिम हो जोर्डन । यो टिमविरुद्ध नेपालले सोमबार खेल्दै छ । त्यसपछि शुक्रबार अस्ट्रेलियाविरुद्ध । फिफा वरीयतामा जोर्डन ८५ औं स्थानमा छ भने नेपाल १७१ औंमा । त्यसैले दुई वर्षअघि कुवेतविरुद्धको खराब प्रदर्शन र बिर्सनलायक नतिजाबाट उक्सिने अवसर नेपालले पाएको छ । कुवेती प्रशिक्षक अब्दुल्लाह अलमुताइरीको आगमनले नेपाली टिमको स्वरुप नै फेरिएको छ । युवा खेलाडीलाई प्राथमकिता दिएका उनले ठूला टिमविरुद्ध पनि आक्रामक खेल्ने बताएका छन् । सुरुका दुई खेलको प्रदर्शन र नतिजाले पनि उत्साही बनाएको छ ।

नेपालले ४० डिग्री सेल्सियस तापक्रममा भएको प्रतिस्पर्धामा ताइपेईलाई २-० ले हराएको थियो । त्यसअघि नेपालले बासराको चर्को गर्मीमा खेलेको मैत्रीपूर्ण खेलमा इराकसँग ६-२ को हार बेहोरेको थियो । आयोजनास्थलको मिल्दो मौसममा नेपाली टिमले १० दिन बिताइसकेको छ । त्यसैले यसपालि खेलाडीलाई गर्मीको बहाना बताउने अवसर छैन । सात गोल खाएको टिम र अहिलेको नेपाली टिममा ठूलै परिवर्तन भएको छ । त्यो बेलाका ११ खेलाडीमात्रै अब्दुल्लाहको टिममा छन् । पहिलो रोजाइकै ५ खेलाडी बाहिरिए । त्यसैले नयाँ रणनीति, लिएको आक्रामक स्वरुप र युवा जोसमा नेपाली टिमले राम्रो प्रदर्शनलाई निरन्तरता दिनसक्छ । नेपालले ३० महिनापछि लगातार चार खेलमा गोल गर्ने अवसर पनि पाएको छ ।

### १० वर्षअघिको 'कमब्याक'

जोर्डनले नेपाललाई १० वर्षअघि भएको विश्वकप छनोट (प्रारम्भिक चरण) को 'अवे' खेलमा ९-० ले हराएको थियो । त्यो अन्तर अनपेक्षित थियो । निकै अपत्यारिलो । त्यसैलाई लिएर धेरै प्रश्न तेर्सिए । कुवेतमा जस्तै अम्मानमा कुनै खेलाडीको प्रदर्शन गतिलो थिएन । तर ९ गोल बेहोरेको ५ दिनभित्रै दशरथ रंगशालामा नेपालले जोर्डनलाई १-१ मा रोक्यो । यो पनि नासोचिएको नतिजा थियो । झरीमै भएको खेलमा सन्तोष साहुखलको उत्कृष्ट पासमा भरत खवासले गरेको गोल र रोहित चन्दको अचुक ट्याकलमा नेपालले बराबरी गरेको थियो । यसपालिको अम्मान भेट जोर्डनले ३-० ले जित्यो ।

दक्षिण कोरियाविरुद्ध एसियन कप २००४ को छनोटमा १६-० को हार नेपालको इतिहासमै सबैभन्दा खराब हो । त्यसमा खेलाडी पलायनको पीडा पनि मिसिएको थियो । त्यसको एक महिनाभित्रै मस्कट (ओमान) को भेटमा नेपालले कोरियासाग हारको अन्तर ७-० मा झारेको थियो । नेपालले कोरियाविरुद्ध नै ३२ वर्षअघि विश्वकप छनोटमा ९-० ले हारेको एक साताभित्रै अर्को खेल ४-० (हार) मा टुंग्याएको थियो । इराकविरुद्ध २० वर्षअघिको छनोटमा ९-१ ले पराजित भएको दुई साता नबित्दै हारअन्तर ४-१ बनाएको थियो ।

ठूला हारपछि छोट्टिएका गोल अन्तरले नेपाली टिम त्यति खराब थिएन भन्ने देखाउछ । गोल गर्न नसक्ने र एकरुपको खेल प्रदर्शन नगर्ने छवि फेर्ने मौका नेपाली टिमले पाएको छ । ठीक यही बेला ठूला टिमसँग डराएर खेल्ने र रक्षात्मक रणनीति अंगाल्ने परम्परा परिवर्तन गर्ने प्रयासमा छन् अब्दुल्लाह । इराकसागको गोल र ताइपेईविरुद्धको जितसँगै नेपाली टिमले लय समातेको छ । प्रशिक्षक अब्दुल्लाहले पनि यसलाई सुरुआतमात्रै भएको बताएका छन् । त्यसैले नेपाली टिमले कुवेती भूमिमा अनपेक्षित र अपत्यारिला नतिजालाई टार्ने अपेक्षा गरिएको छ ।

# यू-१३ छनोट विवादास्पद

**दीपक परियार** (पोखरा)

अखिल नेपाल फुटबल संघ (एन्फा) ले युथ एकेडेमीका लागि ४२ जना उमेर समूहका खेलाडी छनोट गरेको निर्णय शुक्रबार आफ्नो वेबसाइटमार्फत सार्वजनिक गऱ्यो । छनोट समितिका संयोजक एवं एन्फा उपाध्यक्ष कृष्ण थापाले आफ्नो जानकारीबिनै निर्णय भएको बताएपछि छनोट विवादास्पद बनेको छ ।

एन्फाले अन्तिम चरणको यू-१३ खेलाडी छनोट गर्न वैशाख २ मा थापालाई संयोजक तोकेको पत्र थमायो । प्राविधिक समितिका संयोजकसमेत रहेका थापालाई एक छनोट समिति बनाई खेलाडी छनोट गरी प्रतिवेदन बुझाउन एन्फाले निर्देशन दिएको थियो । उक्त निर्देशानुसार नै थापाले प्राविधिक टिमसहितको छनोट टोली बनाए । वैशाख ६ देखि ९ सम्म काठमाडौंमा अन्तिम चरणको छनोटका लागि देशभरबाट १ सय ६६ जना सहभागी भए । फाइनल छनोटमा प्रदेश १ बाट २८, प्रदेश २ बाट २४, वाग्मती प्रदेशबाट ३३, गण्डकीबाट ३१, लुम्बिनीबाट ३०, कर्णालीबाट ८ र सुदूरपश्चिमबाट १२ खेलाडी सहभागी भए । तीमध्ये थापा संयोजकत्वको समितिले ७१ खेलाडी अर्को चरणका लागि छनोट गऱ्यो ।

एन्फाले शुक्रबार सार्वजनिक गरेको फाइनल ४२ खेलाडीको नामावलीबारे भने थापाले अनभिज्ञता प्रकट गरेका छन् । संयोजकलाई थाहा नै नदिई अध्यक्ष कर्माछिरिङ शेर्पाले एकलौटी रूपमा खेलाडी छनोट गरेको थापाको आरोप छ । संयोजक नै समावेश नभएको छनोट आफूलाई मान्य नहुने भन्दै उनले सामाजिक सञ्जालमार्फत विरोध जनाएका छन् । 'अध्यक्षले आफ्नो मान्छे राख्न मलाई सोध्दै नसोधी अन्तिम नामावली प्रकाशन गरे,' कान्तिपुरसँग उनले भने, 'यो छनोट अवैधानिक छ । ७२ जनाबाट पुनः छनोट गर्नुपर्छ ।'

एन्फाले ४२ बाहेक वैकल्पिकमा ९ खेलाडी राखेको छ । छनोट भएकामध्ये २१ जना छात्रवृत्तिमा छानिएका हुन् । छात्रवृत्ति पाएका २१ मध्ये नेपाल पुलिस क्लब, आर्मी क्लब र एपीएफ क्लबको एकेडेमीमा ७-७ जना रहनेछन् । बाँकी २१ जनाले भने शुल्क बेहोर्नुपर्छ । एकेडेमी सञ्चालनका लागि एन्फाले यसअघि नै विभागीय टिमको स्कुलसँग सम्झौता गरिसकेको छ ।

संयोजक थापाले उक्त छनोटले मान्यता नपाउने दाबी गर्दै विभागीय क्लबले खेलाडी राख्न नहुने बताएका छन् । एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पा पटक-पटक थापालाई सम्पर्क गर्दा समेत नआएपछि युवा विकास समितिले छनोट प्रक्रिया अगाडि बढाएको बताउँछन् । उनले थापालाई पठाएको इमेल, जुम मिटिङको लिंक पठाएको म्यासेज र फोन कलको रेकर्ड आफूसँग सुरक्षित रहेको बताए । 'म एउटा व्यक्तिले छनोट गर्ने होइन,' उनले भने, 'युवा विकास समिति र प्राविधिक टिम बसेर टुंग्याएको कुरा हो । धाँधली कहाँ भएको छ भन्नुपऱ्यो ।' थापाले जिम्मेवारी लिएर नटुंग्याएकाले विद्यार्थीको भविष्य मध्यनजर गर्दै प्राविधिक टिमले निर्णय गरेको उनले बताए । उनले भने, 'उहाँले छनोट गर्ने पनि होइन, सिनियर भएको हिसाबले हस्ताक्षर गर्ने भनेको हो । उहाँ नहुँदा पनि छनोट रोक्न मिल्दैन ।' थापाले विरोध जनाउनुको कारण 'अर्कै' रहेको अध्यक्ष शेर्पाको दाबी छ । उक्त कारण भने उनले खुलाएनन् । उनले भने, 'पछि थाहा भइहाल्छ ।'

युवा विकास समितिका सहसंयोजक नीरज खड्गीले संयोजकलाई थाहा नदिएकोबारे कमजोरी भएको हुनसक्ने भए पनि छनोट पूर्ण पारदर्शी भएको बताए । 'विदेशी प्रशिक्षकसहित १० जनाको प्राविधिक समिति बसेर छनोट भएको हो,' उनले भने, 'तेरो मेरो नभनी छनोट भएको छ । म सह-संयोजक हुँ । तर मेलै जिल्ला (इलाम) बाट एकजना खेलाडी पनि परेनन् ।' संयोजकलाई जानकारी नदिइनु कमजोरी हो भने सुधार गरेर लानुपर्ने उनले बताए ।

# 'युरो सफल र सुरक्षित हुनेछ'




पेरिस (एएफपी)- युरो २०२० अर्को साता सुरु हुनेछ, जतिबेला इटालीले रोममा टर्कीको सामना गर्नेछ । विवाद, पछाडि सारिएको स्थिति र नयाँ चुनौतीबीच पनि युरोपेली फुटबलको सर्वोच्च प्रतियोगिता सफल हुने विश्वास छ । गत वर्षको मार्चमा प्रतियोगिता एक वर्ष पछाडि सार्ने निर्णय गरिएको थियो । तर अहिलेसम्म पनि कोभिड-१९ को प्रकोप सकिएको छैन र दोस्रो लहर चलिरहेको छ । त्यसैले यसको प्रभाव कुनै न कुनै रूपमा रहने अड्कल काटिएको छ ।

चोटग्रस्त क्रिस्टियानो रोनाल्डोबिनाको पोर्चुगलले उपाधि चुमेको ५ वर्षपछि र फ्रान्सले रुसमा विश्वकप जितेको तीन वर्षपछि हुन लागेको यो विश्व फुटबलको सबैभन्दा ठूलो प्रतियोगिता रहेको छ । प्रतियोगितामा सहभागी २४ देशमध्ये उपाधि दाबेदार टिमको पनि कुनै कमी छैन र यसमध्ये फ्रान्स सबैभन्दा अगाडि छ । फ्रान्स चाहन्छ, सन् १९९८ मा विश्वकप जितेर युरो २००० जितेजस्तै यसपल्ट यस्तै सफलता दोहोऱ्याउन सकियोस् ।

यसपल्टको प्रतियोगिता भने केही फरक छ । किनभने यो युरोपका फरक ११ देशका ११ फरक सहरमा खेलहरू हुनेछन् । फेरि यो योजना पनि अरू कसैको होइन, युरोपेली फुटबल महासंघका पूर्वअध्यक्ष मिचेल प्लाटिनीको हो । सुरुमा यो प्रतियोगिता १३ सहरमा हुने निर्णय थियो तर कोरोनाको दोस्रो लहरबीच ब्रसेल्स र डब्लिन सहरलाई खेल आयोजनाबाट वञ्चित गरियो । फेरि बिलबाओको स्थान सेभियाले लियो भने डब्लिनमा हुने भनिएको खेल लन्डन र सेन्ट पिटर्सबर्गमा हुने तय भएको छ ।

आयोजनाका थप सहर रहेका छन्, एम्स्ट्रडम, बाकु, बुखारेस्ट, बुडापेस्ट, कोपेनहेगन, ग्लास्गो, लन्डन, म्युनिक र रोम । यी सबै सहरले कम्तीमा २५ देखि शतप्रतिशतसम्म दर्शक प्रवेशको जिम्मा लिएको छ । म्युनिकले भने एलिनाज एरिनामा हुने खेलमा १४ हजार ५ सय दर्शक छिराउने भनिसकेको छ ।

महासंघका अध्यक्ष एलेक्जान्डर सेफेरिन मान्छन्, युरो २०२० सफलमात्र होइन, सुरक्षित पनि हुनेछ । उनले भनेका छन्, 'यो यस्तो फुटबल प्रतियोगिता हो, जसको मद्दतबाट युरोपले बाँकी विश्वलाई भन्न सकोस्, युरोप जीवन्त छ र यहाँ खुसियाली चलिरहेको छ । युरोप फेरि लयमा फर्केको छ ।'

# ब्राजिलको शतप्रतिशत जित



पोर्टो एलेग्रे (एएफपी)- ब्राजिलले दक्षिण अमेरिकी विश्वकप छनोटमा शनिबार इक्वेडरलाई २-० ले हराएर आफ्नो शतप्रतिशत सुरुआतलाई कायम राखेको छ । ब्राजिलको जितमा रिचार्लिसनले एकमात्र गोल गरे र त्यसमा नेयमरले सहयोगी भूमिका खेले । नेयमरले नै दोस्रो हाफको इन्ज्युरी समयको चौथो मिनेटमा दोस्रो गोल थपे । यो पेनाल्टीबाट सम्भव गोल रह्यो ।

नेयमरले यसका लागि दुईपल्ट प्रहार गर्नुपरेको थियो । उनको पहिलो पेनाल्टी इक्वेडरका गोलरक्षक एलेक्जान्डर डोमिग्वेजले जोगाए । तर रेफ्री एलेक्स हरेराले दोस्रोपल्ट पेनाल्टी प्रहारको अवसर दिए । यसमा नेयमर चुकेनन् । रेफ्रीले यसअघि भारको निर्णय मदतमा फ्रिकिकको निर्णय फेर्दै पेनाल्टी प्रहारको अवसर दिएका थिए । कुल १० टिमसम्मिलित दक्षिण अमेरिकी विश्वकप छनोटमा ब्राजिलको यो लगातार पाँचौं जित हो । टोलीको १५ अंक भएको छ । ब्राजिल अंक तालिकाको शीर्षस्थानमा छ र टोलीलाई ४ अंकको अग्रता प्राप्त छ । अर्जेन्टिना ११ अंकसहित दोस्रो स्थानमा छ । अर्जेन्टिनाले अघिल्लो दिन चिलीसँग बराबरी खेलेको थियो ।

### युरोप

पेरिस- युरो २०२० को तयारीमा रहेको इटालीले शुक्रबार बोलोग्नामा चेक गणतन्त्रमाथि ४-० को प्रभावशाली जित निकालेको छ । यो इटालीको लगातार आठौं जित हो । यसबीच टोलीले कुनै पनि गोल खाएको छैन । इटालीको यो जितमा किरो इमोबाइलले गोलको खाता खोलेपछि निकोलो बारेलाले दोस्रो गोल थपे । त्यसपछि लोरेन्जो इनसिग्ने र डोमेनिको बेरार्डीले गोल गरे ।






कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा

# हेलचक्र्याइँले फैलँदै संक्रमण

## बेलैमा निषेधाज्ञा नहुँदा देवाली, साकेलालगायतका कुलपूजामा अनावश्यक जमघट भएकाले समस्या

**डम्बरसिं राई** (खोटाङ)

जिल्लामा हेलचक्र्याइँका कारण कोरोना संक्रमण फैलिरहेको छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, हलेसी तुवाचुङ नगरपालिका, ऐंसेलुखर्क गाउँपालिका, जन्तेढुङ्गा गाउँपालिका, रावाबेसी गाउँपालिकामा संक्रमित बढेका छन् ।

ती स्थानमा बिहे, छेवर, पास्नी, गुन्युचोलीलगायतका कार्यमा जमघटले कोरोना बढेको जनप्रतिनिधिहरूले बताएका छन् । 'भन्दाभन्दै पनि मानेनन्,' दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका प्रमुख दीपनारायण राईले भने, 'अब त गाउँका घर-घरमा कोरोना पुगिसकेको छ ।'

सबैभन्दा बढी संक्रमित दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा छन् । नगरमा बढी संक्रमित भएपछि नगर प्रमुख र उपप्रमुख वीणादेवी राईको गाडीसमेत एम्बुलेन्सका रूपमा प्रयोग गरिएको छ । एउटा मात्र एम्बुलेन्स भएकाले त्यसले नपुगेपछि नगर प्रमुख र उपप्रमुखको गाडी एम्बुलेन्सका रूपमा उपयोग गरिएको नगर प्रमुख रिजालले सुनाए । यसबाहेक अन्य दुई वटा सुमोसमेत तयारी अवस्थामा राखिएको रिजालले बताए ।

जिल्ला प्रशासनले निषेधाज्ञाको कुरा त परै जाओस् बाहिरबाट आउनेको विवरणसमेत नराखेकाले समस्या आएको साकेला गाउँपालिका अध्यक्ष अर्जुनकुमार खड्काले बताए । शान्तिसुरक्षाको महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने प्रशासनले कम्तीमा बाहिरबाट आउनेको विवरण राखेर सम्बन्धित पालिकालाई जानकारी गराइदिएको भए सहज हुने खड्काको तर्क छ ।

दिप्रुङ चुइचुम्मा गाउँपालिकाका अध्यक्ष भूपेन्द्र राईको पनि भनाइ त्यस्तै छ । यदि निषेधाज्ञा गरिदिएको थियो भने यस्तो नहुने राईको भनाइ छ । निषेधाज्ञा नहुँदा देवाली, साकेलालगायतका कुलपूजामा माइती-मावलीलगायतका अन्य जमघट भएकाले समस्या आएको अध्यक्ष राईले बताए ।

यसबाहेक निजी तथा साना सवारीसाधनसमेत सञ्चालन भएकाले यसले पनि समस्या आएको छ । 'निषेधाज्ञा नभएपछि आवत-जावत रोकिएन,' राईले भने, 'बेलैमा गरिदिएको थियो भने यो अवस्था आउँदैन थियो ।'



खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ की ७८ वर्षीया वृद्धा कोरोनाले सिकिस्त भएपछि हेलिकप्टरमार्फत काठमाडौं लैजाने तयारी गरिँदै । *तस्बिर : डम्बरसिं/कान्तिपुर*

जिल्लामा सुविधा सम्पन्न अस्पताल नहुँदा संक्रमितलाई अन्यत्र लैजान महँगोमा हेलिकप्टर चार्टर गर्नुपरेको छ । जिल्ला अस्पतालबाट रेफर भएका बिरामीलाई अन्यत्र लैजान एउटा हेलिकप्टर बराबर ३ लाख ५० हजार रुपैयाँसम्म तिर्नुपरेको खोटाङ उद्योग वाणिज्य संघका महासचिव मनोज बजिमयले बताए ।

हलेसी तुवाचुङ नगरपालिकामा पनि संक्रमितको संख्या बढेपछि नगर उपप्रमुख विमला राईको गाडी एम्बुलेन्सका रूपमा प्रयोग गरिएको उपप्रमुख राईले सुनाइन् ।

प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्माले भने बाहिरबाट कोही पनि नआएको र आउँदा पनि सम्बन्धित पालिकाको स्वीकृति लिएर मात्र आएको बताए । निर्माणका कामलाई सरकारले नरोकेकाले काम गर्न दिइएको शर्माले जनाए । 'निषेधाज्ञा लगाएको भए बहाना बनाउन सजिलो मात्र हुन्थ्यो,' शर्माले भने, 'बैंकको कर्जा तिर्न, निर्माण कम्पनीहरूले बहाना बनाउन सजिलो मात्र हुन्थ्यो ।'

जिल्लामा १ हजार ४८ जना संक्रमित छन् । निको हुनेको संख्या ३ सय ३० र पाँच जनाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका पुन्यप्रसाद सिग्देलले बताए ।

# बीपी प्रतिष्ठानको भ्रष्टाचारविरुद्ध नागरिक सञ्जाल

**कान्तिपुर संवाददाता** (सुनसरी)

धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानभित्र बढ्दो भ्रष्टाचार, विसंगति र विकृति अन्त्यका लागि शनिबार धरान नागरिक दबाब सञ्जाल गठन भएको छ ।

चिकित्साशास्त्र अध्ययन, अनुसन्धान र बिरामी उपचार गर्ने मुलुककै सबैभन्दा व्यस्त प्रतिष्ठानमा विगत डेढ दशकदेखि केन्द्रीय राजनीतिक हस्तक्षेपका कारण निरन्तर एकपछि अर्को भ्रष्टाचार, घूसकाण्ड, कर्मचारी भर्ती केन्द्रको अखडा बनेको भन्दै दबाबमूलक कार्यक्रम गर्न सञ्जाल गठन भएको हो ।

नवगठित सञ्जालका संयोजक प्राडा. राजेन्द्र शर्माका अनुसार भारतको दिल्लीस्थित एम्स अस्पतालको मोडलमा स्थापना भएको प्रतिष्ठानले २७ वर्षको अवधिमा चिकित्साशास्त्रको क्षेत्रमा धेरै उचाइ लिइसक्नुपर्नेमा उल्टो गतिमा लागेकाले सुधारका लागि सार्थक र सशक्त दबाब दिन सञ्जाल गठन गरिएको हो ।

उनले भने, 'प्रतिष्ठानमा दक्ष, योग्य र सिपालु चिकित्सक छन् तर तिनलाई काम दिने, उनीहरूको वृत्ति विकास गर्ने व्यबस्थापन पक्ष जहिलै कमजोर सावित हुँदै आएको छ । भ्रष्टाचार, कमिसन मौलाएको छ ।'

भ्रष्टाचार र कमिसनकै कारण प्रतिष्ठानमा बिरामी उपचारका लागि अत्यावश्यक एमआरआई, सिटी स्क्यान, भिडियो एक्स-रे, आईसीयू, बेडअरु, डेन्टलका उपकरणहरू काम नलाग्ने अवस्थामा पुगेको उनले बताए । प्रतिष्ठानको व्यवस्थापन पक्ष बिरामीको उपचारमा भन्दा पनि केन्द्रीय राजनीतिको वरिपरि घुम्ने भएकाले आधा दशकअघिदेखि सुरु भएको मातृ तथा शिशु उपचार केन्द्र (एमसीएच) क्यान्सर उपचार केन्द्र (अंकोलोजी) मुटुरोग उपचार केन्द्र (कार्डियोलोजी) का फाइलहरू रोकिएको पनि उनले बताए । उनले भने, 'प्रतिष्ठानको पदाधिकारीहरू इमान्दार हुन सकेमा सबै समस्या समाधान हुन सक्छ । तर इमान्दार हुन सकेको देखिएन । उनीहरू इमान्दार नहुँदा प्रतिष्ठानको अवस्था दिनदिनै खस्किँदो अवस्थामा पुगेको छ । प्रतिष्ठानको साख खस्किनु नेपालको स्वास्थ्य क्षेत्रमा असर पर्नु हो ।'

सञ्जालमा धरानका राजनीतिक दल, नागरिक समाजका अगुवा तथा अभियान्ताहरू समावेश गरिएका छन् । धरान उपमहानगरपालिकाका प्रमुख तिलक राई र उपप्रमुख मञ्जु भण्डारी सुवेदीसहितको उपस्थितिमा गठन भएको सञ्जालले प्रतिष्ठान सुधारका लागि व्यवस्थापन पक्षलाई निरन्तर दबाब दिँदा पनि बेवास्ता गरे उपकुलपति प्राडा. ज्ञानेन्द्र गिरीलाई हटाउनेसम्मको सशक्त आन्दोलन गर्नेबारे पनि छलफल भएको थियो ।

सञ्जालका सदस्यसचिवमा कमल तिगेला, सदस्यहरूमा पूर्वनगरप्रमुख मनोजकुमार मेन्याङ्बो, प्राध्यापक हरिप्रसाद दाहाल, सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष गिरिधारी सापकोटा, प्रा.आनन्द आचार्य, व्यवसायी गौरीशंकर अग्रवाल, हीरा उदास, राजविमल श्रेष्ठ लगायत १७ सदस्य रहेको छ । संयोजक शर्माका अनुसार प्रतिष्ठानको हितमा पहिलोपटक राजनीतिक दल, धरान उपमहानगरपालिका र नागरिक समाजबीच त्रिपक्षीय समन्वयमा सञ्जाल गठन भएको हो । सञ्जालले यसै साता प्रतिष्ठानका पदाधिकारीहरूसँग बृहत् छलफल गर्ने निर्णय भएको छ ।

# निषेधाज्ञाको मारमा ३ हजार दुग्ध किसान

**प्रदीप मेन्याङ्बो** (सुनसरी)

गोठमा पालेका २० गाईबाट दैनिक ६० लिटर दूध उत्पादन गर्दै आएका ईश्वर रोक्का कोरोना महामारीको दोस्रो लहरपछि पनिर र कुरौनी बनाएर छिमेकीहरूलाई बाँड्न बाध्य छन् । लकडाउनका कारण धरान, इटहरीका होटलहरू र डेरी उद्योग बन्द भएपछि बराहक्षेत्र नगरपालिका-३ बिचपानीका रोक्कासहित दुग्ध किसान समस्यामा परेका छन् ।

'दूधै फाल्न माया लाग्छ । दही बनाएर पनि खाएर सकिन्न,' रोक्काले भने, 'अब त पनिर र कुरौनी पनि बाँडेर नसकिने भएको छ ।' लामो समयको वैदेशिक रोजगारीपछि नेपाल फर्केर डेढ वर्ष अघिदेखि उनले दीपज्योति दुग्ध फर्म खोलेर गाईपालन थालेका हुन् । यति बेला भने उनको व्यवसाय कोरोना महामारीको चपेटामा परेको छ ।

दैनिक करिब ५ हजार रुपैयाँ घाटा बेहोरिरहेका रोक्काले यति बेला गाईलाई खुवाउने दानासमेत पाउन मुस्किल भएको बताए । बैंकको १७ लाख रुपैयाँ ऋण सम्झेर नौनारीसमेत गल्ने गरेको उनी सुनाउँछन् । प्रदेश १ मा सबैभन्दा धेरै बराहक्षेत्रमा नै दूध उत्पादन हुन्छ । कोरोना महामारीको दोस्रो लहरसँगैको निषेधाज्ञाले पीडित रोक्काजस्ता बराहक्षेत्र नगरपालिकाका करिब ३ हजार दुग्ध किसानहरू सहज अवस्थाको पर्खाइमा छन् ।

बराहक्षेत्र नगरपालिका-५ खोरियाका मनोज विष्ट गाउँभरिबाट संकलन गरेर दैनिक ८० लिटर दूध धरानका विभिन्न घर र होटलमा बिक्री गर्ने गरेका थिए । मोटरसाइकलमा बोकेर दुग्ध व्यवसाय गर्दै जीविका चलाउने विष्टले भने, 'निषेधाज्ञाका कारण दूध संकलन र धरान पुऱ्याउने काम सबै बन्द हुँदा बेरोजगारजस्तै भइएको छ ।'

गोठमा गाईभैंसी नपाले पनि मोटरसाइकलमा सबेरै गाउँभरि दूध संकलन गरेर बेच्ने विष्टजस्ता दुग्ध

> दैनिक करिब २० हजार लिटर दूधले बजार पाएन

व्यवसायीहरू बराहक्षेत्रको खोरिया, भलुवाचौरी र कालाबन्जरमा ७५ जनाभन्दा बढी छन् । विष्टले भने, 'गाई-भैंसी पालेर फर्म सञ्चालन गर्ने र हामीजस्ता दूध संकलन गरेर उपभोक्तासम्म पुऱ्याएर जीविका चलाउनेको हालत बिजोग भएको छ ।'

बराहक्षेत्र-१० प्रकाशपुरको प्रकाशपुर दुग्ध उत्पादक सहकारी लिमिटेड, बराहक्षेत्र-११ मधुवनस्थित मधुप्रकाश दुग्ध उत्पादक सहकारी, चक्रघट्टीस्थित प्रगतिशील दुग्ध उत्पादक सहकारीले सुनसरी र मोरङका विभिन्न डेरी उद्योग र उपभोक्ताको घरमा दूध आपूर्ति गर्दै आएका थिए ।

बराहक्षेत्रका अधिकांश किसानले उत्पादित दूध स्थानीय सहकारीलाई दिने र धरान इटहरीका उपभोक्ताकोमा पुऱ्याउने गरेका छन् ।

प्रकाशपुर दुग्धका अध्यक्ष हमरजंग बस्नेतले भने, 'हाम्रो सहकारीबाट धरान, इटहरी र मोरङको सुन्दर हरैंचा नगरमा मात्र दैनिक ११ सय लिटर दूध आपूर्ति गर्दै आएका थियौं । सहकारीमा आबद्ध ४ सय ६० किसानका दूध बिक्री नहुँदा बेहाल छ । कोरोना महामारीले सबै चौपट बनायो ।' उनले अन्य दुग्ध सहकारी, फर्म किसानहरूको अवस्था बिजोग भएको बताए । उनले भने, 'दैनिक दुई-चार लिटर उत्पादन गर्ने किसानले त घरैमा खपत गर्लान् । पनिर, दही, घिउ र कुरौनी बनाएर खालान् तर आठ-दस वटाभन्दा बढी गाई-भैंसी पालेर दैनिक पन्ध्र-बीस लिटरभन्दा बढी दूध उत्पादन गरेर बिक्रीवितरण गर्दै आएका ठूला किसानलाई भने निकै घाटा सहनुपरेको छ ।'

स्थानीय दुग्ध व्यवसायीका अनुसार बराहक्षेत्रका विभिन्न वडामा गरी दैनिक करिब २० हजार लिटर दूध उत्पादन हुन्छ । उनीहरूले उत्पादन गरेकामध्ये १५ प्रतिशत गाउँमै खपत हुने गरेको छ भने बाँकी रहेको दूधमध्ये ४० प्रतिशत इटहरी उपमहानगरपालिकाको तरहराका डेरीले संकलन गर्ने गरेका छन् । अरू धरान, इटहरी र झुम्काका उपभोक्ताको घरघरमा पुग्ने गरेको छ ।

# आयुर्वेदिक औषधि बाँड्दै

उदयपुर (कास)- विभिन्न क्षेत्रबाट संक्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रयास भइरहेका छन् । सदरमुकाम गाईघाटमा रहेको सम्राट आयुर्वेदिक औषधालयले पनि विभिन्न जडीबुटीबाट निर्माण गरिएको औषधि निःशुल्क बाँडिरहेको छ ।

औषधालयले कोरोना संक्रमितलाई रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने आयुर्वेदिक औषधि वितरण गरिरहेको हो । 'अस्पतालमा अन्य औषधिको अतिरिक्त आयुर्वेदिक औषधिको प्रयोग पनि आवश्यक छ,' औषधालयका सञ्चालक अनिल कटुवालले भने, 'आयुर्वेदिक औषधिले संक्रमितको शरीरमा रोग प्रतिरोधात्मक क्षमता विकास गर्ने विश्वास छ ।' त्यसैले औषधालयले जडीबुटीको मिश्रणबाट बनाइएको औषधि निःशुल्क वितरण सुरु गरेको उनले बताए ।

कोरोना संक्रमितको शारीरिक अवस्था कमजोर हुन्छ । रोगसँग लड्ने क्षमता कमजोर भएका कारण संक्रमित आत्तिने र संक्रमणसँग जुध्न गाह्रो हुने भएकाले रोग प्रतिरोधात्मक औषधिले बिरामीलाई निकै सहयोग पुग्ने कटुवालले बताए ।

विभिन्न अस्पतालमा रहेका कोरोना संक्रमितलाई यस किसिमका आयुर्वेधिक औषधिहरूले निकै राम्रो गरेको प्रतिक्रिया आइरहेको उनले बताए । 'त्यसैले विभिन्न जडीबुटी ल्याएर औषधि तयार गरिरहेका छौं,' उनले भने, 'यसरी तयार गरिएको औषधि निःशुल्क वितरण गरिन्छ ।' १८ भन्दा बढी किसिमका जडीबुटीबाट तयार गरिएको औषधिले भाइरल ज्वरो, रुघाखोकी र निमोनियालाई राम्रो गर्ने कटुवालको विश्वास छ । 'आयुर्वेदिक औषधिको ३/४ दिनको प्रयोग धेरै सहज महसुस गरेको छु,' उदयपुर कोभिड-१९ अस्पतालमा उपचार गराइरहेका चौदण्डीगढी नगरपालिका-६ बेल्टार बजारका एक संक्रमितले भने, 'यसको नियमित प्रयोगले राम्रो गर्ने विश्वास लाग्यो ।'

सम्राट औषधालयले आयुर्वेदिक औषधि निःशुल्क उपलब्ध गराएको अस्पताल व्यवस्थापन समितिको संयोजकसमेत रहेका चौदण्डीगढी नगरपालिका प्रमुख खगेन्द्र राईले बताए । औषधालयले कोरोना संक्रमण भई अस्पताल भर्ना भएका र होम आइसोलेसनमा रहेकालाई आयुर्वेद औषधि (इम्युन क्याथ) उपलब्ध गराउने जनाएको छ । अहिले कोरोना संक्रमणको अवस्थालाई ध्यान दिँदै आफ्नै लगानीमा निःशुल्क आयुर्वेद औषधि वितरण गरिरहेको छ । व्यवसाय नाफामा मात्रै नभई आपत्विपत्मा सेवामा पनि केन्द्रित हुनुपर्ने भन्दै औषधि निःशुल्क वितरण गर्दै आएको सञ्चालक कटुवाल बताउँछन् ।

# लेकाली क्षेत्रमा रोपाइँ सुरु



ताप्लेजुङको फुङलिङ-२ बोझेमा रोपाइँ गर्दै किसानहरू । *तस्बिर : आनन्द गौतम/कान्तिपुर*

**कान्तिपुर संवाददाता** (ताप्लेजुङ)

जेठ पहिलो साता बाँझो जोतेर आली लगाएका फुङलिङ नगरपालिका २ का पदम निरौलाले बुधबार र बिहीबार खेतमा रोपाइँ गरे । कोरोना संक्रमणका कारण खेताला जुटाउन मुस्किल भएकाले परिवारका सदस्य आफैं र छरछिमेकी भेला भएर रोपाइँ गरेका हुन् ।

दुई हलगोरुलाई हिल्याउन र रोपाइँ गर्न दुई दिन लाग्ने यहाँ पानीको पनि राम्रो प्रबन्ध भएकाले समय नबित्दै रोपाइँ गर्न पाएको निरौला बताउँछन् । सामान्यतया यहा जेठको दोस्रो सातासम्ममा रोपाइँ गर्ने प्रचलन थियो । यो वर्ष संक्रमणका कारण एकाध दिन ढिला भएको उनको कथन छ ।

जिल्लाको मेरिङदेन गाउँपालिका ४ लिङतेपमा पनि यतिबेला रोपाइँ चलिरहेको छ । स्थानीय जाङमु शेर्पाका अनुसार लेकाली क्षेत्रका किसान रोपाइँमा जुटेका छन् । भित्तो तास्ने, आली काट्ने काम सकेपछि गाबो गाड्ने काम भइरहेको शेर्पाले जानकारी दिए ।

हिल्याउने, बीउ उखेल्ने र गाबो गाडेर रोपाइँ गर्ने गरिन्छ । पूर्वी नेपालको हिमाली ताप्लेजुङसहित पहाडी जिल्लाहरू पाँचथर, तेह्रथुमका पनि लेकाली क्षेत्रमा रोपाइँ सुरु भएको छ । मध्य जेठदेखि सुरु गरेर साउन १५ मा सकिने रोपाइँ लेकाली क्षेत्रबाट सुरु भएर औंलतिर झर्छ ।

वर्षमा दुई बाली मात्रै उत्पादन हुने लेकाली क्षेत्रमा असार १५ सम्ममा रोपाइँ सकिन्छ । लेकाली क्षेत्रमा धान र गहुँ वा जौं मात्रै उत्पादन हुन्छ । मकै, गहुँ र धान उत्पादन हुने औंल क्षेत्रमा भने साउन १५ सम्म पनि धानबाली लगाइन्छ । औंलमा पानी धेरै तात्तिने र छिट्टो उत्पादन हुने भएकाले ढिलो लगाउने किसान बताउँछन् ।

जिल्लामा ८ हजार ७ सय हेक्टर क्षेत्रफलमा धानबाली लगाइन्छ । १८ हजार ५ सय टनसम्म धान उत्पादन हुने गरेको छ । जिल्लामा लगाइएको बालीले नपुगेर बाहिरी जिल्लाबाट समेत खाद्यान्न भित्र्याउने गरिएको छ ।


## हार्दिक समवेदना



जन्म: २०१४

स्वर्गारोहण: २०७८/०२/११

**स्व. आशादेवी रौनियार**

यस कान्तिपुर पब्लिकेसन्सको प्रादेशिक कार्यालय विराटनगरमा कार्यरत सहकर्मी शोभाकान्त रौनियारको ममतामयी माता **आशादेवी रौनियार**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार**

## हार्दिक श्रद्धाञ्जली

जन्म: वि.सं. १९९१/११/१०

स्वर्गारोहण: वि.सं. २०७८/०२/१२



**स्व. नन्द माया धिताल**

हाम्रा अनन्य मित्र डा. राम प्रसाद धितालज्यूकी ममतामयी माता **नन्द माया धिताल**को स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

डा. गोविन्द राज पोखरेल
डा. दिवस बहादुर बस्न्यात
डिल्ली चौधरी
अनिल पोखरेल
शिव हरि दंगाल
मनोज खड्का
नहकुल के.सी.
भिष्म पण्डित
सञ्जय कुमार शर्मा
प्रेम सागर सुवेदी
प्रदिप बुढाथोकी
प्रकाश सापकोटा
सुनिल शर्मा घिमिरे
पुष्कर मानन्धर

## हार्दिक श्रद्धाञ्जली



जन्म: २००६/०९/०२

स्वर्गारोहण: २०७८/०२/११

**स्व. कृष्णप्रसाद दाहाल**

**गणेश हिमाल क्याम्पस र धादिङ बोर्डिङ स्कुलका संस्थापक एवम् न्यु धादिङ बोर्डिङ स्कुलका अध्यक्ष तथा मानव अधिकारकर्मी र एन प्याब्सनका केन्द्रीय सदस्य श्री कृष्णप्रसाद दाहालको असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।**

अध्यक्ष एवम्
गणेश हिमाल क्याम्पस परिवार

अध्यक्ष एवम्
धादिङ बोर्डिङ स्कुल परिवार

प्रिन्सिपल एवम्
न्यु धादिङ बोर्डिङ स्कुल परिवार


# 'अस्ट्रेलियन बोयर' भन्दै किसानलाई अर्कै जातका बोका

विराटनगर (कास)- मोरङको बेलबारी नगरपालिकाले अस्ट्रेलियाको बोयर जातका बोका, पाठाको नाममा स्वदेशमा जन्मिएका बोकाबाख्रा वितरण गरेर करोड रुपैयाँभन्दा बढी रकम दुरुपयोग गरेको पाइएको छ ।

नगरले अस्ट्रेलियाबाट १ करोड २४ लाख रुपैयाँमा ८३ वटा 'फुल ब्रिड बोयर' जातको बोका र पाठा ल्याएको भन्दै कृषकलाई गत शनिबार वितरण गरेको थियो । तर बोकाबाख्रा नवलपरासीबाट ल्याएर वितरण गरेको स्थानीयको भनाइ छ ।

नगरले अस्ट्रेलियाको फुलब्लड बोयर बोका ५० र ३३ वटा पाठा किन्न जेठ ३ गते ग्रो अर्गानिक कृषि प्रालि संखुवासभासँग १ करोड २४ लाख रुपैयाँमा सम्झौता गरेको थियो ।

सम्झौतामा ग्रो अर्गानिकले ल्याउने अस्ट्रेलियाको फुलब्लड बोयर बोका ३ देखि ६ महिनाको र कम्तीमा ३५ किलोको र पाठीको वजन कम्तीमा ३० केजीको हुनुपर्ने भनिएको थियो ।

एक वर्षको अवधिमा अस्ट्रेलियाबाट एउटा पनि बोयर जातको बोकापाठा आयात नभएको पशुसेवा विभागअन्तर्गत आयात निर्यात नियमन शाखाले जनाएको छ ।

प्रजाति विस्तार ब्रिडिङका लागि आयात गरिने बोकापाठा आयात गर्नु पहिला पशु सेवा विभागलाई अनिवार्य जानकारी गराउनुपर्ने प्रावधान छ । तर आयातकर्ताले विभागलाई त्यसबारे जानकारी गराएको छैन ।

नगर प्रमुख ज्ञानेन्द्र सुवेदीले बोयर जातका बोका पाठा आयात भएको नदेखिएमा ग्रो अर्गानिकलाई कालो सूचीमा राख्ने बताएका छन् ।

# घरघर पुग्दै स्वास्थ्य टोली

**कान्तिपुर संवाददाता** (सर्लाही)

हरिवन नगरपालिका-१ लिची टोलमा कोरोनासँग मिल्दोजुल्दो लक्षण भएका ज्वरोका बिरामी बढेपछि स्थानीय समाजसेवी टमबहादुर घिसिङले नगरपालिकालाई जानकारी गराए। नगरपालिकाले तत्काल 'र्‍यापिड रेस्पोन्स टिम' परिचालन गरायो। टोलका अधिकांश स्थानीय एक सातादेखि ज्वरोले थलिएका थिए। कोभिडको चिन्ताले अस्पताल जान डराइरहेका उनीहरूले अहिले स्वास्थ्यकर्मीको टिमबाट घरमै उपचार पाइरहेका छन्।

'यो टोलमा अधिकांश कोरोनासँग मिल्दोजुल्दो लक्षण भएका बिरामी रहेको थाहा पाएपछि मैले नगरको स्वास्थ्य शाखामा जानकारी गराएँ,' घिसिङले भने, 'नगरपालिकाले संक्रमण रोक्न पूर्वतयारीसहित र्‍यापिड रेस्पोन्स टिम पनि परिचालन गरेको जानकारी पाएको थिएँ, अहिले स्वास्थ्यको टोली आएर निरन्तर जाँच गरिरहेको छ।' नगरस्तरीय कोभिड फोकल पर्सन रामबाबु चौधरीका अनुसार सो बस्तीमा १९ पुरुष र १८ महिलाको एन्टिजेन परीक्षण गर्दा ६ पुरुष र ३ महिला गरी ९ जनामा कोरोना पोजिटिभ देखिएको छ। पोजिटिभ देखिएकालाई होम आइसोलेसनमा बस्न आग्रह गरिएको चौधरीले बताए। उनले पोजिटिभ देखिएकाको परिवारका सदस्यलाई कन्ट्याक्ट ट्रेसिङका आधारमा सोमबार स्वाब संकलन गरिने जानकारी दिए।

> बिरामीलाई प्रोटिनयुक्त खानेकुरादेखि स्वास्थ्य सामग्री सहयोग

टोलका अधिकांश कोभिडको लक्षण जस्तो ज्वरो, रुघाखोकी समस्याले ग्रस्त छन्। तर पनि औषधि पसलको भरमा परिरहेका थिए। गाउँघरमा सामान्य रुघाखोकीमा पनि कोरोना हो कि भन्ने चिन्ता तथा डरले झनै बिरामी परेको अवस्था छ। यस्तो समयमा हरिवन, गोडैता, बरहथवा, हरिपुर्वा नगरपालिकाले स्वास्थ्यकर्मीको टिम बनाएर घरमै पुगेर उपचार गर्न चिकित्सकको टोली खटाएको छ।

हरिवनका प्रमुख गणेश प्रसाईंले बिरामीलाई प्रोटिनयुक्त खानेकुरादेखि स्वास्थ्य सामग्रीसमेत उपलब्ध गराइरहेको जनाए। पालिकामा खबर आउनासाथ र्‍यापिड टिम परिचालन हुने गरेको र त्यो टिमले बिरामीलाई औषधि तथा लक्षण भएकाको स्वाब संकलन गर्ने गरेको उनले जानकारी दिए। उनले भने, 'नागरिकको स्वास्थ्यभन्दा ठूलो केही पनि हैन, त्यही भएर टोली खटाएका हौं। यसले नागरिकलाई धेरै राहत पुग्ने विश्वास लिएका छौं।' उनले सिकिस्त भएका बिरामीका लागि आईसीयूसहितको अस्थायी कोभिड अस्पतालमा उपचार भइरहेको बताए।

यस्तै गोडैता र बरहथवा नगरपालिकामा पनि र्‍यापिड टिम परिचालन गरिएको छ। गोडैताका प्रमुख देवेन्द्र यादवले बिरामीको घरमै स्वास्थ्यको टोली पुग्दा उनीहरूको मनोबल उच्च हुने गरेको बताए। उनका अनुसार गम्भीर बिरामीलाई नगरमा आईसीयूसहितको सञ्चालित अस्थायी कोभिडमा भर्ना गरी उपचार भइरहेको छ। थप उपचार चाहिएका बिरामीलाई अन्य अस्पतालमा पुर्‍याउने गरिएको उनले जानकारी दिए। हरिपुर्वा नगरपालिकाका प्रमुख सियाराम रायले पनि बिरामीलाई प्रोटिनयुक्त खानेकुरासहित स्वास्थ्य सामग्री बाँडिरहेका छन्। बरहथवा नगरपालिकाका प्रमुख देवानन्द महतोले पनि बिरामी भएकालाई सहयोग गरिरहेका छन्। तर जिल्लाका अन्य पालिकाले भने आइसोलेसन बनाउनदेखि स्वाब संकलनमा खासै ध्यान दिएका छैनन्। ग्रामीण क्षेत्रमा कोरोनासँग मिल्दोजुल्दो लक्षणका बिरामीको मृत्यु भए पनि उनीहरूको कहींकतै लेखाजोखा छैन।

# प्रदेश सरकार पुनर्गठनको कसरत

## पूर्वराजपा पक्षलाई हटाएर कांग्रेस र माओवादी केन्द्रलाई सहभागी गराउन छलफल

**सन्तोष सिंह** (धनुषा)



कान्तिपुर

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव पार्टीको एक पक्ष केन्द्र सरकारमा सहभागी भएपछि प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकार पुनर्गठनका लागि छलफलमा जुटेका छन्। अध्यक्ष यादवले मुख्यमन्त्री राउतकै नेतृत्वमा नयाँ सरकार बनाउन छलफल अगाडि बढाएका हुन्। शुक्रबार साँझ जनकपुर आएका अध्यक्ष यादव प्रदेश सरकारका मन्त्री र पार्टीका नेताहरूसँग भेटघाटमा व्यस्त छन्।

जनकपुरस्थित होटल वेलकममा शुक्रबार अबेर रातिसम्म प्रदेशका मन्त्रीहरूसँग भएको छलफलमा अध्यक्ष यादवले संसदीय दलको नेता चयन गर्न प्रस्ताव गरेका थिए। यादवले प्रस्ताव गर्दा आर्थिक मामिला तथा योजनामन्त्री विजय यादवले संसदीय दलको विधान बनाएर मात्रै दलका नेता चयन गर्न सक्ने तर्क गरेका थिए। संसदीय दलको विधान नै नबनाएर मुख्यमन्त्री राउतले दलको नेता बन्न गोप्य रूपमा सांसदहरूबाट हस्ताक्षर गराएको भन्दै मन्त्री यादवले आक्रोशसमेत पोखेको बैठकमा सहभागी एक मन्त्रीले बताए।

पार्टीको हितविपरीत कार्यमा संलग्न मन्त्रीहरूलाई तत्काल हटाएर केन्द्रमा बनेको गठबन्धनअनुसार जसपाकै नेतृत्वमा सरकार विस्तार गर्नुपर्ने मन्त्री यादवको भनाइ छ। त्यसअघि संसदीय दलको विधान र नेता चयन गर्न उनले आग्रह गरेका थिए। उनी मुख्यमन्त्रीको रवैयामा विमति जनाउँदै होटलबाट बाहिरिएका थिए। जसपामा विवाद चुलिएपछि मुख्यमन्त्री राउतले दलको नेताका लागि प्रदेश सांसदहरूबाट हस्ताक्षर गराएका छन्। मन्त्री यादवले विधानबिना दलको नेता मान्य नहुने र राउत नेतृत्वको सरकारमा आफू सहभागी नहुने जनाएका छन्।

अध्यक्ष यादवले शनिबार मधेस भवनस्थित मुख्यमन्त्री निवासमा पार्टीका नेता र प्रदेश सांसदसँग प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटबारे छलफल गरेका छन्। भेटघाटमा अध्यक्ष यादवले प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र सरकार समीकरण परिवर्तन बारे छलफल गरेको भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र रायले बताए। सरकारका मन्त्री र प्रदेश नीति तथा योजना आयोगका पदाधिकारीसँग भेटेर अध्यक्ष यादवले जनतामुखी नीति तथा कार्यक्रम र बजेट ल्याउन सुझाव दिएको राज्यमन्त्री यादवले जानकारी दिए।

जसपा अध्यक्ष महन्थ ठाकुर समूहका नेताहरू संघीय सरकारमा सहभागी भएपछि प्रदेश सरकारमा रहेका ठाकुर समूहका मन्त्रीलाई हटाएर नेपाली कांग्रेस र माओवादी केन्द्रलाई सरकारमा सहभागी गराउन अध्यक्ष यादव जनकपुर आएका हुन्। पूर्वराष्ट्रिय जनता पार्टी (राजपा) बाट प्रदेश सरकारमा रहेका भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनल, राज्यमन्त्रीहरू अभिराम शर्मा, डिम्पल झा र सुरेश मण्डललाई हटाउन छलफल भइरहेको छ। तर पूर्वराजपाका नवलकिशोर साह र रामनरेश यादव भने मन्त्री रहिरहने छन्। साह र यादवले खेमा परिवर्तन गरी यादव समूहमा सक्रिय छन्। केन्द्रमा बन्ने कांग्रेस, जसपा, माओवादी र एमाले खनाल नेपाल समूहको गठबन्धनककै अधारमा प्रदेश २ मा सरकार बिस्तार गर्न जसपाले छलफल अगाडि बढाएको हो।

प्रदेश २ का ६ मन्त्रालयलाई १० बनाएर कांग्रेसलाई २ र माओवादी केन्द्रलाई १ मन्त्रालय दिने छलफल भइरहेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी, उद्योग, पर्यटन वन तथा वातावरण, सामाजिक विकास, भौतिक पूर्वाधार र आन्तरिक मामिला तथा कानुन मन्त्रलायलाई विभाजन गर्ने जसपाभित्र छलफल भइरहेको स्रोतले जनाएको छ। जसपाबाट सरकारमा रहेको अधिकांश मन्त्री दोहरिने र केही थप्ने विषयमा समेत छलफल भएको नेताहरूले बताएका छन्।

**छलफलमा कांग्रेस**

जसपाले प्रदेश २ सरकारमा सहभागी हुन प्रस्ताव गरेपछि कांग्रेस पनि मन्त्रीको नाम टुंगो लगाउन आन्तरिक छलफलमा जुटेको छ। मुख्यमन्त्री दाबी गरेको कांग्रेसले जसपा नेतृत्वसँग छलफल गर्ने बटमलाइन तय गर्न आन्तरिक छलफल भइरहेको कांग्रेस संसदीय दलका नेता रामसरोज यादवले बताए। 'सरकारमा सहभागिताका लागि प्रस्ताव आएपछि छलफल भएको हो,' यादवले भने, 'हामीले कांग्रेसकै नेतृत्वमा सरकार बनाउन आग्रह गरेका छौं। मन्त्रालयहरूको विषयमा छलफल हुन बाँकी छ।'

कांग्रेसले मुख्यमन्त्रीसहित तीन मन्त्रालय, मुख्यमन्त्री नपाए समाजवादीकै नेतृत्वमा मुख्यमन्त्री लालबाबु राउतलाई हटाएर अन्यलाई दिए सभामुखसहित तीन मन्त्रालय दाबी गर्ने कांग्रेस स्रोतले जनाएको छ। मुख्यमन्त्री राउतको कार्यशैलीप्रति कांग्रेस सांसद असन्तुष्ट छन्। राउतको प्रशासनिक पाटो कमजोर रहेका भन्दै सरकारमाथि कांग्रेसले प्रश्न उठाउँदै आएको छ। मुख्यमन्त्रीले आफ्नै कार्यालयका कर्मचारी हाँक्न नसकेकोले उनी नेतृत्वको सरकारमा सहभागी भए प्रभावकारी काम गर्न नसकिने कांग्रेस सांसदको धारणा छ।

जसपाले कांग्रेसलाई भौतिक पूर्वाधारसहित दुई मन्त्रालय दिने तयारी गरे पनि कांग्रेस मुख्यमन्त्री वा सभामुखसहित तीन मन्त्रालय पाएमात्र सरकारमा सहभागी हुने अडानमा छ। अध्यक्ष यादवले प्रदेश २ को नीति तथा कार्यक्रम र बजेट पास गराउन कांग्रेस, माओवादी केन्द्र र एमालेको साथ पाउने वातावरण बनाएका छन्। असार १ गते बजेट प्रस्तुत हुने अनिवार्य कार्यसूची हो।

# दुई महिनामै भासियो हुलाकी सडक

## अधुरो र गुणस्तरहीन सडक हस्तान्तरण गरिएको स्थानीयको भनाइ

**शंकर आचार्य** (पर्सा)



**वीरगन्ज ठोरी हुलाकी सडकअन्तर्गत नाला-१ खोलानजिक भासिएको सडक।** *तस्बिर सौजन्य : माधव तिमल्सेना*

हस्तान्तरण गरिएको २ महिना पनि नबित्दै हुलाकी सडकअन्तर्गत सुवर्णपुर-ठोरी सडक खण्ड ठाउँठाउँमा भास्सिन थालेको छ। गत साताको वर्षाकै कारण उक्त सडक खण्डमा धाँजा फाट्न र भास्सिन थालेको हो।

ठोरीको वनशक्तिनजिक सडकको साइड सोल्जर बगाएर कालोपत्रे नै दब्न लागेको छ। सडक हस्तान्तरणको शिलालेख अगाडि नै सडक छेउको सोल्जर बगाएर कालोपत्रे नै बगाउने अवस्थामा पुगेको छ। नाला १ र नाला २ खोलाको पुलनजिक पनि सडक भास्सिन लागेको छ। ठारी ४ निर्मलबस्तीमा सडकको साइड सोल्जर बगाउनुका साथै सडकमा धाँजा फाटेको छ। त्यहाँ समयमा नै मर्मत नगरिए जुनसुकै बेला सडक भास्सिने खतरा छ, जसले सडक दुर्घटना हुने सम्भावना बढेको छ। उक्त खण्डमा रहेको आधा दर्जन बढी खोलाको पुल वरपरको सोल्जरमा पानीले क्षति पुगेको छ।

यसअघि अधुरो हुलाकी सडक हस्तान्तरण गरिएको विरोधमा रहेका स्थानीय अब क्षति हुन थालेपछि संघर्षको तयारीमा छन्। स्थानीय माधव तिमल्सेनाले विगतमै ठेकेदार कम्पनीले करिब ५ किमि सडक अधुरै छाडेर सडक हस्तान्तरण गरेको बताए। त्यही सडक पनि क्षतिग्रस्त हुन थालेपछि स्थानीय चिन्तित र आक्रोशित रहेको उनी बताउँछन्। 'ठोरीवासीले यो सडक निर्माणका लागि लामो समय प्रतीक्षा गरेका थिए, बल्लबल्लक सडक त बन्यो त्यो पनि अधुरो र गुणस्तरहीन,' उनले भने, 'अब ठोरीवासी ठूलै संघर्षमा उत्रने मनस्थितिमा छन्।'

ठेकेदार बानियाँ/कालिका ज्वाइन्ट भेन्चरको कम्पनीले चैतको दोस्रो साता यो सडक खण्ड निर्माण सम्पन्न भएको भनि साइटबाट पछि हटेको थियो। पर्सामा हुलाकी सडकको दोस्रो प्याकेजअन्तर्गत सुवर्णपुरको चमरीदेखि ठोरीसम्म ३० किमि सडक खण्डमा विभिन्न स्थानमा गरी करिब ५ किमि ठेकेदार कम्पनीले निर्माण नगरी अधुरो छोडेको थियो। १ अर्ब १७ करोड रुपैयाँको यो सडक खण्ड निर्माणको ठेक्का सम्झौता २०७४ कात्तिक १३ गते गरिएको थियो। ठेकेदार कम्पनीले २०७७ जेठ २ सम्म काम सक्नुपर्थ्यो। तर लकडाउन तथा अन्य कारणले काम गर्ने वातावरण नभएपछि ठेक्काको म्याद थपिएको थियो।

ठेकेदार कम्पनीका फिल्ड इन्चार्ज उद्धव न्यौपानेले हाल नाला १ र नाला २ पुल नजिकको एप्रोच सडक भास्सिएर समस्या देखिएको स्विकारे। हाल ती स्थानमा सडक भास्सिएका र धाँजा फाटेका स्थानमा पिच हटाएर ग्राभेल राखिने र वर्षा पछि अवस्था सुधार गरेर कालोपत्रे गरिने उनले बताए। 'दुवै पुलको मुखबाट पानी सिपेज भएर सडकमा क्षति पुग्न गएको हो, ठेक्का सम्झौताअन्तर्गत हाम्रो २ वर्षको मर्मत अवधि बाँकी नै छ,' उनले भने, 'हामी त्यसैअनुरूप काम गर्न प्रतिबद्ध छौं।'

हाल देखिएको समस्याको मुख्य कारण पुल र सडक निर्माणको ठेक्काको तालमेल नमिल्नाले पनि भएको उनले दाबी गरे। 'पुल निर्माणको काम सरकारले र सडक निर्माण भारतीय कन्सल्टेन्ट कम्पनीमार्फत भएको हो,' उनले भने, 'विभिन्न कारणले पुल निर्माणको काम २ वर्ष ढिला गरी भयो, सडक निर्माणको काम हामीले समयमै सुरु गर्‍यौं, पछि पुल निर्माणको ठेक्कामा अधुरो रहेको फिलिङलगायत काम पनि हामीलाई गर्न लगाइयो, यसरी पुल नजिक माटो फिलिङ गर्दा त्यो खण्ड नयाँ भएर पनि भास्सिन गयो। पुल निर्माण समयमा भएर एप्रोच सडकको माटो पनि त्यतिबेलै फिलिङ गरिएको भए अहिलेको जस्तो समस्या नदेखिने उनले बताए।

# स्वास्थ्यकर्मीले पाएनन् जोखिम भत्ता

**शिव पुरी** (रौतहट)

कोभिड संक्रमणका बेला अग्रपंक्तिमा काम गर्ने स्वास्थ्यकर्मीले जोखिम भत्ता पाएका छैनन्। प्रदेश २ सरकारले चासो नदिँदा गौर र चन्द्रपुर अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले गत साउनदेखिको जोखिम भत्ता नपाएका हुन्।

गौर अस्पतालको पीसीआर ल्याबमा कार्यरत स्वास्थ्यकर्मीले जोखिम भत्तालगायत अन्य सेवासुविधा नपाएको गुनासो गरे। त्यस्तै संक्रमितको उपचारमा खटेका स्वास्थ्यकर्मीले समेत भत्ता पाएका छैनन्। प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयमा ताकेता गर्दा सुनुवाइ नभएको उनीहरू बताउँछन्। गौर अस्पताल प्रमुख डा. कृष्ण साहले अस्पतालमा कार्यरत एक सयभन्दा बढी स्वास्थ्यकर्मी र कर्मचारीको जोखिम भत्ता बाँकी रहेको जनाए। 'अस्पताल प्रशासनले सामाजिक विकास मन्त्रालय र मुख्यमन्त्री लालबाबु राउतलाई जोखिम भत्ता उपलब्ध गराइदिन लिखित तथा मौखिक जानकारी गराइसकेको छ,' उनले भने, 'अहिलेसम्म भत्ताको रकमबारे कुनै निर्णय भएको छैन।'

प्रदेशले भने केन्द्र सरकारले बजेट नपठाएकाले जोखिम भत्ता दिन नसकेको जनाउँदै आएको छ। प्रदेश सरकारले अस्पतालको कोभिड वार्ड र पीसीआर ल्याबमा कार्यरत स्वास्थ्यकर्मीलाई छुट्टै खान र बस्नको व्यवस्थासमेत गरेको छैन। संक्रमितको उपचारमा खटिँदा र पीसीआर ल्याबमा काम गर्दा स्वास्थ्यकर्मीलाई पनि संक्रमण हुने उच्च जोखिम छ। अस्पताल र ल्याबमा काम गरेर उनीहरू घर फर्कने गरेका थिए। घर परिवारसम्म संक्रमणको उच्च जोखिम रहेको स्वास्थ्यकर्मीको गुनासो छ।

पछिल्लो केही समययता ल्याबमा कार्यरत स्वास्थ्यकर्मी आफैंले पैसा उठाएर खाना पकाउने भाँडा, ग्यास र खाद्य सामग्री किनेर अस्पतालको एउटा कोठामा बस्ने व्यवस्था मिलाएका छन्। २४ सै घण्टा ल्याब र संक्रमितको उपचारमा खटिने स्वास्थ्यकर्मीका लागि छुट्टै आइसोलेसन र खान बस्नको व्यवस्था नगरिएको ल्याबका टेक्नोलोजिस्ट रामकृष्ण रायले गुनासो पोखे। रौतहटका १८ वटा स्थानीय तह र छिमेकी जिल्लाबाट गरी दैनिक २/३ सयको हाराहारीमा परीक्षणका लागि स्वाब आउने गरेको छ। स्वास्थ्यकर्मीले २४ सै घण्टा खटेर दैनिक २ सयको हाराहारीमा परीक्षण गर्छन्। एक पटकमा बढीमा ७२ वटा स्वाब परीक्षण गर्न सकिन्छ। त्यसको नतिजा आउन ६ देखि ७ घण्टासम्म लाग्ने गरेको मेडिकल ल्याब टेक्निसियन आयशा सिद्धकीले बताइन्।

'जोखिम भत्ताको अत्तोपत्तो नहुँदा पनि काम गरिरहेको अवस्थामा अहिले आएर ओभरटाइमको सुविधासमेत नपाउने भएपछि नर्मल ड्युटी मात्र गरेका छौं,' उनले भनिन्, 'जति खटे पनि राज्यले मूल्यांकन नगरेपछि कसको के लाग्छ। अब बढी समय खट्दा पनि सुविधा दिने छाँट देखिएन।' ल्याबका कर्मचारीले १० देखि ४ बजेसम्म काम गर्दा दैनिक ७२ वटा स्वाब परीक्षण हुन्छ। यसले स्वाबको रिपोर्ट लिन केही दिन कुर्नुपर्ने अवस्था छ। अस्पताल प्रमुख डा. साहलाई ओभरटाइम बापतको पाउनुपर्ने सेवासुविधा दिन मौखिक आग्रह गर्दा सुनुवाइ नभएको उनीहरूको गुनासो छ। चन्द्रपुरस्थित अस्थायी कोभिड अस्पतालमा खटेका स्वास्थ्यकर्मीले समेत साउनदेखि जोखिम भत्ता पाएका छैनन्। उनीहरूले चन्द्रपुरका प्रमुख रामचन्द्र चौधरीलाई गुनासो पोखेपछि भत्ता दिने तयारी गरिएको छ।

> केन्द्र सरकारले बजेट नपठाएको प्रदेश सरकारको भनाइ

**हार्दिक समवेदना**



जन्मः २०१४
स्वर्गारोहणः २०७८/०२/११

**स्व. आशादेवी रौनियार**

यस कान्तिपुर पब्लिकेसन्सको प्रादेशिक कार्यालय विराटनगरमा कार्यरत सहकर्मी शोभाकान्त रौनियारको ममतामयी माता **आशादेवी रौनियार**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार**

**हार्दिक श्रद्धाञ्जली**



जन्म वि.सं. १९९१/११/१०
स्वर्गारोहण वि.सं. २०७८/०२/१२

**स्व. नन्द माया धिताल**

हाम्रा अनन्य मित्र डा. राम प्रसाद धितालज्यूकी ममतामयी माता **नन्द माया धिताल**को स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

| | |
|---|---|
| डा. गोविन्द राज पोखरेल | भिष्म पण्डित |
| डा. दिवस बहादुर बस्न्यात | सञ्जय कुमार शर्मा |
| डिल्ली चौधरी | प्रेम सागर सुवेदी |
| अनिल पोखरेल | प्रदिप बुढाथोकी |
| शिव हरि दंगाल | प्रकाश सापकोटा |
| मनोज खड्का | सुनिल शर्मा घिमिरे |
| नहकुल के.सी. | पुष्कर मानन्धर |

**हार्दिक श्रद्धाञ्जली**



जन्मः २००६/०९/०२
स्वर्गारोहणः २०७८/०२/११

**स्व. कृष्णप्रसाद दाहाल**

**गणेश हिमाल क्याम्पस र धादिङ बोर्डिङ स्कुलका संस्थापक एवम् न्यु धादिङ बोर्डिङ स्कुलका अध्यक्ष तथा मानव अधिकारकर्मी र एन प्याब्सनका केन्द्रीय सदस्य श्री कृष्णप्रसाद दाहालको असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।**

अध्यक्ष एवम्
गणेश हिमाल क्याम्पस परिवार

अध्यक्ष एवम् धादिङ बोर्डिङ स्कुल परिवार | प्रिन्सिपल एवम् न्यु धादिङ बोर्डिङ स्कुल परिवार

# युवती बेच्न खोज्ने पक्राउ

पर्सा (कास)- कन्या पूजा गर्न भन्दै गोरखाका दुई युवतीलाई भारत बेचबिखन गर्न लैजाँदै गरेका एक भारतीय नागरिक र उनकी नेपाली श्रीमती पक्राउ परेका छन्। पक्राउ परेकी महिलाले आफ्नै नन्दसमेत गरी दुई जनालाई भारत लग्दै गरेको अनुसन्धानमा खुलेको छ। पक्राउ पर्नेमा भारत बिहार पूर्वी चम्पारण थाना पहाडपुर ग्रामपञ्चायत अहिरओलिया गोदाम-४ घर भएका २७ वर्षीय अस्मार सैफी र उनकी पत्नी तनहुँको दमौली नगरपालिका-५ की सकिना खातुन भन्ने २६ वर्षीया सीता थापा क्षत्री छन्।

चेलीबेटी बेचबिखन नियन्त्रणमा सक्रिय संस्था आफन्त नेपाल वीरगन्ज शाखा प्रमुख मनु रानाका अनुसार गोरखा माइती र तनहुँ घर भएकी २० वर्षीया बिना क्षत्री (नाम परिवर्तन) लाई उनीहरूले फकाएर भारत लैजान लागेका थिए। बाँकेको नेपालगन्जमा कन्या पूजा छ भन्दै उनीहरूले त्यहाँ दुई जना शुद्ध चोखो कन्याको खाँचो भएको र १ घण्टा पूजामा सरिक भएबापत १ लाख रुपैयाँ पाइने प्रलोभन दिएका थिए। आर्थिक प्रलोभनबाट बिना र उनकी साथी २२ वर्षीया रिमा गुरुङ (नाम परिवर्तन) पूजामा सहभागी हुन तयार भएका थिए। बिनाका पति रोजगारीका लागि विदेश गएको र घरमा उनका २ सन्तान छन्।

नेपालगन्जमा हुने पूजाको पैसा वीरगन्जमा पाइन्छ भनेर दम्पतीले जेठ १७ गते उनीहरूलाई वीरगन्ज ल्याएर होटलमा राखेका थिए। शंका लागेपछि रिचार्ज किन्ने बहानामा होटल बाहिर आएर एक पसलेलाई उनीहरूले प्रहरी बोलाइ दिन आग्रह गरेका थिए। दम्पतीविरुद्ध मुद्दा दर्ता गरी अनुसन्धानका लागि सात दिनको म्याद थप भइसकेको जिल्लाका डीएसपी ओमप्रकाश खनालले जानकारी दिए।

# हेपिने डरले परीक्षण गर्दैनन्


**तनहुँको शुक्लागण्डकी नगरपालिका–८ स्थित समुदायको कोरोना परीक्षणका लागि स्वाब संकलन गर्दै ।** *तस्बिर : सम्झना/कान्तिपुर*

**सम्झना रसाइली** (तनहुँ)

कोरोना संक्रमितलाई हेर्ने र गर्ने व्यवहार अझै नकरात्मक हुँदा मिल्दाजुल्दा लक्षण देखिएका पनि परीक्षणको दायरामा आउन सकेका छैनन् । रुघाखोकी, ज्वरो देखिए पनि समयमै कोरोना परीक्षणको दायरामा नआउँदा तीनै व्यक्तिका कारण समुदायस्तरमा कोरोना संक्रमण फैलिएको छ ।

शुक्लागण्डकी नगरपालिका–८ मा पनि यस्तै समस्या छ । नगरपालिकाले कोरोनासँग मिल्दाजुल्दा लक्षण देखिएकाको निःशुल्क पीसीआर परीक्षण गर्ने व्यवस्था मिलाए पनि सर्वसाधारण परीक्षणको दायरामा आउन नमानेको वडाध्यक्ष कृष्णप्रसाद रेग्मीले बताए ।

'कोरोनासँग मिल्दाजुल्दा लक्षण देखिएका वडावासी अन्य औषधि सेवन गरेर भित्रभित्रै लुकाउन खोज्दा समाजमा संक्रमणको दर बढ्दै आएको छ,' उनले भने, 'पीसीआर परीक्षण गरेर पोजिटिभ आए घरपरिवार र समाजबाट हेपिनुपर्छ भन्ने मानसिकताले यस्तो भएको हो । समाजबाट हेपिनुभन्दा आफैं औषधि सेवन गरेर निको हुन्छ भनी समाजमा संक्रमित लुकेका छन् र उनीहरूले नै अन्य व्यक्तिलाई संक्रमण गरेका छन् ।'

वडाका घरघरमा संक्रमित भेटिएपछि र एकै वडाका ६ जनाको संक्रमणका कारण मृत्यु भएपछि जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशसहितको टोली बिहीबार त्यहाँ एन्टिजेन परीक्षणका लागि पुगेको थियो । एकै वडाका ६७ जनाको परीक्षण गरिएकामा १८ जनाको रिपोर्ट पोजिटिभ आएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अजय श्रीवास्तवले बताए । उनले भने, 'बजार क्षेत्रबाट नजिक रहेको यो वडाका बासिन्दा बिनाकाममा पनि हिंड्डुल गर्ने, बजार आउने र गाउँमा गएर जमघट गर्ने गर्दा यहाँको समुदायमा संक्रमण फैलिएको देखिन्छ ।'

'लक्षण देखिएका व्यक्ति परीक्षणको दायरामा आई संक्रमित भए उपचार सेवा लिए समुदायमा फैलिने थिएन,' उनले भने, 'परीक्षण गर्नै नआउँदा समस्या भएको छ ।' हाल वडामा ६५ सक्रिय संक्रमित छन् ।

यस्तै जिल्लामा संक्रमणको दर बढेसँगै रेडजोन क्षेत्रका अन्य नागरिक परीक्षणको दायरामा आउन नखोज्दा सम्बन्धित क्षेत्रमै गएर परीक्षण गर्ने तयारी गरेको स्वास्थ्य कार्यालय प्रमुख शंकरबाबु अधिकारीले बताए । 'कतिपय लक्षणै नदेखिएकामा पनि संक्रमण पुष्टि भएको छ,' उनले भने, 'हामीले रेडजोनमा राखेका क्षेत्रमा लक्षण देखिएका र नदेखिएका सबैको एन्टिजेन कीटबाट कोरोना परीक्षण गर्ने तयारी गरेका छौं ।' कार्यालयले अबको २/३ दिनभित्र घिरिङ र बन्दीपुर गाउँपालिकामा एन्टिजेन परीक्षणको तयारी गरेको छ ।

जिल्लामा ६ सय ७६ जनाको एन्टिजेनबाट कोरोना परीक्षण गरिएको र ३ हजार २ सय ३३ जनाको स्वाब संकलन गरी पीसीआर परीक्षण गरिएकामा २ हजार २५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

# बर्खा लाग्यो, बासको टुंगो छैन

## स्थानीय तहले सरकारी अनुदान माग नगर्दा पीडितले पहिलो किस्ताबापतको रकम नै पाएनन्

**घनश्याम खड्का** (म्याग्दी)
**प्रकाश बराल** (बागलुङ)

मनसुनको औपचारिक प्रवेश नहुँदै झरी, वर्षा र बाढीपहिरो सुरु भएको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार देशमा यही सातादेखि देशमा मनसुन प्रवेश गर्दैछ ।

यो वर्ष औसतभन्दा बढी वर्षा हुने भएकाले मनसुनजन्य विपद्का घटना बढी हुने अनुमान छ । तर गत वर्षको मनसुनजन्य विपद्बाट घर गुमाएका म्याग्दी र बागलुङका पीडितले भने अझै बास पाउन सकेका छैनन् ।

सरकारले मनसुनजन्य विपद्बाट घरविहीन भएको परिवारको पुनर्वासका लागि घर पुनर्निर्माण गर्न प्रतिपरिवार ५ लाख, मर्मत गरी पुनः प्रयोग गर्न ५० हजार र निजी आवास निर्माण गर्ने जग्गा नभएका व्यक्तिलाई घर बनाउने जग्गा खरिद गर्न थप ३ लाख रुपैयाँ स्थानीय तहमार्फत अनुदान दिने व्यवस्था गरेको छ । तर स्थानीय तहले उक्त बजेट अझै माग गरेका छैनन् । 'अर्को वर्षा लागिसक्यो तर अझै धौलागिरि र मंगलाका केही लाभग्राहीबाहेक अरूले घर पुनर्निर्माण गर्न पहिलो किस्ता रकम पनि पाएका छैनन्,' जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले भने, 'बेनी नगरसमेत सबै स्थानीय तहलाई शीघ्र लाभग्राहीको पहिलो किस्ता रकम निकासा लिन ताकेता गरेका छौं । यो साताभित्र लाभग्राहीको पहिलो किस्ता रकम स्थानीय तहमा पठाउँछौं ।' म्याग्दीमा गत वर्षायाममा बाढीपहिरोबाट २ सय ४७ घर बस्नै नमिल्ने गरी भत्केपछि विस्थापित छन । उनीहरू अहिले आफन्तको रित्ता घरमा र केही अस्थायी टहरामा बस्दै आएका छन् ।

अभिलेखअनुसार रघुगंगा गापामा १६, अन्नपूर्णमा १५, मंगलामा २३, बेनी नगरपालिकामा ५७, धौलागिरि गापामा ५९ र मालिका गापामा ८९ घर बाढीपहिरोले पूरै बगाएको/पुरेको थियो । त्यसैगरी घर नभत्केका तर बस्ती/घर पहिरोको उच्च जोखिममा परेका ८ सय २१ घरलाई स्थानान्तरण गरी सुरक्षित स्थानमा पुनर्वास गराउनुपर्ने अवस्था छ । हालसम्म धौलागिरि गाउँपालिकाले ३४ घर र मंगलाले १८ परिवारलाई पुनर्वास गराउन घर पुनर्निर्माण गर्न पहिलो किस्ता रकम लगेका छन् । उनीहरूको घर पुनर्निर्माण अन्तिम चरणमा छन् ।



**बागलुङको ढोरपाटन–९ का बाढीपीडित खाद्यान्न लिएर बस्तीमा जाँदै । (इन्सेटमा) म्याग्दीको धौलागिरि–७ ताकममा पहिरोबाट विस्थापितलाई पुनर्वास गराउन निर्माण गरिएको एक निजी घर ।** *तस्बिर : प्रकाश/कान्तिपुर*

'डकुमेन्ट नमिलेका केही घरबाहेक घरबारविहीन भएका सबै लाभग्राहीलाई सम्झौता गराई धमाधम काम गराएका छौं । संघ र प्रदेशबाट आउने पैसा आउँदै गर्छ, पहिला पालमा भएका जनतालाई घरमा सार्न खटेको छु,' धौलागिरि गाउँपालिका अध्यक्ष थमसरा पुनले भनिन्, 'प्रवासी म्याग्देलीसहित विभिन्न संस्था, स्थानीयको सहयोगले हामीलाई ठूलो प्रेरणा र दबाब पनि दियो ।'

पीडितलाई पुनर्वास गराउन स्थानीय तहले १० प्रतिशत, प्रदेश सरकारले ३० प्रतिशत र संघीय सरकारले ६० प्रतिशत रकम जिल्ला विपद् व्यवस्थापन समितिको खातामा जम्मा गरेपछि लाभग्राहीलाई किस्ताबन्दीमा रकम भुक्तानी दिने व्यवस्था छ । यसैबीच पहिरोबाट विस्थापित २ सय ४७ मध्य म्याग्दी प्रवासी नेपाली संघ (मोना) ले ४० परिवारलाई नयाँ घर निर्माण गरेको छ । मोनाले मालिका–७ बिममा १० घर, धौलागिरिमा १४ घर, मंगला, रघुगंगा, अन्नपूर्ण गापा र बेनीमा ४/४ वटाका दरले १६ घर गरी ४० नयाँ घर निर्माण गरेको जनाएको छ । '३५ घरपरिवारलाई पालको बासबाट घरमा स्थानान्तरण गरेका छौं । ५ घरमा छाना हाल्ने र हाउस वायरिङको काम भइरहेको छ,' मोनाका दल शेरबुजाले भने, 'कोरोना र निषेधाज्ञाले केही ढिला भएको छ । जेठभित्र हामीले प्रतिबद्धता गरेका सबै ४० घरमा पीडित स्थानान्तरण हुन्छन् ।' त्यस्तै धौलागिरि–६ मराङमा २३ पीडितलाई एकीकृत बस्तीमा राख्न पुनर्निर्माण भइरहेको छ । विभिन्न संघसंस्थाबाट सहयोग जुटाएर ५० लाख ५० हजार रुपैयाँ खर्चेर राम्चेमा १६ रोपनी ६ आना र अस्कारेमा १२ रोपनी गरी २८ रोपनी ६ आना जग्गा खरिद गरी एकीकृत बस्ती बसालेको छ । १६ परिवारलाई अस्कारेमा र ७ परिवारलाई राम्चेमा पुनर्वास गराउन धमाधम निजी आवास पुनर्निर्माण भइरहेको छ । 'पहिरोग्रस्त क्षेत्रमा पुनः बस्ती बसाउन नमिल्ने भएपछि सुरक्षित दुई ठाउँमा जग्गा खरिद गरेर प्लटिङपछि सडकले जोडेका छौं । खानेपानी र विद्युत् पुगेको छ,' वडाध्यक्ष राजाराम सुवेदीले भने, 'अहिले निजी आवास पुनर्निर्माण भइरहेको छ ।' त्यसैगरी मालिका–७ बिममा पनि समुदायको सक्रियतामा पहिरोपीडितलाई पुनर्वास गराइएको छ । यसका लागि बिम मालिका संघ काठमाडौंले पहिरोले घरविहीन भएका २२ परिवारलाई पुनर्वास गराउन धमाधम निजी आवास पुनर्निर्माण गरिरहेको छ । संघले छुट्टै घर बनाउन जग्गाजमिन नभएका १० परिवारलाई पुनर्वास गराउन २० लाख रुपैयाँ खर्चेर ५ रोपनी जग्गा खरिद गरेको छ ।

### १० महिनादेखि बासकै खोजीमा

बागलुङको ढोरपाटन नगरपालिका–९ मा गत भदौ १७ गते खसेको भुजीखोलाको बाढीपहिरो पीडित अझै बासको खोजीमा छन् । यहाँका १ सय २६ घर बाढीले बगाएको थियो । २ विद्यालय र बुर्तिवाङदेखि ढोरपाटन जाने सडक क्षतविक्षत छ । पीडितका घर र भत्केका सार्वजनिक संरचना बन्ने अझै अत्तोपत्तो छैन ।

हिउँदका लागि बनेका छाप्रा झरी परेपछि चुहिन थालेका छन् । ओत लाग्ने केही नभएका ४० परिवार छन् । उनीहरूले घर बनाउन नसकेपछि छिमेकीसँग बास मागेर बसेका छन् । कतिपयको जस्तापाताको छाप्रो छ । स्याउला बारेर ओत लागेका वर्षातका लागि छिमेकीको घरमा आश्रय खोज्न थालेका छन् । 'राहत आउँछ, घर बनाउन पाइन्छ भनेर छाप्रोमा बसेका थियौं, यो वर्षा घर बनाउन नसकिने भयो,' पीडित हुमबहादुर विकले भने, 'आउँछ भनेको राहत आएन ।' विकको घरखेत सबै बगेको थियो । घटनामा पत्नी कुमारी र बैनी खिमा गुमाएका थिए । भुजी खोला किनारमा स्याउलाको छाप्रो बनाएर २ छोरासहित हिउँद कटाएका विक वर्षातका लागि छिमेकी खोज्दै छन् ।

यहाँकै सुस्मिता विकले छिमेकी हजुरबुबाको घरमा आश्रय लिएकी छन् । उनको बाबुआमा, भाइबहिनी गरी ४ जना र घरसमेत पहिरोले लगेको थियो । उनी मजदुरी गर्छिन् । 'आश्रय लिएर बसेको छु, तर पाउने भनेको राहत केही पनि पाइएन,' उनले भनिन्, 'मजदुरी गर्नुपरेपछि पढाइ पनि छुट्यो ।' कोरोनाको डरले आश्रय दिने पनि डराएको उनले बताइन् ।

बाढीपहिरोपीडितका लागि राहतस्वरूप आएको झन्डै ३ करोड रुपैयाँ भने नगरपालिकाको खातामा छ । 'राहत सहयोग आएको थियो, त्यो रकम पनि पीडितले पाएनन्,' वडाध्यक्ष हरिबहादुर घर्तीमगरले भने, 'दैनिकजसो राहत खोज्न आइरहन्छन्, केही दिन सकेको छैन ।' पटकपटक नगरपालिकामा कुरा गर्दा दिउँला भन्दै आस मात्रै देखाएको उनले बताए । पीडितमध्ये कतिपयको ढोरपाटनमा गोठ भएकाले उतै सरेका छन् । उनका अनुसार ४० परिवार भने कतै पनि बास नभएकाले अझै छिमेकीको आश्रयमा बस्न बाध्य भएका हुन् । पहिरोमा २२ को मृत्यु भएको थियो भने १५ जना अझै बेपत्ता छन् ।

# कोरोना छलेर धान रोपाइँ

**आश गुरुङ** (लमजुङ)

असार लागेको छैन । गाउँमा भने धान रोपाइँ सुरु भएको छ । गाउँमै कोरोना संक्रमण तीव्र छ । तर किसान भने कोरोना छल्दै रोपाइँमा व्यस्त हुन थालेका छन् ।

मर्स्याङ्दी–५, घेर्मुफाँटमा धान रोपाइँ थालिएको छ । खेतमा लगाएको गहुँ, आलु, लसुन, प्याज, बोडी थन्क्याएर स्थानीयले रोपाइँ थालेका हुन । स्थानीय विमला गुरुङले कोरोना संक्रमण जोखिमका बीच रोपाइँ थालिएको बताइन् । 'कोरोनाको संक्रमण जोखिम छ । अलि टाढा–टाढा बसेर रोपाइँ थालेका छौं,' उनले भनिन् । गाउँमा अहिलेसम्म कोरोना संक्रमण नदेखिए पनि नजिकैका बाहुनडाँडा र ताघ्रिङतिर कोरोना संक्रमित देखिएकाले जोखिम रहेको उनले बताइन् ।

स्थानीय भक्तराज घलेका अनुसार चिसो ठाउँ भएकाले घेर्मुमा धान रोपाइँ छिटो गर्नुपर्छ । सम्भवतः लमजुङमा सबैभन्दा छिटो धान रोपाइँ घेर्मुमै हुने उनले बताए । 'अहिले जतासुकै कोरोना संक्रमण छ । हामीलाई उत्तिकै डर छ । त्यसैले सानो–सानो समूह बनाएर रोप्न थालेका छौं,' उनले भने । स्थानीयले जौधान, मार्सी, झिनुवा, एक्लेलगायत धान रोप्छन् ।

क्होलासोंथर–४ भुजुङवासीले पनि रोपाइँको तयारी गरेका छन् । घिम्चे फाँटमा मंगलबारदेखि धान रोप्ने स्थानीय तुलबहादुर गुरुङले बताए । 'खेतमा लगाइएको गहुँ र करु थन्क्याइएको छ । अब बीउ पनि भइसक्यो । हामी धान रोप्ने तयारीमा छौं,' उनले भने । गत वर्ष जेठ दोस्रो साताबाटै रोपेका किसानले यस वर्ष कोरोना संक्रमण फैलिएपछि केही ढिलाइ गरिएको स्थानीयले बताएका छन् ।

क्होलासोंथर–५ का वडाध्यक्ष गीतबहादुर गुरुङका अनुसार गाउँलेले रोपाइँ तयारी गरेका छन् । संक्रमण जोखिमलाई ध्यानमा राखेर भौतिक दूरी कायम गरी रोपाइँ थाल्न भनिएको उनले बताए ।


**बागलुङको गलकोट–३ को हटियामा धान रोप्दै किसान ।** *तस्बिरः प्रकाश बराल/कान्तिपुर*

कृषि ज्ञान केन्द्रका कृषि अर्थविज्ञ मदन रेग्मीले चिसो तथा लेकाली क्षेत्रमा किसानले धान रोप्न थालेको बताए । उनका अनुसार गहुँ, जौ, मकै पाक्ने ठाउँमा रोपाइँ चाँडो हुन्छ । केही गाउँमा रोपाइँ थालिएको उनले बताए । बेंसीका ठूलाठूला फाँटमा भने रोपिएको छैन । 'कोरोना संक्रमण जोखिम छ । किसानलाई निकै समस्या छ । अहिले कोरोना गाउँगाउँ फैलिएकाले झन् समस्या छ,' उनले भने, 'सम्पर्कमा आएका किसानलाई भौतिक दूरी कायम गर्न र स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउन भनेका छौं ।'

जिल्लाको धमिलिकुवा, चक्रतीर्थ, भलायखर्क, रामचोकबेंसी, सोतीपसल, रम्घा, भोर्लेटार, सुन्दरबजार, परेवाडाँडालगायत ठाउँमा बढी मात्रामा धान खेती हुन्छ । कृषि ज्ञान केन्द्रको जानकारीअनुसार लमजुङका १४ हजार ७ सय ८८ हेक्टर क्षेत्रफल खेतमा धान खेती हुन्छ ।

### गलकोट क्षेत्रमा पनि सुरु

बागलुङ– जेठको तेस्रो साताबाट यहाँको गलकोट क्षेत्रमा धान रोपाइँ सुरु भएको छ । दरमखोला जलाधार क्षेत्रमा पर्ने हरिचौर, हटिया, मल्म, काँडेबास, रिघालगायत स्थानमा जेठबाटै धान रोप्न सुरु हुन्छ ।

बडिगाडतर्फको ग्वालीचौर, खरबाङजस्ता स्थानमा पनि जेठबाटै रोपाइँ सुरु भएको छ । तीन खेती लगाउनेले जेठमै धान रोप्ने गरेको स्थानीयले बताए । जेठमा रोपेको धान असोज अन्तिम साता थन्क्याएपछि तोरी, गहुँ वा हिउँदे तरकारीसमेत लगाउने चलन छ । केही स्थानमा मकै रोपिन्छ ।

कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईका अनुसार बागलुङमा ७ हजार ५ सय हेक्टर जमिनमा धान रोपाइँ हुने गरेको छ । गत वर्षभन्दा यो वर्ष छिटो रोपाइँ सुरु भएको हो । 'मौसम अनुकूल भयो भने किसानले समयमै धान रोप्छन्,' भट्टराईले भने, 'उच्च पहाडी क्षेत्रमा दुई र नदी बेंसी क्षेत्रमा तीन बाली खेती हुने भएकाले रोपाइँ छिटो भएको हो ।' मनसुनको भर परेर रोप्नेले भने असार अन्तिम सातादेखि साउनसम्मै रोपाइँ गर्छन् । गत वर्ष भने मनसुन कमजोर भएकाले असार अन्तिम सातासम्म पनि अधिकांश स्थानमा रोपाइँ भएको थिएन । त्यसले उत्पादनमा समेत असर परेको थियो । यो वर्ष भने बेलाबेला पानी परिरहेकाले रोपाइँ सुरु भइसकेको उनले बताए । बागलुङ नगरपालिकाको बलेवातर्फका अमलाचौर, पैयुँपाटा, नारायणस्थान, रायडाँडालगायत गाउँमा भने असार लागेपछि मात्रै रोपाइँ गर्ने चलन छ ।

कोरोना संक्रमणले खेताला धेरै नराखेका किसानले सामाजिक दूरी कायम गरेर रोपाइँ गरेको बताए । 'अघिल्ला वर्ष एउटै मेलामा ५० जनासम्म खेताला हुन्थे, अहिले बढीमा २० जना छन्,' गलकोट–३ की कल्पना मल्लले भनिन्, 'सामाजिक दूरी कायम गर्ने, मास्क लगाउनेजस्ता मापदण्ड अपनाएर खेती गरिएको छ ।'

अघिल्लो वर्षको तुलनामा यो वर्ष खेताला पाउन भने समस्या भएको ताराखोला गाउँपालिका–२ का अध्यक्ष भद्रबहादुर घर्तीले बताए । 'कोरोनाका संक्रमित होम आइसोलेसनमा छन्, नभएका पनि डराएका छन्,' घर्तीले भने, 'आफ्नो काममा निस्के पनि खेताला पाउन भने कठिन भएको छ ।'

# चुमनुब्रीमा पहिलो पटक कोरोना

**हरिराम उप्रेती** (गोरखा)

एघार स्थानीय रहेको जिल्लामा अन्य स्थानीय तहमा कोरोना संक्रमण फैलावट तीव्र हुँदा दुर्गमको चुमनुब्री गाउँपालिका सुरक्षित बन्यो । पहिलो लहरको संक्रमणका बेला चुमनुब्रीमा एक जना संक्रमित पनि थिएनन् ।

दोस्रो लहरको कोरोना संक्रमणको फैलावटको ग्राफ अन्य ठाउँमा बढिरहँदा चुमनुब्रीमा देखिएको थिएन । रुघाखोकीका बिरामी बढेसँगै गत बिहीबार चुमनुब्री–३ पाङसिङमा २० जनाको एन्टिजेन परीक्षण भयो । सबैको रिपोर्ट नेगेटिभ आयो । तर शुक्रबार भने पहिलो पटक कोरोना संक्रमित भेटिएका छन् । एन्टिजेन परीक्षणमा चुमनुब्री–३ घट्टेखोलाका ३ जनामा संक्रमण पुष्टि भएको हो । २६ जनाको कोरोना परीक्षण गर्दा ३१ वर्षीया महिला र ६ र २१ वर्षका पुरुषको कोरोना रिपोर्ट पोजिटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी नवराज खड्काले बताए । संक्रमितको स्वास्थ्य अवस्था सामान्य छ । 'पहिलो लहरको संक्रमणका बेला चुमनुब्री संक्रमणको जोखिम थिएन,' उनले भने, 'दोस्रो लहरअन्तर्गत गाउँपालिकामा नै परीक्षण गर्दा पहिलो पटक संक्रमित भेटिएका हुन् ।' दोस्रो लहरको संक्रमण फैलिएयता चुमनुब्री स्थायी घर भई उपचारका लागि काठमाडौं पुगेका २ जनामा भने पोजिटिभ देखिएको खड्काले बताए । स्वास्थ्य कार्यालयले चुमनुब्रीका लागि ५ सय एन्टिजेन किट पठाएको छ । 'एन्टिजेन किट जाँदै छ, आइतबारसम्म पुग्छ,' खड्काले भने, 'अब परीक्षणको दायरा बढाउँछौं ।'

चुमनुब्री–३ कै पाती बस्तीमा शनिबार एन्टिजेन परीक्षणका लागि स्वास्थ्यकर्मी पुगेका छन् । कोरोनासँग मिल्दोजुल्दो लक्षण देखिएकाको परीक्षणका लागि बस्तीबस्तीमा स्वास्थ्यकर्मी परिचालन गर्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमसेन श्रेष्ठले बताए । परीक्षणका लागि गाउँपालिका स्वास्थ्य शाखा र सिर्दिवास स्वास्थ्य चौकीका कर्मचारी परिचालन गरिएको उनले बताए । 'डाक्टरको दरबन्दी नभएको हो, अन्य स्वास्थ्यकर्मी हुनुहुन्छ,' उनले भने, 'हाललाई एन्टिजेन किट पनि पर्याप्त छ, स्वास्थ्य समस्या देखिएका ठाउँमा परीक्षण बढाउँदै छौं ।' सिर्दिवासको बुद्ध माविमा १२ बेड क्षमताको आइसोलेसन बनाइएको छ । मनास्लु पदमार्गअन्तर्गतको चुमनुब्रीमा हाल पर्यटक आवागमन पनि ठप्प छ । होटल बन्द छन् । गाउँपालिका प्रवेश गर्ने जगत नाकामा हेल्थडेक्स स्थापना गरिएको छ । हेल्थडेक्समा खटिएका स्वास्थ्यकर्मीले ज्वरोलगायत सामान्य स्वास्थ्य जाँच गरेपछि मात्र गाउँपालिका प्रवेश गर्ने अनुमति दिने गरेको श्रेष्ठले बताए । तिब्बतसँग जोडिएको सामागाउँ र छेकम्पारको नाका पनि बन्द छ । स्थानीय तिब्बतका बजारबाट दैनिक उपभोग्य सामग्री ढुवानी गर्थे । हाल आरुघाटबाट खच्चडमार्फत सामग्री ढुवानी भइरहेको छ ।

### बागलुङको उपल्लाचौर सिल

बागलुङ– सदरमुकामस्थित बागलुङ नगरपालिका–४ को उपल्लाचौरमा मात्रै एक सय जनाभन्दा बढी कोरोना संक्रमित पुगेपछि तीनवटा टोल सिल गरिएको छ । टोलमा कोही पनि छिर्न नपाउने गरी तारबार लगाइएको छ । कोरोना सचेतनासम्बन्धी ब्यानर लेखेर टाँगिएको छ । साथै ती बस्तीको चारैतिर जनपथ र सशस्त्र प्रहरीको चौबिसै घण्टा पहरा दिने व्यवस्था मिलाइएको नगरप्रमुख जनकराज पौडेलले बताए ।

श्रीनगरटोलदेखि डुंडुंगा जाने सडकका २५ घरमा ४० बढी संक्रमित छन् । त्यस्तै राइटरचोकदेखि कटरको बोटसम्म र नेपाली सेनाको २३ नम्बर बाहिनीदेखि गौरीधाम जाने सडक पनि पूर्ण रूपमा सिल गरिएको नगर स्वास्थ्य शाखाका प्रमुख रामप्रसाद खनालले बताए । 'यति धेरै संक्रमण र फैलावटको दर अन्यत्र छैन, त्यसैले टोल सिलको निर्णयमा पुग्यौं,' खनालले भने, 'सबै घरमा सरसफाइका सामग्री वितरण गर्ने र लक्षणसहितका बिरामी देखिएमा तत्काल उपचारका लागि अस्पताल पठाउन निगरानी बढाएका छौं ।' यी सबै टोलमा अत्यावश्यक सामग्री वडाबाट वितरण गर्ने, तर कसैलाई घरबाट निस्कन नदिने योजना बनाइएको वडाध्यक्ष ध्रुबबहादुर केसीले जानकारी दिए । वडा कार्यालय रहेको स्थानमा पनि संक्रमित अत्यधिक बढेपछि कार्यालय बन्द गरेर सबै सेवा ठप्प पारिएको उनले जनाए ।

## हार्दिक समवेदना



जन्मः २०१४
स्वर्गारोहणः २०७८/०२/११

**स्व. आशादेवी रौनियार**

यस कान्तिपुर पब्लिकेसन्सको प्रादेशिक कार्यालय विराटनगरमा कार्यरत सहकर्मी शोभाकान्त रौनियारको ममतामयी माता **आशादेवी रौनियार**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार**

## हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. १९९१/११/१०
स्वर्गारोहण
वि.सं. २०७८/०२/१२

**स्व. नन्द माया धिताल**

हाम्रा अनन्य मित्र डा. राम प्रसाद धितालज्यूकी ममतामयी माता **नन्द माया धिताल**को स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

डा. गोविन्द राज पोखरेल
डा. दिवस बहादुर बस्न्यात
डिल्ली चौधरी
अनिल पोखरेल
शिव हरि दंगाल
मनोज खड्का
नहकुल के.सी.
भिष्म पण्डित
सञ्जय कुमार शर्मा
प्रेम सागर सुवेदी
प्रदिप बुढाथोकी
प्रकाश सापकोटा
सुनिल शर्मा घिमिरे
पुष्कर मानन्धर

## हार्दिक श्रद्धाञ्जली



जन्मः २००६/०९/०२
स्वर्गारोहणः २०७८/०२/११

**स्व. कृष्णप्रसाद दाहाल**

**गणेश हिमाल क्याम्पस र धादिङ बोर्डिङ स्कुलका संस्थापक एवम् न्यु धादिङ बोर्डिङ स्कुलका अध्यक्ष तथा मानव अधिकारकर्मी र एन प्याब्सनका केन्द्रीय सदस्य श्री कृष्णप्रसाद दाहालको असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।**

अध्यक्ष एवम्
गणेश हिमाल क्याम्पस परिवार

अध्यक्ष एवम्
धादिङ बोर्डिङ स्कुल परिवार

प्रिन्सिपल एवम्
न्यु धादिङ बोर्डिङ स्कुल परिवार

## छोटकरी

### हेफरद्वारा ५ करोड सहयोग

पाल्पा (कास)- लुम्बिनी प्रदेशका ३८ स्थानीय तहका कोभिड कोषमा हेफर इन्टरनेसनल नेपालले ५ करोड ३ लाख रुपैयाँ सहयोग गरेको छ । कोरोना संक्रमण नियन्त्रण तथा उपचारका लागि स्थानीय तहले खर्च गर्न सक्ने गरी शुक्रबार उक्त रकम जम्मा गरिएको हो । पाल्पाका स्थानीय तहले प्रदेशमै सबैभन्दा धेरै १ करोड ४९ लाख रुपैयाँ पाएका छन् । गुल्मीले ८० लाख, रूपन्देहीले ६६ लाख, बाँकेले ८५ लाख, दाङले ३६ लाख रुपैयाँ पाएका छन् । अर्घाखाँचीले २५ लाख, प्यूठानले १७ लाख ५० हजार, बर्दियाले ३५ लाख, कपिलवस्तुले ९ लाख ५० हजार रुपैयाँ पाए । सामाजिक स्रोत विकास केन्द्र नेपालको समन्वयमा कोभिड संक्रमितको उपचार र रोकथामका लागि पाल्पामा सहयोग गरेको हेफर इन्टरनेसनल नेपालका कार्यक्रम प्रबन्धक अनन्त सिलवालले बताए । अन्यत्रका जिल्लामा सहयोगी गैरसरकारी संस्थामार्फत नै रकम जिल्लामा पुग्नेछ । ती संस्थाले सम्बन्धित स्थानीय तहको कोभिड कोषमा रकम जम्मा गर्नेछन् । 'हेफरको कार्यक्षेत्रका स्थानीय तहका नागरिकको स्वास्थ्य अवस्थालाई मध्यनजर गरेर रकम जम्मा गरेको हो,' कार्यक्रम प्रबन्धक सिलवालले भने, 'रकमबाट स्थानीय तहले अक्सिजन सिलिन्डर, अक्सिजन रिफिल, भेन्टिलेटर, पीपीई सेट, अक्सिमिटरलगायतमा खर्च गर्न सक्नेछन् ।'

### स्तर वृद्धिका लागि बजेट

अर्घाखाँची (कास)- जिल्ला अस्पतालको स्तर वृद्धि गर्न संघीय सरकारले बजेट पठाएको छ । अक्सिजन प्लान्ट निर्माण गर्न अर्थ मन्त्रालयले डेढ करोड रुपैयाँ उपलब्ध गराएको हो । अस्पतालमा संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको २ करोड बजेटबाट भवन निर्माण गरी १० बेडको एचडीयू सञ्चालित छ । तर, जनशक्ति अभावमा अस्पताल अस्तव्यस्त बनेको छ । ३४ वर्षअघि स्थापना भएको अर्घाखाँची अस्पताल खिया लागेको टिनमुनि सञ्चालित छ । भवन जीर्ण छ । दैनिक १ सय बिरामी आउने अस्पताललाई स्तरोन्नति गरी ५० बेडको बनाउने भनेर प्रक्रिया सुरु गरेको तीन वर्ष पुग्दा पनि अझै पूर्वाधार पूरा भएको छैन । अहिले अस्पतालमा करारसहित आठ जना डाक्टर, सात जना नर्स कार्यरत छन् । अस्पतालमा २७ जना बिरामी उपचाररत छन् । पालिकाका केही स्वास्थ्यकर्मीलाई अहिले अस्पतालमा ल्याइएको अस्पताल प्रमुख डा. कपिल गौतमले बताए । 'अहिले सञ्चालन भएको एचडीयूलाई पछि आईसीयू बनाइनेछ,' उनले भने, 'भेन्टिलेटर एक सातापछि आइपुग्ला । तर, जनशक्तिको अभाव छ ।' आईसीयूका लागि तालिम प्राप्त आठ जना डाक्टर, १२ जना नर्स चाहिएको उनले बताए । 'अक्सिजन प्लान्ट सञ्चालनका लागि टेक्निसियन, कार्यालय सहयोगीसहित १२ जनाको जनशक्ति चाहिन्छ,' गौतमले भने ।

### स्वास्थ्य सामग्री सहयोग




लुम्बिनी (कास)- लुम्बिनी आसपासका कोरोना संक्रमित बिरामीको उपचारका लागि थाई जनताले सहयोग पठाएका छन् । स्वास्थ्य सामग्री लिएर लुम्बिनीस्थित रोयल थाई मोनास्ट्रीका प्रमुख भिक्षु फ्रा बोधीविङ्स कपिलवस्तु आइपुगेका हुन् । जिल्ला अस्पतालद्वारा साबिक महिला विकास कार्यालयमा सञ्चालित अस्थायी कोभिड अस्पतालका लागि प्रजिअ चक्रपाणि पाण्डेलाई शनिबार स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ । आठ/आठ लिटरका दुईवटा अक्सिजन कन्सन्ट्रेटर, अटोमेटिक तापक्रम स्क्यानर र टेम्प्रेचर सहयोग गरिएको छ । दुईवटा अक्सिमिटर, नौ सय थान सर्जिकल मास्क, ५० जोडी सर्जिकल ग्लोब्स र तीन ग्यालेन सेनिटाइजर पनि सहयोग गरिएको छ । यसैगरी, भैरहवास्थित भीम अस्पताल र बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पताललाई पनि त्यहीं पुगेर सोमबार सहयोग प्रदान गरिँदै छ । मंगलबार थाई दूतावासबाट थप उपकरण र स्वास्थ्य सामग्री आउँदै छ । यी सामग्री बुधबारबाट लुम्बिनी आसपासका साना सरकारी स्वास्थ्य संस्थालाई सहयोग गरिने बताइएको छ ।



लुम्बिनीस्थित रोयल थाई विहारमा कोरोना भाइरस संक्रमण अन्त्यको कामना गर्दै पूजाआजामा भिक्षु । *तस्बिरः मनोज पौडेल/कान्तिपुर*

# पूर्वाधार न स्वास्थ्य सामग्री

## पहाडी जिल्लाका अस्पतालमा आवश्यक उपकरण अभाव हुँदा स्वास्थ्यकर्मी सास्ती बेहोरेर उपचार गर्दै

**हरि गौतम** (रुकुम पूर्व), **माधव अर्याल** (पाल्पा), **काशीराम डाँगी** (रोल्पा) **र वीरेन्द्र केसी** (अर्घाखाँची)

लुम्बिनी प्रदेशका पहाडी जिल्लाका अस्पतालमा पूर्वाधार अभाव भएकाले चिकित्सकले प्रभावकारी उपचार गर्न नसकेको गुनासो गरेका छन् । जिल्लाका अस्पतालमा ६ जना राख्न सकिन्छ । त्यसभन्दा बढी भएमा पाल टाँगेर उपचार गर्नुपर्छ । अस्पतालमा आवश्यक औषधि छैन । लामो समयदेखि एकैथरी औषधि बिरामीलाई दिन बाध्य छन् । अधिकांश पहाडी जिल्लामा श्वासप्रश्वासमा समस्या आएपछि मात्र अस्पताल भर्ना हुन्छन् ।

रुकुमपूर्व पनि यसबाट अछुतो छैन । 'जसोतसो अक्सिजन पुऱ्याएका छौं,' चिकित्सक पूर्णबहादुर पुनले भने, 'टाजोपिप नामको औषधि मात्रै अब बाँकी छ ।' यो औषधि पनि केही मात्रामा मात्रै रहेको चिकित्सकले बताए । संक्रमितलाई नभई नहुने हाइड्रोकोर्टिसन र डेक्सामेथासोन उपलब्ध नरहेको उनको भनाइ छ । 'यी औषधि बजारमा पनि अभाव भइसक्यो,' उनले भने, 'स्वास्थ्य सुरक्षा सामग्री छैनन् ।' स्टाफ नर्स शोभ्ना सिंह गुप्ताले केही थान मास्क, सेनिटाइजर, पीपीईमात्र रहेको बताइन् । 'पुऱ्याएर प्रयोग गर्नुपर्ने अवस्था छ,' उनले भनिन्, '६ जना स्टाफ नर्समध्ये तीन जनाले नर्मल र तीन जनाले कोरोना संक्रमितलाई हेर्ने गरेका छौं ।'

रोल्पा जिल्ला अस्पताल भवन जीर्ण छ । पाँच दशक पुरानो मक्किएको भवनमा चिकित्सकले संक्रमितको उपचार गरिरहेका छन् । साँघुरो र थोरै जनशक्ति भएको अस्पतालमा दैनिक एक दर्जन संक्रमित भर्ना हुन्छन् । 'हामीले ओपीडी पनि चलाएका छौं । अस्पताल आएपछि सबैलाई जाँच गर्नैपऱ्यो,' मेडिकल अधिकृत प्रतिभा सुवेदीले भनिन्, 'साधनस्रोत अभाव भए पनि सकेसम्म उपचार गरिरहेका छौं ।' उनका अनुसार संक्रमितको उपचार गर्दा विभिन्न चुनौती छन् । अस्पतालमा आएका बिरामीमध्ये को संक्रमित हो/होइन परीक्षणपछि मात्रै जानकारी हुन्छ ।

अस्पतालमा कोरोना परीक्षण किट पर्याप्त छैनन् । पीसीआर मेसिन नभएकाले रिपोर्ट आउन एक साताभन्दा बढी समय लाग्छ । छिट्टै परीक्षण गर्न मिल्ने एन्टिजेन किट अभाव छ । 'बिरामीको अवस्था र लक्षण थाहा पाएर पनि कोरोना संक्रमण पत्ता लगाउन नसक्दा समस्या छ,' डा. सुवेदीले भनिन्, 'तत्काल उपचार गर्दा प्रभावकारी हुन्थ्यो ।'



**पाल्पाको युनाइटेड मिसन अस्पतालका चिकित्सक र नर्सिङ स्टाफ पीपीई सेट लगाएर ड्युटीमा खटिने तयारी गर्दै ।** *तस्बिर : माधव/कान्तिपुर*

रोल्पामा अक्सिजन आपूर्तिको समस्या पनि उत्तिकै चर्को छ । अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. प्रकाशबहादुर बुढाले अक्सिजन सिलिन्डर थोरै भएकाले ढुक्क मनले उपचार गर्न नसकिएको बताए । सात जना चिकित्सक, १८ जना नर्सिङ स्टाफ र १५ जना प्यारा मेडिक्स छन् । अस्पतालमा थलिएर आएका बिरामीलाई अक्सिजन दिनुपर्ने अवस्था हुन्छ । उपचार गर्दागर्दै अरू गम्भीर भए थप उपचारका लागि जिल्लाबाहिर पुऱ्याउनुपर्ने अवस्था छ ।

अर्घाखाँचीस्थित जिल्ला अस्पतालमा आवश्यक उपकरण अभाव हुँदा स्वास्थ्यकर्मीले सास्ती सहनु परेको बताएका छन् । अभाव सहेरै दुःखकष्ट साथ संक्रमितको ज्यान बचाउन लागिपरेको उनीहरूले बताए । 'पीपीई लगाइसकेपछि दिसा, पिसाब, भोक र तिर्खा लागे खटाएरै बस्ने हो,' अर्घाखाँची अस्पतालकी नर्स शर्मिला केसीले भनिन् । अरू बेला जस्तो हिँड्न मिल्दैन । निश्चित ठाउँमै बस्नुपर्ने हुन्छ । 'संक्रमितको मृत्यु हुँदा रुन मन लाग्छ,' उनले भनिन्, 'निको बनाएर घर पठाउँदा युद्ध जितेजस्तो हुन्छ ।' उनी अस्पतालबाट आधा घण्टा पैदल हिँडेरै घर पुग्छिन् । 'एक महिनादेखि अलग्गै कोठामा बसिरहेकी छु,' उनले भनिन्, 'आमाले खाना ल्याएर परै छाडिदिनुहुन्छ । बुबाआमाको अनुहार टाढैबाट हेर्छु ।'

अस्पताल प्रमुख डा. कपिल गौतमले औषधि, स्वास्थ्य सामग्री अभाव रहेको बताए । 'मुख्य अक्सिजन अभावले सताउने गरेको छ,' उनले भने, 'अभावबीच संक्रमितको ज्यान बचाउनुपर्ने चुनौती छ ।' अर्घाखाँची अस्पतालमा १० एचडीयू र ६ जनरल बेड छन् । अहिले यहाँ २९ बिरामी उपचाररत छन् । 'बिरामी दैनिक थपिन्छन्, अक्सिजन अभाव नै हुन्छ, कुन दाताले अक्सिजनका सिलिन्डर भरिदेलान्, कसले सहयोग गर्लान् भनेरै दाता खोज्नुपर्ने बाध्यता छ,' उनले भने ।

गुल्मी अस्पताल प्रमुख डा. उत्तम पाच्यले डाक्टरले अस्पतालमा आएका सबै प्रकृतिका बिरामी हेर्नुपर्ने बताए । अक्सिजन सिलिन्डर, स्वास्थ्य सामग्री अभाव सधैं भइरहन्छ । अक्सिजनका लागि दाताकै भर पर्नुपरेको उनले बताए । 'अक्सिजन कतिखेर सकिन्छ भनेर जाग्राम बस्नुपर्छ,' उनले भने, 'कतिबेला कति बिरामी आउँछन्, टुंगो हुँदैन, अक्सिजन पर्याप्त हुँदैन ।' गाउँमा सामान्य ज्वरो, रुघाखोकी भएर बस्ने र सिकिस्त भएर आउँदा अक्सिजन दिएर बचाउनुपर्छ । यहाँ आईसीयू नहुँदा छटपटाएर बिरामीको मृत्यु हुँदा धेरै दुःख लाग्ने उनले बताए । पीपीई, स्वास्थ्य सामग्री र औषधिको अभाव भएकाले कसरी जुटाएर बिरामीको ज्यान बचाउने भन्ने चिन्ता रहेको उनले बताए ।

पाल्पास्थित लुम्बिनी मेडिकल कलेजका फिजिसियन डा. तिलचन पाण्डेय निदाउन सकेका छैनन् । शरीर असहज भए पनि ड्युटीमा खटिन्छन् । परिवारले दिनहुँ आफ्नो ख्याल गर्नु भन्छन् । ३५ देखि ४० जनासम्म कोरोना संक्रमित भर्ना रहेको वार्डमा काम गरिरहेका छन् । 'दिउँसो दुई/तीन पटकसम्म संक्रमित वार्डमा पुगेर त्यहाँको अवस्था हेर्दा निद्रै पर्दैन,' उनले भने, 'तैपनि, उच्च मनोबल राखेर काम गरेको छु ।' विद्यालय बिदा भएकाले छोरा र श्रीमती पनि सँगै छन् । छिनछिनमा बेडका लागि आउने फोन सुन्दा परिवार चिन्तित हुन्छन् । अक्सिजन अभाव भएपछि बेडमा बिरामी राख्न नसकेको उनले बताए । 'पहिलो लहरको जस्तो छैन अहिलेको संक्रमण,' उनले भने, 'संक्रमण भएपछि छिटो गम्भीर भइरहेका छन् ।'

उनका अनुसार अक्सिजन अभाव छ । शिक्षण अस्पतालको प्लान्ट पुरानो भएकाले कम अक्सिजन उत्पादन हुन्छ । त्यसपछि कोभिडका बिरामी इमर्जेन्सीबाटै फिर्ता गर्नुपर्ने बाध्यता छ । युनाइटेड मिसन अस्पतालमा कार्यरत चिकित्सक डा. विकास अधिकारीलाई बिरामीको चीत्कारले सुत्न दिँदैन । 'हामीले उपचार नगरे कसले गर्ने हो ?' उनले भने, 'त्यही भएर मनोबल बढाएर काम गरेका छौं ।'

## १३ सयले घरबाटै जिते कोरोना

अर्घाखाँची (कास)- होम क्वारेन्टाइनमा बसेर कोरोना परास्त गर्नेको संख्या बढ्दो छ । संक्रमितमध्ये धेरैले स्वास्थ्यकर्मीको परामर्शमा घरमै औषधि सेवन गरेर निको भएका हुन् । अर्घाखाँचीमा शुक्रबारसम्म २ हजार १ सय ४१ जना संक्रमित छन् । अहिलेसम्म १ हजार ६ सय ६९ जना निको भएको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी विजय विकले बताए । त्यसमध्ये १ हजार ३ सय ६८ जना संक्रमित होम आइसोलेसनमै बसेर निको भएका हुन् । ९ सय ८३ जना पुरुष र ३ सय ८५ जना महिला संक्रमणमुक्त भएका छन् । ४ सय ७२ जना अहिले पनि होम आइसोलेसनमै छन् ।

मालारानी गाउँपालिकामा ८३ जना संक्रमित घरमै बसेर निको भए । ३२ जना अहिले पनि होम आइसोलेसनमै छन् । घरमै पुग्ने, स्वास्थ्य अवस्थाबारे परामर्श दिने र अलि गाह्रो भएमा अस्पताल लैजान भनिएको स्वास्थ्य शाखा प्रमुख भविष्वर खनालले बताए । गाउँमा औषधिसहित जडीबुटी, बेसारपानी, पोषिलो खाना, बिहान योग व्यायाम गरेर कोरोनालाई जित्नेको संख्या बढ्दो रहेको उनले जानकारी दिए । अहिले वडामा पुगेर एन्टिजेन परीक्षण गर्ने क्रम भइरहेको छ । संक्रमितको घरमा स्वास्थ्यकर्मी पुग्ने, केहीलाई फोनबाटै कोरोना भनेको के हो, कसरी सर्छ, संक्रमित भएपछि निको हुने उपायका बारेमा परामर्श दिइरहेको खनालले बताए ।

सन्धिखर्कस्थित जनज्योति माविका शिक्षक चिरञ्जीवी पौडेल कोरोना संक्रमण भएपछि अस्पताल गएनन् । चिकित्सकको परामर्शमा औषधि र जडीबुटी खाएर घरमै बसेर कोरोनालाई जिते । १८ दिनमा उनी होम आइसोलेसनबाट सामान्य जीवनमा फर्किए । 'ज्वरो, रुघाखोकी, शरीर दुख्नेलगायतका समस्याले ज्यान शिथिल बनायो,' उनले भने, 'मेडिकल र आयुर्वेदिक स्वास्थ्यकर्मीसँग परामर्शमा रहें । जडीबुटी दिनमा तीन/चारपटक खाएर आत्मबल बलियो बनाएपछि कोरोनालाई जित्न सकिन्छ ।' बिहान योग, तातोपानी, गुर्जो, मरिच, बेसार, ज्वानो, लसुनलगायतका जडीबुटी सेवन गरेपछि होम आइसोलेसनमै धेरै संक्रमित निको भएर काममा फर्किएका छन् । जिल्लामा अहिलेसम्म ५४ जनाले कोरोनाबाट ज्यान गुमाएका छन् ।

## उपचारमा सघाउँदै उद्योगी

बुटवल (कास)- कोरोना भाइरसको पहिलो लहर भित्रिएलगत्तै लुम्बिनी प्रदेश सरकारले भैरहवाको भीम अस्पताललाई कोरोना विशेष अस्पताल घोषणा गऱ्यो । तर, त्यस खालको भौतिक पूर्वाधार थिएन, न त उपकरण नै थिए । यही कारण अस्पतालले अपेक्षित गति लिन सकेन । बिरामीले सहज उपचार पनि पाएनन् ।

यो देखेपछि रूपन्देहीका उद्योगी विष्णुप्रसाद न्यौपानेले सहयोगको हात बढाए । उनले आफ्ना बुबाआमाको नाममा स्थापना गरेको लीलाराम-कुन्तीदेवी न्यौपाने प्रतिष्ठानमार्फत आधुनिक भवन बनाइदिए । जसमा लिफ्टसहितको नयाँ भवन बनेको छ । त्यसमा बेड, आईसीयू, एचडीयूमा आवश्यक पर्ने उपकरण तथा भेन्टिलेटर सबै नयाँ छन् । 'बुबाआमाको सम्झनामा अस्पतालमा एकतले भवन बनाउने सोचमा थियौं । कोभिडका कारण बिरामीले समस्या भोगेको देखेपछि दुई तले भवन बनायौं,' प्रतिष्ठानका महासचिव न्यौपानेले भने । अस्पताल प्रशासनले आईसीयूसहितका संरचना बनाउन भवन नभएको बताएपछि त्यस अनुसार आधुनिक भवन बनाएको उनले बताए ।

प्रतिष्ठानले अस्पताल र उपकरण जडान दुवैमा लगानी गरेको छ । अहिलेसम्म ३ करोड ६५ लाख रुपैयाँ खर्च गरेको महासचिव न्यौपानेले बताए । 'अस्पताललाई आवश्यक परे उपकरण र भौतिक पूर्वाधार दुवैमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छौं,' उनले भने । यसअघि भीम अस्पतालको पुरानो भवनमा दुईवटा साना कोठामात्रै आकस्मिक कक्षका लागि छुट्याइएका थिए । अहिले २१ बेडको आकस्मिक कक्ष तयार भएको छ । ५० बेडको अस्पतालमा अहिले ६० जना कोरोना संक्रमित बिरामीले उपचार गराइरहेका छन् । अस्पतालका कोरोना फोकल पर्सन डा.आरिफ हुसेनले नयाँ भवनका कारण जटिल खालका कोरोना संक्रमित बिरामीको उपचार गर्न सकेको बताए ।

अर्घाखाँची सिमेन्ट प्रालिले सियारी गाउँपालिका-२, मैनहियामा स्वास्थ्य चौकी भवन निर्माण गरिदियो । भीम अस्पतालमै अक्सिजन प्लान्ट जडान गर्न उद्योगी व्यवसायीहरू एक भए । जसमा लायन्स क्लब अफ भैरहवा ग्रिन सिटीले १ लाख १ हजार रुपैयाँ सहयोग गरेको छ ।

## लक्ष्यअनुसार राजस्व वृद्धि

नेपालगन्ज (कास)- बाँकेको नेपालगन्ज भन्सार कार्यालयमा हालसम्म १७ अर्ब ८० करोड रुपैयाँ राजस्व संकलन भएको छ । आर्थिक वर्ष २०७७/०७८ मा सरकारले नाकालाई १८ अर्ब लक्ष्य तोकेको हो । गत आव २०७६/०७७ मा १५ अर्ब १८ करोड रुपैयाँ संकलन भएको थियो । त्यहीअनुसार सरकारले यस आर्थिक वर्षमा ३ अर्ब थप राजस्व संकलन गर्ने जिम्मेवारी दिएको नेपालगन्ज भन्सार कार्यालयका प्रमुख जयबहादुर भण्डारीले बताए । मन्त्रालय र विभागले तोकेको लक्ष्य अबको डेढ महिनामा हासिल हुने उनको भनाइ छ ।

यस वर्षको राजस्व संकलन वृद्धिदर १०९ प्रतिशतको हाराहारीमा छ । जेठको १५ दिनमा १ अर्ब ६५ करोड राजस्व संकलन भएको छ । नेपालमै सबैभन्दा बढी राजस्व संकलन हुने सीमा नाका नेपालगन्ज भन्सार कार्यालय रहेको भण्डारीले दाबी गरे । आफूहरूले कोरोना महामारीमा राजस्व चुहावट हुन नदिँदा राजस्व बढेको उनले बताए । 'अवैध व्यापार पूर्ण रूपमा नियन्त्रण गरेका छौं, प्रतिकूल समयमा पनि नाकाको जाँचमा कडाइ गरेका छौं,' उनले भने, 'अनुगमन पद्धतिलाई बलियो बनाएकाले तोकेअनुरूप राजस्व संकलन गर्न सफल भएका हौं ।' यस नाकाबाट पेट्रोलियम पदार्थ, सवारी साधन, सिमेन्ट, तोरी, चिनी, चामल, पत्थर कोइला, कपडा, मोटर पार्ट्स आदि बढी आयात हुने गरेको छ । नेपालगन्ज भन्सारको बाटो तेस्रो मुलुकबाट अल्मोनियम स्क्रेप, कपर स्क्रेप, प्लास्टिक, दानालगायत वस्तु पैठारी हुन्छन् ।

हार्दिक समवेदना



जन्मः २०१४
स्वर्गारोहणः २०७८/०२/११

स्व. आशादेवी रौनियार

यस कान्तिपुर पब्लिकेसन्सको प्रादेशिक कार्यालय विराटनगरमा कार्यरत सहकर्मी शोभाकान्त रौनियारको ममतामयी माता **आशादेवी रौनियार**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म वि.सं. १९९१/११/१०
स्वर्गारोहण वि.सं. २०७८/०२/१२

स्व. नन्द माया धिताल

हाम्रा अनन्य मित्र डा. राम प्रसाद धितालज्यूकी ममतामयी माता **नन्द माया धिताल**को स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

डा. गोविन्द राज पोखरेल
डा. दिवस बहादुर बस्न्यात
डिल्ली चौधरी
अनिल पोखरेल
शिव हरि दंगाल
मनोज खड्का
नहकुल के.सी.
भिष्म पण्डित
सञ्जय कुमार शर्मा
प्रेम सागर सुवेदी
प्रदिप बुढाथोकी
प्रकाश सापकोटा
सुनिल शर्मा घिमिरे
पुष्कर मानन्धर

हार्दिक श्रद्धाञ्जली



जन्मः २००६/०९/०२
स्वर्गारोहणः २०७८/०२/११

स्व. कृष्णप्रसाद दाहाल

गणेश हिमाल क्याम्पस र धादिङ बोर्डिङ स्कुलका संस्थापक एवम् न्यु धादिङ बोर्डिङ स्कुलका अध्यक्ष तथा मानव अधिकारकर्मी र एन प्याब्सनका केन्द्रीय सदस्य श्री **कृष्णप्रसाद दाहाल**को असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

अध्यक्ष एवम्
गणेश हिमाल क्याम्पस परिवार

अध्यक्ष एवम्
धादिङ बोर्डिङ स्कुल परिवार

प्रिन्सिपल एवम्
न्यु धादिङ बोर्डिङ स्कुल परिवार

# यार्चा बन्देजले गुजारा खोसियो

## 'यार्चा टिप्न पाटन जाऔं भने सरकारले रोकिदिन्छ, भारत जाउँ भने कोरोनाले काम पाइँदैन'

**भीमबहादुर सिंह** (जाजरकोट), **राजबहादुर शाही** (मुगु) र **हरि गौतम** (रुकुम पश्चिम)



उपल्लो डोल्पाको डोल्पोबुद्ध गाउँपालिकाको सिमेन गाउँमाथिको पाटन । *तस्बिर सौजन्य : पेमा गुरुङ*

जाजरकोटको बारेकोट गाउँपालिका-५, नायकबाडाका रामबहादुर सिंह कोरोना महामारी हुन्थेन भने यतिबेला डोल्पाका पाटनमा यार्चा टिपिरहेका हुन्थे । वैशाख र जेठ महिनामा टिप्ने यार्चाबाटै उनी वर्षभरिका लागि रोजीरोटीको जोहो गर्थे । तर गत वर्ष र यस वर्ष कोरोना महामारीका कारण उनी पाटन जान पाएनन् । उनलाई परिवारको गुजारा कसरी चलाउने भन्ने चिन्ताले सताएको छ ।

यार्चाबाट परिवारको आर्थिक गुजारा चलाउने सिंहजस्तै कर्णालीवासी अहिले ठूलो चिन्तामा छन् । डोल्पाका पाटनमा मात्र विगत वर्षमा करिब २० हजारदेखि ३० हजारसम्म व्यक्ति यार्चा टिप्न जाने गर्दथे । गत वर्ष यार्चा टिप्न नपाएका उनीहरू यस वर्ष कोरोना कम भएकाले पाटन खुल्नेमा ढुक्क थिए । वैशाख १० गतेदेखि डोल्पाका पाटनमा यार्चा संकलन खुलासमेत गरिसकिएको थियो । तर, कोरोनाको दोस्रो लहर बढेसँगै यार्चा संकलनमा प्रतिबन्ध लगाइयो । 'लेकमा ज्यानको बाजी लगाएर टिपेको यार्चा बेचेर घर-व्यवहार चलाइन्थ्यो, कोरोनाले लेक जान दिएन,' उनले भने, 'कमाइको अरू स्रोत छैन, कसरी गुजारा गर्ने हो चिन्तामात्र लाग्छ ।'

पछिल्लो समय यार्चाबाट राम्रो आम्दानी हुन थालेपछि स्थानीयवासीले मजदुरीको लागि भारत जानसमेत छोडेका थिए । अहिले यार्चाका लागि पाटन र मजदुरीको लागि भारत जाने बाटो बन्द भएपछि रोजीरोटीको चिन्ताले सताउन थालेको नलगाड नगरपालिका-३, कट्केका प्रताप चुनाराले बताए । आकाशेपानीको भरमा खेती हुने उनको जग्गामा उब्जेको अनाले मुस्किलले ३ महिनालाई खान पुग्छ । परिवारका कसैको पनि रोजगारी छैन । 'यार्चा टिप्न पाटन जाउँ भने सरकारले रोकिदिन्छ, भारत जाउँ भने कोरोनाले काम पाइँदैन,' उनले भने, 'हामीजस्ता गरिबलाई कोरोनाले दिनुसम्म दुःख दिएको छ ।'

विशेषगरी उपल्लो डोल्पाका मुकोट, धो, फोक्सुन्डो, तिन्जे, खर्क, सालटाङ र मिजेर गाउँका बासिन्दाको आम्दानीको मुख्य स्रोत यार्चा हो । शिक्षक र विद्यार्थीसमेत पाटन जाने हुँदा यार्चा टिप्ने सिजनमा डोल्पा, जाजरकोट, जुम्ला, मुगुका कतिपय विद्यालय बन्द हुने गर्दथे । यार्चा बेचेरै एउटा परिवारले ६० हजारदेखि ६ लाख रुपैयाँसम्म कमाउँथे । डोल्पोबुद्ध गाउँपालिकाका पेमा गुरुङ पछिल्लो समय कृषि-व्यवसाय छोडेर यार्चामा बढी निर्भर हुन थालेका सो क्षेत्रका स्थानीयलाई गुजारा गर्नै मुस्किल हुने बताउँछन् । 'यार्चा बेचेर अनाज किन्ने हामीहरूलाई अब के गरेर पेट पाल्ने भइसक्यो,' उनले भने, 'कोरोनाले त हाम्रो पेट खोसेको छ ।'

डोल्पोबुद्ध गाउँपालिका-५ का वडाध्यक्ष कार्मा लामाका अनुसार यहाँका मान्छेलाई घरको आम्दानीले ६ महिनालाई पनि खान पुग्दैन । यार्चा नबेचे गुजारा चल्दैन । 'अन्यत्रका मान्छेले जस्तो भारत गएर काम गर्ने गरेका छैनन्,' उनले भने, 'जनतामाथिको यो संकट कसरी टार्ने भन्ने चिन्ताले हामीलाई पनि सताएको छ ।'

डोल्पाको स्थानीयवासीले यस वर्ष पाटन खुला गर्नका लागि सम्बन्धित सरकारी निकायसँग आग्रह गरेका थिए । त्यही भएर वैशाख १७ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठकले जेठ १० गतेदेखि यार्चा संकलन खुला गर्ने निर्णय गरेको थियो । तर, कोरोना संक्रमण बढेको भन्दै उक्त निर्णय बदर गरियो । यसबाट डोल्पाका पाटनमा बर्सेनि यार्चा टिप्न जाने व्यक्ति प्रभावित भएका ठूलीभेरी नगरपालिकाका नगर प्रमुख गणेशबहादुर शाहीले बताए । जनताको मागअनुसार यार्चा संकलन खुला गर्ने निर्णय भए पनि कोरोना महामारीले पुनः बन्देज लगाइएको उनको भनाइ छ । 'जिल्लामा कोरोना संक्रमण बढेर आयो, लेकमा गएका एक जनालाई मात्र कोरोना भयो भने अवस्था भयावह हुने देखियो,' उनले भने, 'त्यसैले पाटन खुला गर्ने निर्णय कार्यान्वयन गर्न सकिएन ।'

जाजरकोटका कतिपय व्यक्तिहरू यार्चा टिप्न नपाएपछि मजदुरीका लागि भारत जाने पर्खाइमा छन् । तर कोरोनाको लहर कम नहुँदा कहिले जाने भन्ने अन्योल उत्तिकै देखिन्छ । 'गाउँघरमा काम पाइँदैन, यार्चा टिप्न पनि पाइएन,' चुनाराले भने, 'अब कोरोना घटेपछि भारत जाने हो, त्यो पनि कहिले भन्ने ठेगान भएन ।'

यार्चामा संकलनमा प्रतिबन्ध लगाए पनि कतिपय स्थानीयवासी लुकिछिपी पाटनमा पुगिसकेका छन् । गाउँपालिका र प्रशासनले कडाइ गरेपछि मुगुका पाटनबाट केही मान्छे फर्किनसमेत थालेका छन् । मुगुमकार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्ने लामाले पाटन खुला गर्दा कोरोना संक्रमणको जोखिम उच्च हुने भएकाले प्रतिबन्ध लगाए पनि अवैध रूपमा मान्छेहरू गइरहेका बताए । 'यार्चा जनताको आम्दानीको प्रमुख स्रोत भए पनि कोरोनाको डरले प्रतिबन्ध लगाउन बाध्य छौं,' उनले भने, 'तैपनि पाटनमा लुकीछिपी गइरहेका खबर आएको छ ।'

# विपन्नलाई सुपथमा खाद्य

**कान्तिपुर संवाददाता** (रुकुम पश्चिम)

चौरजहारी नगरपालिकाले सुपथ मूल्यको पसल सञ्चालन गरेको छ । गत वर्षदेखि थालिएको यो पसल यो वर्ष पनि सञ्चालनमा छ । कोरोना महामारीका कारण असजिलोमा रहेकाहरूका लागि भन्दै नगरपालिकाले दुई ठाउँबाट सुपथ मूल्यका सामग्री बिक्रीवितरण गरिरहेको हो । हरेक मगलबार र शुक्रबार नगर प्रहरीले सुपथ मूल्यमा खाद्य सामग्री बिक्रीवितरण गरेका छन् ।

नगरपालिकाले खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट किनेर ल्याएका सामग्री सर्वसाधारणलाई बेचिरहेको हो । खाद्य व्यवस्था तथा व्यापार कम्पनीको शाखा पुग्न सर्वसाधारणलाई टाढा रहेको भन्दै नगरपालिकाले नगरमै त्यस्तै व्यवस्था गरेको हो । १ देखि ९ नम्बर वडा सम्मका लागि २ नम्बर वडाको सेवानजिकै खाद्य सामग्री बिक्रीवितरण केन्द्र तोकिएको छ । १० देखि १४ नम्बर वडाका सर्वसाधारणलाई लक्षित गरी ११ नम्बर वडाको टाटा बजारमा यसको बिक्री केन्द्र राखिएको नगरपालिकाले जनाएको छ । यी पसलबाट दुई खाले मूल्य निर्धारण गरिएको छ । निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबहादुर केसीका अनुसार उपभोक्ता कार्ड लिएका र नलिएकाहरूका हकमा केही फरक मूल्य निर्धारण गरिएको छ । नगरपालिकाबाट उपभोक्ता लिएकाहरूले चामल प्रतिकिलो ५०, चिनी प्रतिकलो ७० र खाने तेल प्रतिलिटर २ सय २० रुपैयाँ किन्न पाइरहेका छन् । उपभोक्ता कार्ड नपाएकाहरूले भने चामल प्रतिकिलो ५५, चिनी ८० र तेल प्रतिलिटर २ सय ३० रुपैयाँमा किन्न पाइरहेका छन् । केही समय नगरपालिकाले सुपथ मूल्य पसल सञ्चालन स्थगित गरेको थियो । कोरोनाका कारण सर्वसाधारणलाई समस्या परेको भन्दै नगरले फेरि निरन्तरता दिएको हो ।

गत वर्षको कोरोना महामारीका कारण नगरपालिकाले नगरवासीलाई उपभोक्ता कार्ड वितरण गरेको थियो । राहत वितरणमा सजिलो हुने भन्दै मापदण्डका आधारमा अति विपन्न परिवारलाई उपभोक्ता कार्ड प्रदान गरेको थियो । त्यही कार्डका आधारमा सुपथ मूल्य पसलका साथै अरूअरू काममा पनि नगरपालिकाले छुट दिने गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत केसीले बताए । नगरपालिकाले उपभोक्ता कार्ड वितरण गरेपछि हरेक कामकाज, योजना निर्माण र कार्यान्वयनमा सजिलो भएको छ । ९ नम्बरका चित्रबहादुर बोहराले नगरपालिकाले उपभोक्ता कार्ड बनाएर सेवा सुविधा वितरणमा न्यायोचित काम गरिरहेको बताए । कार्ड वितरणका लागि नगरपालिकाले हरेक वडाका

### उपभोक्ता कार्डले सेवा सुविधा वितरण न्यायोचित

सर्वसाधारणका बारेमा बुझेको थियो । सोही आधारमा आफूहरूले कार्ड पाएको र नगरपालिकाको सेवा सुविधा पाइरहेको बोहराले बताए । 'यसले हामीलाई राहत भएको छ नै,' उनले भने, 'नगरलाई पनि सजिलो भइरहेको होला भन्ने हामीले बुझेका छौं ।'

चौरजहारीका नगरप्रमुख विशाल शर्माले विपन्न परिवारको सहजताका लागि सुपथ मूल्य पसल सञ्चालन गरिरहेको बताए । असजिलो र अप्ठ्यारो समयमा जनतासित सरकार हुनुपर्ने भएकाले नगरपालिकाले त्यो कोसिस गरिरहेको नगरप्रमुख शर्माको भनाइ छ । नगरवासीका निम्ति बनेको सरकारले नगरवासीलाई त्यसको प्रत्याभूति दिलाउनुपर्ने भन्दै चौरजहारी नगर सरकार त्यसका लागि निरन्तर लागिरहेको नगरप्रमुख शर्माले बताए ।

# बजेट अभावले काममा ढिलाइ

**तुलाराम पाण्डे** (कालीकोट)



कर्णाली राजमार्गबाट कर्णाली करिडोर जोड्ने जितेको झोलुंगे पुलबाट आवतजावत गर्दै स्थानीय । *तस्बिर : तुलाराम/कान्तिपुर*

कर्णाली करिडोरअन्तर्गतको कालीकोटको खुलालु हुँदै हुम्ला सदरमुकाम सिमकोट जोड्ने सडक बजेट अभावले काममा ढिलाइ भएको छ । दुई वर्षभित्र निर्माणको काम पूरा गर्ने गरी पाँच वर्षअघि सडक निर्माणको काम थालिएको थियो ।

संघीय सरकारले शनिबार ल्याएको बजेटमा पनि दुई वर्षभित्र हुम्लामा सडक पुऱ्याउने घोषणा गरिएको छ । तर कडा चट्टान, पर्याप्त बजेटको अभाव र निकासामा हुने गरेको ढिलासुस्तीले आगामी दुईभित्र पनि सडक हुम्लाको सदरमुकाम पुग्नेमा आशंका रहेको स्थानीयको भनाइ छ । 'सरकारले सडक पुऱ्याउने भन्न थालेको त वर्षौं भइसक्यो,' हुम्लाका नागरिक अगुवा रमेश ऐडीले भने, 'सबै सरकारले वाचा गर्छन् तर कहिल्यै पूरा गर्दैनन् ।' उनले सेनाले जिम्मा लिएको सल्लीसल्लासम्मको ट्र्याक खुले पनि सर्केघाटदेखि बाक्चेगौडासम्मको १३ किमि चट्टान भएको भागमा काममा ढिलाइ भएको बताए ।

उनका अनुसार ठेकेदारको लापरबाहीले पनि केही खण्डमा काममा ढिलाइ भएको छ । 'कडा चट्टान भएको बाँकी खण्ड पनि सेनालाई दिए त सम्भव होला,' उनले भने, 'नत्र सरकारी लक्ष्य पूरा हुन गाह्रै छ ।' उनका अनुसार सडकको अधिकांश ठाउँमा पुल बन्न बाँकी छ । गत साउनको बाढीले बगाएको कालीकोटको फुगाडखोलाको बेलिब्रिज अझै बनेको छैन ।

अन्य ठाउँमा पुल निर्माण गर्न प्रक्रिया थालिएको सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख लीलाबहादुर भण्डारीले बताए । उनका अनुसार कालीकोटदेखि हुम्लासम्म १५ वटा पक्की पुलको ठेक्का हुन लागेको हो । 'ठेक्का प्रक्रिया सकिएसँगै पुल निर्माणको कामलाई तीव्रता दिइनेछ,' उनले भने, 'ठेकेदारलाई ताकेता गरिएपछि विभिन्न खण्डमा सडक निर्माणले पनि गति लिएको छ ।' कार्यालयका अनुसार कर्णाली राजमार्गसँग जोड्न कर्णाली नदीको खुलालुमा पक्की पुल निर्माण भइरहेको छ । चालु आर्थिक वर्षभित्र उक्त पुल निर्माणको काम सक्ने कार्यालयको योजना छ । कहिले बजेटको अभाव त कहिले ठेकेदारले समयमा काम नगर्दा बजेट फ्रिज जाने समस्याले कर्णाली करिडोर निर्माणमा समस्या भएको हो । संघीय सरकारले करिडोरलाई भारतको रुपैडियादेखि चीनको हिल्सासम्म जोड्ने योजना अघि सारेको छ । ०७१ चैत्र ५ गतेको मन्त्रिपरिषद्को बैठकले कालीकोटको खुलालुदेखि हुम्लाको सल्लीसल्लासम्मको १ सय ४५ किमि सडक निर्माणको जिम्मा सेनालाई दिएको थियो । सेनालाई जिम्मा दिएसँगै कामले गति लिए पनि त्यसमाथि निर्माण व्यवसायीले ठेक्काको काम पूरा सकेका छैनन् । अहिलेकै कामको रफ्तार र बजेटले सरकारी लक्ष्य पूरा हुन सक्ने अवस्था नरहेको सर्केघाटका देउमल रोकायाले बताए ।

कालीकोटको खुलालुदेखि हुम्ला सदरमुकाम सिमकोटसम्म १ सय ९६ किमि दूरी छ । कालिकोटको खुलालुदेखि बाजुराको लैफुसम्म ४०, लैफुदेखि हुम्ला सिमानासम्म ४३ र हुम्ला खण्डमा १ सय १३ किमि सडक पर्छ ।

### सुर्खेत-खुलालु खण्ड दुई लेन

सरकारले शनिबार प्रस्तुत गरेको बजेटमा कर्णाली राजमार्गअन्तर्गत सुर्खेतदेखि खुलालुसम्मको सडक दुई लेन बनाउने उल्लेख छ । रारा जोड्ने नाग्म-गमगढी सडकको स्तरोन्नति र खुलालुसम्म दुई लेन बनाउन सरकारले यस वर्ष १ अर्ब २० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । खुलालु कर्णाली करिडोरको प्रस्थान विन्दु हो । खुलालुसम्म दुई लेन सडक बने आवागमनमा निकै सहज हुने एमाले कालीकोटका अध्यक्ष नगिन्द्र शाहीले बताए ।

# निषेधाज्ञामा मूल्य वृद्धि

**विप्लव महर्जन** (सल्यान)



सल्यानको बन्गाडकुपिण्डे नगरपालिकाको सल्लीबजारस्थित एक पसलमा अनुगमन गर्दै जिल्ला प्रशासन कार्यालयको टोली । *तस्बिर : विप्लव/कान्तिपुर*

कोरोना महामारी र निषेधाज्ञाको निहुँ बनाएर व्यापारीले दैनिक उपभोग्य सामग्रीमा चर्को मूल्य वृद्धि गरेका छन् । उत्पादन कम्पनीहरूले नै मूल्य बढाएको र ढुवानी भाडा महँगो भएको भन्दै उनीहरूले भाउ बढाएका हुन् ।

जिल्लाका व्यापारिक केन्द्रमा एक महिनाअघि १ सय ८० रुपैयाँ प्रतिलिटर पर्ने खानेतेलको मूल्य अहिले २ सय ७५ रुपैयाँ पुगेको छ । चामलमा प्रतिबोरा ५० देखि १०० र तरकारीमा प्रतिकिलो ४० देखि ५० रुपैयाँ मूल्य वृद्धि गरिएको उपभोक्ताको गुनासो छ । फलफूलको मूल्य पनि अकासिएको स्थानीय कमल शर्माले बताए । व्यापारीले दैनिक सामानको मूल्य बढाउँदा विपन्न नागरिक बढी समस्यामा परेका छन् । 'एक त महामारीका कारण अधिकांशको रोजगारी गुमेको छ,' उनले भने, 'त्यसैमा मूल्य नथेग्ने गरी बढ्दा कम आयस्रोत भएकालाई मर्का पऱ्यो ।' सामानको मूल्य बढेपछि ऋण लिएर जीविकोपार्जनको विकल्प नभएको उनले गुनासो गरे । तेल, चामल, पिठोलगायत उपभोग्य सामग्रीको मूल्य अचाक्ली बढेको श्रीनगरकी विमला रोकायाले बताइन् । उनका अनुसार वैशाख दोस्रो सातासम्म 'व्यापारीले आफूखुसी मूल्य बढाए, हामीलाई पेट पाल्नै मुस्किल भयो,' उनले भनिन्, 'सरकारी निकायले अनुगमन नगर्दा व्यापारीको मनपरी बढेको छ ।'

मूल्य बढेपछि दैनिक उपभोग्य वस्तु किनेर प्रयोग गर्न गाह्रो भएको बन्गाडकुपिण्डे नगरपालिकास्थित सल्लीबजारका दलबहादुर रानाले बताए । 'यो बेला त झन् विपन्न नागरिकका लागि सुपथ मूल्य पसल खुल्नुपर्ने हो,' उनले भनिन्, 'यस्तै अवस्था रहे पेटभरि खान पनि समस्या हुने देखियो ।' उनले लकडाउनका कारण मजदुरी गर्न नपाएको बताइन् । सम्पतिका नाममा एउटा घर र एक रोपनी जग्गा मात्र हुँदा परिवारका चार सदस्यले मजदुरी गर्दै आएको उनको भनाइ छ ।

प्रभावकारी अनुगमन नहुँदा १० मिटरका पसलमा पनि फरकफरक मूल्यमा सामान किन्नुपरेको सल्लीबजारका गेदलाल बोहराले बताए । 'सामान उही हो, परिणाम पनि उही,' उनले भने, 'नजिकैका पसलमा पनि दुई थरी मूल्य हुन्छ ।' उनले अधिकांश व्यापारीले मूल्यसूची टाँस्न छोडेको बताए । व्यापारीले मनपरी मूल्य बढाएर सर्वसाधारणको ढाड सेक्ने काम गरेको उनको भनाइ छ । ठूलो परिणाममा पुरानो सामान मौज्दात गरेका व्यवसायीले मूल्य बढाउँदा उपभोक्ता मारमा परेको उद्योग वाणिज्य संघका अध्यक्ष कुमार बुढाथोकीले बताए । उनका अनुसार निषेधाज्ञाको समयमा म्याद नाघेका वस्तुहरू पनि भेटिने क्रम बढेको छ । 'ठूला व्यापारीले मनपरी मूल्य बढाउँदा सामान व्यवसायीसमेत मर्कामा छन्,' उनले भने, 'केही सामानको मूल्य भने कम्पनीबाटै बढेको छ ।' उनका अनुसार निषेधाज्ञाको समयमा खानेतेलको मूल्य करिब २५ प्रतिशतले बढेको छ । उपभोक्तालाई महँगीको मारमा पर्न नदिन व्यापारीसँग रहेको पुराना स्टक सामग्रीको लगत संकलनको काम भइरहेको संघले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञाका बेला कालोबजारी बढेको गुनासो आएपछि सहायक प्रमुख जिल्ला अधिकारी थमन खड्काको संयोजकत्वमा अनुगमन टोली गठन गरेको छ । मूल्य बढाएको गुनासो आएपछि नियमित बजार अनुगमन गरिएको खड्काले बताए । उनका अनुसार पसल अनुगमन गर्दा अधिकांशले मूल्य सूची नराखेको र उपभोक्तालाई बिल नदिएको पाइएको छ । 'पहिलो चरणमा कैफियत भेटिएका व्यापारीलाई सुध्रन चेतावनी दिइएको छ,' उनले भने, 'उपभोक्ताले सप्रमाण उजुरी दिए बढी मूल्य लिने व्यवसायीमाथि कारबाही हुनेछ ।'

# संक्रमितको मृत्यु

सल्यान (कास)- चार दिनसम्म मृत्युदर शून्य भएको सल्यानमा शुक्रबार एक कोरोना संक्रमितको मृत्यु भएको छ । त्रिवेणी गाउँपालिका-४ का ७७ वर्षीय कोरोना संक्रमितको जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

उनको एक साताअघि कोरोना संक्रमण पुष्टि भएको थियो । श्वासप्रश्वास प्रक्रियामा गम्भीर समस्या देखिएपछि उनको मृत्यु भएको जिल्ला स्वास्थ्य सेवा कार्यालयले जनाएको छ । कार्यालयका अनुसार योसँगै जिल्लामा कोरोनाबाट मृत्यु हुनेको संख्या ५७ पुगेको छ । जिल्लाभित्र ४७ र बाहिर १० जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको कार्यालयका कोरोना नियन्त्रण फोकल पर्सन रिखाराम पुनले बताए । सल्यानमा कोरोना संक्रमितको संख्या १ हजार ८ सय ४१ पुगेको छ । तीमध्ये ८ सय ४७ सक्रिय संक्रमित छन् । उनले ८ सय ८ जनाको होम आइसोलेसनमा रहेको बताए । जिल्लामा अहिलेसम्म ९ सय ४९ जना उपचारपछि घर फर्किएका छन् ।

## हार्दिक समवेदना



जन्मः २०१४
स्वर्गारोहणः २०७८/०२/११

**स्व. आशादेवी रौनियार**

यस कान्तिपुर पब्लिकेसन्सको प्रादेशिक कार्यालय विराटनगरमा कार्यरत सहकर्मी शोभाकान्त रौनियारको ममतामयी माता **आशादेवी रौनियार**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार**

## हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. १९९१/११/१०
स्वर्गारोहण
वि.सं. २०७८/०२/१२

**स्व. नन्द माया धिताल**

हाम्रा अनन्य मित्र डा. राम प्रसाद धितालज्यूकी ममतामयी माता **नन्द माया धिताल**को स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

डा. गोविन्द राज पोखरेल
डा. दिवस बहादुर बस्न्यात
डिल्ली चौधरी
अनिल पोखरेल
शिव हरि दंगाल
मनोज खड्का
नहकुल के.सी.
भिष्म पण्डित
सञ्जय कुमार शर्मा
प्रेम सागर सुवेदी
प्रदिप बुढाथोकी
प्रकाश सापकोटा
सुनिल शर्मा घिमिरे
पुष्कर मानन्धर

## हार्दिक श्रद्धाञ्जली



जन्मः २००६/०९/०२
स्वर्गारोहणः २०७८/०२/११

**स्व. कृष्णप्रसाद दाहाल**

**गणेश हिमाल क्याम्पस र धादिङ बोर्डिङ स्कुलका संस्थापक एवम् न्यु धादिङ बोर्डिङ स्कुलका अध्यक्ष तथा मानव अधिकारकर्मी र एन प्याब्सनका केन्द्रीय सदस्य श्री कृष्णप्रसाद दाहालको असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।**

अध्यक्ष एवम्
**गणेश हिमाल क्याम्पस परिवार**

अध्यक्ष एवम्
**धादिङ बोर्डिङ स्कुल परिवार**

प्रिन्सिपल एवम्
**न्यु धादिङ बोर्डिङ स्कुल परिवार**

# संक्रमण र मृत्युदर घट्यो

## अहिले बिरामी भर्ना हुने संख्याभन्दा डिस्चार्ज हुनेको संख्या बढी छ



टीकापुर अस्पतालमा उपचारका लागि आएका बिरामी । फाइल तस्बिर : कान्तिपुर

**गणेश चौधरी** (टीकापुर)

कैलालीको टीकापुर अस्पतालमा उपचाररत कोरोना संक्रमित र बिरामीको मृत्युदर घट्दै गएको छ । संक्रमितको संख्या पनि दिनहुँ कम हुन थालेको छ ।

केही दिनअघिसम्म कोरोना संक्रमित ८ जनासम्मको एकै दिन ज्यान गएको थियो । हाल यो क्रम घट्दै गएर टीकापुर अस्पतालमा दिनमा एक जनाको मात्र मृत्यु भएको तथ्यांक छ ।

अस्पतालमा जेठ १५ गते मृत्युदर शून्य छ । १६ देखि २० गतेसम्म दिनमा एक जनाको मात्र मृत्यु भएको अस्पतालले जनाएको छ ।

कोरोना संक्रमित नयाँ बिरामी भर्ना हुने संख्याभन्दा डिस्चार्ज हुनेको संख्या बढी छ । १५ देखि २० गतेको अवधिमा अस्पतालमा उपचाररत ३४ जना डिस्चार्ज भएका छन् भने २४ जना नयाँ भर्ना भएका छन् ।

वैशाखको अन्तिम र जेठको पहिलो साता कोरोना संक्रमित बिरामीको मृत्युदर निकै बढी थियो । एकैदिन धेरैको संख्यामा मृत्यु भइरहेको थियो । वैशाख २६ गते ६ जना र वैशाख २७ गते ८ जनाको मृत्यु भएको थियो । 'एकै दिन ८ जना कोरोना संक्रमितको ज्यान गयो । अहिले मृत्यु हुने कम भएको छ,' अस्पतालका प्रमुख डा. रेमकुमार राईले भने ।

अस्पतालले उच्च उपचार कक्ष (एचडीयू) को व्यवस्थापन गरी कोरोना संक्रमितको उपचार सुरु गरेको र स्थानीयस्तरमा अक्सिजन अभियान सञ्चालन गरी अक्सिजन आपूर्ति सहज भएपछि कोरोना संक्रमित बिरामीको ज्यान जोगिन थालेको हो ।

केही दिनअघि अस्पतालमा उपचारका लागि आउने बिरामीको संख्या र मृत्यु हुने क्रम निकै बढी थियो । बिरामीको अस्पतालको बरन्डामा राखेरसमेत उपचार गर्नुपरेको थियो । 'स्थिति नियन्त्रणभन्दा करिब बाहिर गइसकेको अवस्था थियो । सीमित स्वास्थ्यकर्मीले धान्न मुस्किल भइरहेको थियो,' डा. राईले भने, 'त्यसैमाथि अक्सिजनको चरम अभाव हुन पुग्यो । तर स्थिति अहिले नियन्त्रणतर्फ अघि बढेको छ ।'

टीकापुर अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा. राईले अस्पतालको टिमले पनि कोरोना संक्रमित बिरामीको उपचारमा राम्रो भूमिका निर्वाह गरेको र स्थानीय स्तरबाट पनि अक्सिजनको व्यवस्थापनमा सहयोग भएपछि कोरोना संक्रमित बिरामीको मृत्युदर कम हुँदै गएको बताए । उनले भने, 'सिरियस बिरामीलाई एचडीयूमा सामान्यलाई जनरल वार्डमा र कतिपयलाई अब्जरभेसनमा राखेर उपचार थाल्यौं । सबैको सहयोगले संक्रमित बिरामी मर्ने संख्यामा कमी आएको छ ।'

टीकापुर अस्पतालमा उपचाररत निको भएर डिस्चार्ज भएका १ सय २० जना र हालसम्म अस्पतालमा कोरोना संक्रमित ४५ जनाको मृत्यु गएको अस्पतालले जनाएको छ । अस्पतालमा बिहीबारको कोरोना संक्रमित तथ्यांकअनुसार एचडीयूमा ९ जना, जनरल वार्डमा १० जना र अब्जरभेसनमा ८ जना गरी २७ बिरामी उपचाररत छन् ।

# कञ्चनपुरमा भर्ना हुने घटे

**भवानी भट्ट** (कञ्चनपुर)

केही दिनयता कोरोना संक्रमण घट्दै गएर अस्पतालमा बिरामीको चाप पनि कम हुन थालेको छ । कञ्चनपुरमा नयाँ भर्ना हुने बिरामीको संख्या दैनिक एक/दुई जना मात्रै छ । तर संक्रमणबाट मृत्यु हुने दर भने घट्न सकेको छैन । कञ्चनपुरमा दैनिक ४/५ जनाको मृत्यु भइरहेको छ ।

सोमबार पनि कञ्चनपुरका कोरोना संक्रमित तीन जनाको मृत्यु भएको छ । एक जनाको महाकाली अस्पतालमा र दुई जनाको सेती प्रादेशिक अस्पतालमा मृत्यु भएको हो । आइतबार जिल्लामा पाँच जनाको मृत्यु भएको थियो । शनिबार पनि यहाँ तीन जनाको मृत्यु भएको थियो ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार हालसम्म जिल्लामा कोरोनाबाट १ सय ६९ जनाको मृत्यु भइसकेको छ । केही दिनयता संक्रमणको दर घटेसँगै निको हुने दर पनि बढेको छ । तर संक्रमणका कारण मृत्यु हुने दर घट्न सकेको छैन ।

'पछिल्लो समय संक्रमणका कारण मृत्यु हुने ट्रेन्ड पनि फेरिएको छ,' महाकाली अस्पतालका कोभिड फोकल पर्सन डा. गोविन्द रोकायाले भने, 'सुरुमा युवाहरू बढी जोखिममा थिए भने अहिले वृद्धवृद्धाहरू र दीर्घरोगीहरूमा बढी समस्या देखिएको छ ।' उनका अनुसार कोरोना संक्रमणका कारण दुई साताअघिसम्म युवा उमेरका व्यक्तिको मृत्यु भइरहेको थियो । अहिले ६०/७० वर्षमाथिको उमेरका व्यक्तिमा बढी समस्या देखिन्छ । पछिल्लो समय रक्तचाप, मधुमेहलगायत दीर्घरोगीहरू संक्रमणको चपेटामा परेका कारण मृत्युदर घट्न नसकेको उनले बताए ।

महाकाली अस्पतालमा सोमबार एक जनाको मृत्यु भएको छ । कैलालीको लम्कीका एक जनालाई आइतबार राति आईसीयूमा भर्ना गरिएको थियो । डा. रोकायाका अनुसार अन्तिम अवस्थामा अस्पताल पुगेका उनको आइतबार राति नै मृत्यु भएको हो ।

महाकाली अस्पतालमा उपचाररत संक्रमित बिरामीको हृदयाघातका कारण पनि मृत्यु भएको छ । संक्रमणका कारण रगत बाक्लो हुँदा हृदयाघातले तीन जनाको मृत्यु भएको परीक्षणबाट पुष्टि भएको डा. रोकायाले बताए । 'यसका लागि अहिले हामीले परीक्षण पनि बढाएका छौं, रगत बाक्लो हुन नदिन सावधानी अपनाएका छौं,' उनले भने, 'पछिल्लो समय सबै संक्रमित समयमै भर्ना हुन थालेका छन् ।'

उनका अनुसार सोमबार महाकाली अस्पतालमा १ जना नयाँ संक्रमित भर्ना भएका छन् । यहाँ ३६ जनाको उपचार भइरहेको छ । थप ५ जनामा कोरोनाको लक्षण देखिए पनि पीसीआर रिपोर्ट नेगेटिभ आएको छ । उनीहरूलाई अन्य वार्डमा राखिएको छ । 'लक्षण हेर्दा कोरोना जस्तै देखिन्छ, बिरामीको अवस्था पनि गम्भीर छ,' डा. रोकायाले भने, 'एक/दुई दिनमा उनीहरूको पुनः परीक्षण गरिनेछ, अर्को भेरिएन्ट पनि हुन सक्ने अनुमान छ, तर त्यसको परीक्षण यहाँ सम्भव छैन ।'

संक्रमण समुदायस्तरमै फैलिएका कारण संक्रमण घटे पनि मृत्युदर घट्न नसकेको स्वास्थ्य कार्यालय कञ्चनपुरका जनस्वास्थ्य निरीक्षक सिद्धराज भट्ट बताउँछन् । उनका अनुसार अस्पतालमा गम्भीर बिरामी बढी भएकाले मृत्युदर बढी भएको हो । अबको केही दिनमा संक्रमितको संख्या घटेसँगै मृत्युदर पनि घट्दै जाने उनले बताए ।

> संक्रमणका कारण रगत बाक्लो हुँदा हृदयघातले तीन जनाको मृत्यु: चिकित्सक

पछिल्लो समय स्थानीय तहहरूले वडास्तरमा पनि परीक्षण सुरु गरेका छन् । जिल्लाका सबै स्थानीय तहले एन्टिजेन र पीसीआर विधिबाट परीक्षणको दायरा बढाएकाले केही दिनमै संक्रमण नियन्त्रणमा आउने जनस्वास्थ्य निरीक्षक भट्टले बताए । सोमबारदेखि भीमदत्त नगरपालिका र वेदकोट नगरपालिकाले वडामै पुगेर परीक्षण सुरु गरेका हुन् । भीमदत्त नगरपालिकामा २ सय २३ जनाको परीक्षण गर्दा १३ जनामा संक्रमण पुष्टि भएको छ ।

'पर्याप्त मात्रामा किट आएको छ, सबै पालिकाले परीक्षणको दायरा बढाएका छन्,' भट्टले भने, 'एक/दुई दिनमा जिल्लामा संक्रमणको अवस्था बाहिर आउँछ ।' स्वास्थ्य कार्यालयका अनुसार सोमबार जिल्लामा ६८ जना नयाँ संक्रमित थपिएका र ९९ जना संक्रमण मुक्त भएका छन् । जिल्लामा ५ सय ७९ जना सक्रिय संक्रमित छन् ।

# टिंकरमा खटिए प्रहरी

**मनोज बडू** (दार्चुला)

व्यास गाउँपालिका-१ टिंकरस्थित सीमा प्रहरीचौकीमा अन्य वर्षभन्दा एक महिना ढिलो गरी प्रहरी खटिएको छ । शनिबार हेलिकप्टरबाट बस्दोबस्तीको सामान लगेर सदरमुकामबाट प्रहरी टोली टिंकर पुगेको हो ।

यसअघि टिंकरस्थित प्रहरी वैशाख तेस्रो सातासम्म सीमा चौकीमा पुगिसक्थ्यो । यसपालि हिमपातको समस्या देखाएर एक महिना ढिलो गरी प्रहरी टोली उक्लिएको स्थानीयले बताएका छन् । त्यहाँ कार्यरत १३ जनाको हातहतियार, बस्दोबस्तीको सामान ढुवानी गर्न साधन नपाइदा प्रहरी ढिला खटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । टिंकरका स्थानीय भने यसपालि वैशाख दोस्रो साता सदरमुकामबाट कुन्चा (बेंसीबाट उक्लिएका) सरेका थिए । 'प्रहरी हेडक्वार्टरले टिंकरमा प्रहरी खटाउनका लागि हेलिकप्टरको व्यवस्था गरिदिएको हो,' दार्चुला प्रहरीका प्रमुख डीएसपी मनोहरप्रसाद भट्टले भने, 'प्रहरी नायब निरीक्षकको कमाण्डमा १३ जनाको टोली टिंकर सीमा चौकीमा खटिएको छ ।' हेलिकप्टरबाट नै प्रहरीलाई ६ महिनालाई पुग्ने खाद्यान्न, बस्दोबस्तीका सामान, हतियार, खानेपानीको पाइपलगायतका अत्यावश्यक वस्तु ढुवानी गरिएको उनले बताए ।

> हेलिकप्टरबाट प्रहरीलाई ६ महिनालाई पुग्ने खाद्यान्न, बस्दोबस्तीका सामान ढुवानी

छाङरुबाट टिंकरको सीमा प्रहरी चौकी टाढा भएकोले ढुवानीको व्यवस्था नहुँदा समयमै खटाउन अप्ठ्यारो भएको डीएसपी भट्टले बताए । हिउँदमा अघिल्लो वर्षसम्म टिंकर र सीतापुलको प्रहरी टोली व्यास गाउँपालिका-२ स्थित दुम्लिङ झर्थ्यो । यसपालि व्यासको छाङरुमा रहेको सशस्त्र प्रहरीसँगै बसेको थियो । दुईवटै चौकीका जनशक्ति बस्न ठाउँको समस्याका कारण केही जनशक्ति सदरमुकाम झरेको थियो ।

सदरमुकाम झरेको जनशक्ति पठाउनलाई समस्या भएको हुँदा प्रहरीलाई टिंकर जान ढिलो भएको डीएसपी भट्टले बताए ।

अघिल्ला वर्ष भारतीय बाटो प्रयोग गरी प्रहरी व्यास क्षेत्रमा पठाइन्थ्यो । यसपालि कोरोनाको कारण नाका बन्द रहेको र ढुवानीको साधन पनि पाउन नसकिएकाले वैकल्पिक व्यवस्था गर्नुपरेको हो । शनिबार सदरमुकामबाट प्रहरी जनशक्ति र खाद्यान्नसहित बन्दोबस्तीका सामान बोकेको हेलिकप्टर टिंकरमै अवतरण गराइएको हो । हेलिकप्टरले ६ ट्रिप टिंकर र ३ ट्रिप सीतापुल चौकीको ओसारपसार गरेको थियो ।

# बाँझो जग्गामा सामूहिक खेती

## 'ताजा तरकारी पनि खान पाइने भएकोले धेरैजसो बारीमै पुग्छन्'

**वसन्तप्रताप सिंह** (बझाङ)

सधैंजसो बाँझो देखिने जग्गामा अहिले लहलह तरकारी फलेको छ । बारीभरि प्याज गोलभेंडा, काँक्रा, फर्सी, सिमी लटरम्म छन् । कतै भण्टा खुर्सानी त कतै बन्दा, काउली, मकै र अर्को छिमल सिमी उम्रिन थालेका छन् । यो बझाङको जयपृथ्वी नगरपालिकाको-९ सिमखेतनजिक सेती किनारमा देखिएको दृश्य हो ।

प्रायः बाँझो छोड्ने गरिएको यो जग्गालाई हराभरा बनाएका हुन्, जनकल्याण देवल कृषक समूहका सदस्यहरूले । बरु जग्गा बाँझै छोड्ने तर सामूहिक खेतीमा पद्धतिमा विश्वास नगर्ने यहाँका कृषकका लागि देवलका किसानहरूले गरेको यो प्रयास उदाहरण बनेको छ ।

जयपृथ्वी नगरपालिका वडा नं ८ र ९ का २३ जना कृषकहरू मिलेर गत कात्तिकबाट सुरु गरेको सामूहिक तरकारी खेतीको यो अभ्यास हेर्न र बारीमै पुगेर ताजा तरकारी किन्न आउनेहरूको संख्या दिन प्रतिदिन बढ्दो छ । उसो त यो ठाउँ सदरमुकाम चैनपुर नजिकै रहेकोले बजारको समस्या पनि छैन । 'बिहानको समयमा मर्निङवाक पनि हुने र ताजा तरकारी पनि खान पाइने भएकोले धेरै जसो बारीमै पुग्छन्,' समूहका सचिवसमेत रहेका तरकारी खेतीका व्यवस्थापक कृष्णराज कोइरालाले भने, 'बारीमै किन्न आउनेलाई उतिखेरै टिपेर ताजा तरकारी दिने गरेका छौं । मूल्यमा पनि बजारको भन्दा केही सस्तोमा दिन्छौं ।'

बारीमा तरकारी किन्न आउने ग्राहकहरू आफ्नै हातले टिपेको ताजा तरकारी बजारको मूल्यभन्दा सस्तो पाउने भएकोले खुसी हुने गरेको समूहकी कर्मचारी पूजा चलाउनेले बताइन् । 'आफैं तरकारी टिपेर लैजान्छन । कोही फोटो भिडियो खिचेर रमाउँछन्,' उनले भनिन् ।



जयपृथ्वी नगरपालिका–९ स्थित सिमखेत बगरमा गरिएको सामूहिक तरकारी खेती । तस्बिर : वसन्तप्रताप/कान्तिपुर

सरकारी तथा गैरसरकारी क्षेत्रबाट अनुदान पाएसम्म खेती गर्ने र अनुदान आउन छोडेपछि खेतीलाई निरन्तरता नदिने चलन पनि बझाङ जिल्लाको व्यावसायिक कृषि क्षेत्रको रोगजस्तै भएको छ । तर यो समूहले भने यो मान्यताको ठीक विपरीत छ ।

समूहका सदस्यहरूले हालसम्म कतैबाट अनुदान लिएका छैनन् । बरू प्रत्येक सदस्यबाट रकम उठाएर १४ रोपनी जमिनमा फलामे तारबार लगाएका छन् । बारीमा बेमौसमी खेती गर्नका लागि प्लास्टिक घर निर्माण गरेका छन् । भैंसी पाल्नका लागि गोठ र चौकीदार तथा कर्मचारी बस्नका लागि फलामे ट्रस्टसहितको घर छ । 'अहिलेसम्म कुनै अनुदान लिएका छैनौं । ६ महिनासम्म हामीहरू सबै खटेर मिलेर काम गर्‍यौ,' समूहका सदस्यसमेत रहेका वडा नं ९, का वडा अध्यक्ष बजिर खड्काले भने, 'अहिले तीन जना कर्मचारी राखेका छौं । बिहान बेलुका हामीले पनि हेर्ने गरेका छौं ।'

कात्तिकबाट सुरु गरेको यो सामूहिक खेतीले चैतदेखि आम्दानी दिन सुरु गरेको छ । मासिक १ लाखको हाराहारीमा तरकारी बिक्री हुने गरेको छ । केही दिनभित्रै तीनवटा भैंसी ल्याउने तयारी समूहको छ । मल पनि बारीमै उत्पादन गर्ने र पूर्ण रूपमा प्रांगारिक तरकारी उत्पादन गर्ने लक्ष्यका साथ भैंसी पाल्ने तयारी गरिएको हो । हाल १४ रोपनी जग्गामा तरकारी खेती गरेको भए पनि भविष्यमा यसको क्षेत्र बढाउने योजना रहेको समूहका अध्यक्ष नरेन्द्र खड्काले बताए । 'मासिक पाँच /सात लाख आम्दानी हुने गरी दूध र तरकारी बिक्री गर्ने लक्ष्यका साथ हामी काम गरिरहेका छौं,' उनले भने, 'विस्तारै यो बगरको सबै जग्गामा तरकारी खेती गर्ने सोच बनाएका छौं ।'

देवलका किसानहरूले सामूहिक खेती प्रणालीमा नमुनाको रूपमा काम गरेकोले यो पद्धति अन्य ठाउँमा पनि विस्तार गर्न प्रोत्साहन गर्ने सोच बनाएको कृषि ज्ञान केन्द्रका प्रमुख टेकबहादुर विष्टले बताए । 'आफैं बीउँपुजी संकलन गरेर उहाँहरूले सुरु गर्नुभएको व्यावसायिक खेतीको नमुना उदाहरणीय छ,' प्रमुख विष्टले भने, 'अब हामीले यस्तै मोडलमा जिल्लाका अरू क्षेत्रका किसानहरूलाई पनि संगठित गर्ने सोच बनाएका छौं । आगामी वर्ष सामूहिक खेतीलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू पनि राखेका छौ ।' उनले जनकल्याण कृषक समूहलाई प्रोत्साहन गर्न प्रांगारिक मल, प्रविधि र प्राविधिक सहयोग गरेको बताए ।


## हार्दिक समवेदना



जन्म: २०१४

स्वर्गारोहण: २०७८/०२/११

**स्व. आशादेवी रौनियार**

यस कान्तिपुर पब्लिकेसन्सको प्रादेशिक कार्यालय विराटनगरमा कार्यरत सहकर्मी शोभाकान्त रौनियारको ममतामयी माता **आशादेवी रौनियार**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार**

## हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. १९९१/११/१०

स्वर्गारोहण
वि.सं. २०७८/०२/१२

**स्व. नन्द माया धिताल**

हाम्रा अनन्य मित्र डा. राम प्रसाद धितालज्यूकी ममतामयी माता **नन्द माया धिताल**को स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | |
|---|---|
| डा. गोविन्द राज पोखरेल | भिष्म पण्डित |
| डा. दिवस बहादुर बस्न्यात | सञ्जय कुमार शर्मा |
| डिल्ली चौधरी | प्रेम सागर सुवेदी |
| अनिल पोखरेल | प्रदिप बुढाथोकी |
| शिव हरि दंगाल | प्रकाश सापकोटा |
| मनोज खड्का | सुनिल शर्मा घिमिरे |
| नहकुल के.सी. | पुष्कर मानन्धर |

## हार्दिक श्रद्धाञ्जली



जन्म: २००६/०५/०२

स्वर्गारोहण: २०७८/०२/११

**स्व. कृष्णप्रसाद दाहाल**

**गणेश हिमाल क्याम्पस र धादिङ बोर्डिङ स्कुलका संस्थापक एवम् न्यु धादिङ बोर्डिङ स्कुलका अध्यक्ष तथा मानव अधिकारकर्मी र एन प्याब्सनका केन्द्रीय सदस्य श्री कृष्णप्रसाद दाहालको असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।**

अध्यक्ष एवम्
**गणेश हिमाल क्याम्पस परिवार**

अध्यक्ष एवम्
**धादिङ बोर्डिङ स्कुल परिवार**

प्रिन्सिपल एवम्
**न्यु धादिङ बोर्डिङ स्कुल परिवार**


# सेतीमा एक संक्रमितको मृत्यु

धनगढी (कास)- कैलालीको धनगढीस्थित सेती प्रादेशिक अस्पतालअन्तर्गतको कोभिड अस्पतालमा पछिल्लो २४ घण्टामा थप १ जनाको मृत्यु भएको छ । अस्पतालका सूचना अधिकारी दिलीप श्रेष्ठका अनुसार धनगढी-१३ का ८१ वर्षीय पुरुषको मृत्यु भएको हो । शनिबार दिउँसोसम्म अस्पतालमा ४९ जना संक्रमितको उपचार भइरहेको छ । पछिल्लो २४ घण्टामा २ जना नयाँ संक्रमित भर्ना भएका छन् । सेतीकै पछिल्लो १ सय ८९ जनाको परीक्षणमा २२ जनामा कोरोना पुष्टि भएको छ । थपिएका संक्रमित धनगढी उपमहानगर क्षेत्रका ६ पुरुष र ३ महिला गरी ९ जना, कैलालीका अन्य पालिकाका १२ जना तथा अन्य जिल्लाका १ जना रहेको श्रेष्ठले बताए ।

# बेवारिसे बम निष्क्रिय

दार्चुला (कास)- जिल्ला सदरमुकाम खलंगास्थित खुलामञ्चमा बेवारिसे अवस्थामा फेला परेको बमलाई बिहीबार सेनाको डिस्पोजल टोलीले निष्क्रिय पारेको छ । मजदुरहरूले बेरिएको अवस्थामा शंकास्पद वस्तु फेला परेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरीले सेनाको गुरु गोरख गुल्मलाई खबर गरेपछि तत्काल सेनाको टोलीले निष्क्रिय पारेको प्रहरीले जनाएको छ । महाकाली-४ स्थित खुलामञ्चमा लुकाई राखेको अवस्थामा पाइप बम फेला परेको प्रहरीले जनाएको छ । कालो प्लास्टिकको सामानभित्र लुकाइछिपाइ राखेको अवस्थामा पाइप बम फेला परेको हो ।